पुस - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष ३२, अङ्क १८ | **२०८० पुस १६-२९** | पूर्णाङ्क ७५६





प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री अविधान सापकोटा
शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | १३ |
| इजलास नं. २ | १० |
| इजलास नं. ४ | १० |
| इजलास नं. ५ | १५ |
| **जम्मा** | **४८** |

| | |
|---|---|
| इजलास नं. ७ | ४ |
| इजलास नं. ९ | १० |
| इजलास नं. १० | ८ |
| **जम्मा** | **२२** |

**कूल जम्मा ४८ + २२ = ७०**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ। यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, पुस – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं. १** | | | **१ - १०** |
| १. | मानाचामल | साधुराम खतिवडा वि. शान्तिकुमारी रेग्मी खतिवडा | १ |
| २. | जग्गा खिचोला चलन | रामपरिदेवी कोइरी वि. अनिलकुमार झा | १ |
| ३. | भत्काई खिचोला मेटाइपाऊँ | धनबहादुर श्रेष्ठसमेत वि. आशामाया गोर्खालीसमेत | २ |
| ४. | अष्टलोह शेषपछिको बकसपत्र बदर गरिपाऊँ | टेकबहादुर राई वि. ज्योती बरई | २ |
| ५. | परमादेश | रितेश पौडेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत | ३ |
| ६. | अंश | प्रकाश प्रधानसमेत वि. लाली प्रधानसमेत | ४ |
| ७. | हर्जाना क्षतिपूर्ति रकम दिलाइपाऊँ | विष्णुबहादुर राई दनुवार वि. कटारी अस्पताल, उदयपुरसमेत | ५ |
| ८. | बन्द गरेको सार्वजनिक कुलो खुलाइपाऊँ | चेतबहादुर कार्की वि. गुरूबहादुर खत्री | ५ |
| ९. | उत्प्रेषणसमेत | नरेशकुमार पन्धाक वि. उच्च अदालत, विराटनगरसमेत | ६ |
| १०. | वैदेशिक रोजगार कसुर | अर्जुन थापा मगर वि. नेपाल सरकार | ७ |
| ११. | जबरजस्ती करणी | सिकिन्दर राय यादव वि. नेपाल सरकार | ८ |
| १२. | उत्प्रेषणसमेत | मचाकाजी महर्जनसमेत वि. काठमाडौं जिल्ला अदालतसमेत | ८ |
| १३. | उत्प्रेषणसमेत | दलबहादुर थापा वि. माननीय गृहमन्त्री नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ९ |
| **इजलास नं.२** | | | **१० - १८** |
| १४. | उत्प्रेषण | रामप्रसाद घले वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | १० |
| १५. | उत्प्रेषणसमेत | रामप्रसाद घले वि. नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत | ११ |
| १६. | उत्प्रेषणसमेत | रामप्रसाद घले वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ११ |
| १७. | दर्ता बदर गरी हक कायम | कृष्णबहादुर सिंह वि. बलबहादुर दमाईसमेत | १२ |

| | | | |
|---|---|---|---|
| १८. | उत्प्रेषणयुक्त परमादेश | रामजीप्रसाद धिताल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | १३ |
| १९. | दर्ता खारेज तथा शैक्षिक कार्यक्रमहरूको आधिकारिकता समेत | बिर्खबहादुर रावल वि. सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग, काठमाडौंसमेत | १३ |
| २०. | मिलापत्र बदर लिखत दर्ता बदर दर्ता | विणादेवी वि. रघुनाथ साहसमेत | १४ |
| २१. | अंश दर्ता | गणेश पासवान वि. राजेन्द्र पासवानसमेत | १५ |
| २२. | बन्दी प्रत्यक्षीकरण | अनिता थापा भण्डारी वि. खेमबहादुर भण्डारीसमेत | १६ |
| २३. | टिप्पणी आदेश बदर दर्तासमेत | बासुदेव मुखिया विन वि. प्रहलाद पंडित कुम्हाल | १७ |
| **इजलास नं. ४** | | | **१८ – २६** |
| २४. | सवारी ज्यान | नेपाल सरकार वि. रामबहादुर विश्वकर्मासमेत | १८ |
| २५. | बन्दी प्रत्यक्षीकरण | रमेशबहादुर नेपाली वि. कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौंसमेत | १९ |
| २६. | जबरजस्ती करणी | रामदत्त रानासमेत वि. नेपाल सरकार | २० |
| २७. | परमादेशसमेत | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालय, काठमाडौंसमेत वि. श्यामकृष्ण चन्द्यो श्रेष्ठसमेत | २१ |
| २८. | बन्दी प्रत्यक्षीकरण | लक्ष्मीप्रसाद मैनाली वि. वैदेशिक रोजगार न्यायाधिकरण बबरमहल काठमाडौंसमेत | २२ |
| २९. | किर्ते जालसाजी | जयपतिया लोहारिन भन्ने जंगपतिया देवी लोहारिन वि. सुखल असारी धोबी | २२ |
| ३०. | दूषित लिखत बदर | जयपतिया लोहारिन भन्ने जंगपतियादेवी लोहारिन वि. सुखल अंसारी धोबी | २३ |
| ३१. | बन्दी प्रत्यक्षीकरण | सूर्यप्रसाद प्रसाई वि. उच्च अदालत पाटनसमेत | २४ |
| ३२. | जबरजस्ती करणी कसुर | नेपाल सरकार वि. मिलन शाह | २५ |
| ३३. | फैसला बदर | अरविन्दकुमार बर्मासमेत वि. साकुन साई | २५ |
| **इजलास नं.५** | | | **२६ – ४२** |
| ३४. | डाँका चोरी | धर्म सिंह वि.क. भन्ने धरम सिंह लोहार वि. नेपाल सरकार, शंकरबहादुर खड्कासमेत वि. नेपाल सरकार | २६ |

| | | | |
|---|---|---|---|
| ३५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अम्मरबहादुर वि.क. समेत | २७ |
| ३६. | बैंकिङ कसुर | वर्षा कार्की थापा वि. नेपाल सरकार | २८ |
| ३७. | भ्रष्टाचार (घुस / रिसवत) | रेशम आचार्य वि. नेपाल सरकार | २८ |
| ३८. | बन्दी प्रत्यक्षीकरण | प्रतिक चन्द वि. जिल्ला प्रहरी कार्यालय, सिराहासमेत | २९ |
| ३९. | उत्प्रेषणयुक्त परमादेशसमेत | दिपीन्ती कार्की कोइराला वि. ज्योती शाहसमेत | ३० |
| ४०. | भ्रष्टाचार (घुस / रिसवत) | दिनेश श्रेष्ठ वि. नेपाल सरकार | ३१ |
| ४१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजन मुक्ति भन्ने संजित झा, नेपाल सरकार वि. रौकी भन्ने शिवकुमार ठाकुरसमेत | ३२ |
| ४२. | शेषपछिको बकसपत्रको लिखत बदर | सन्तोषकुमार बनिया वि. भागवत कमला पुरी बानिया | ३३ |
| ४३. | बन्दी प्रत्यक्षीकरण | दिनेशचन्द्र शर्मा वि. उच्च अदालत पाटन, हेटौंडा इजलास मकवानपुरसमेत | ३५ |
| ४४. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. प्रकाश भन्ने विजयप्रकाश राईसमेत | ३६ |
| ४५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जिब्रिल भन्ने मो. हजरत शेखसमेत | ३७ |
| ४६. | मूल्य अभिवृद्धि कर (कर अवधि २०६१ पौष, २०६३ आषाढ र मङ्सिर) | अमितकुमार बाजला वि. ठुला करदाता कार्यालय, हरिहर भवन, ललितपुर | ३८ |
| ४७. | अंश छोडपत्र लिखत बदर | रन्जीता पौडेल वि. साबित्री पोखरेल (नेपाल) | ३९ |
| ४८. | अपहरण गरी कर्तव्य ज्यान | शिवराज भट्ट वि. नेपाल सरकार, नेपाल सरकार वि. शिवराज भट्टसमेत | ४० |
| **इजलास नं. ७** | | | ४२ – ४७ |
| ४९. | बन्दी प्रत्यक्षीकरण | विष्णु पन्थी वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत | ४२ |
| ५०. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. शंकर देवान | ४३ |
| ५१. | निषेधाज्ञा परमादेश | योगनाथ पौडेल वि. सुनिलकुमार शर्मा | ४४ |
| ५२. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. लक्ष्मण वि.क. समेत, सलिम इद्रिसी वि. नेपाल सरकार | ४५ |
| **इजलास नं. ९** | | | ४७ – ५७ |
| ५३. | बन्दी प्रत्यक्षीकरण समेत | गोमा अधिकारी वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४७ |
| ५४. | आयकर (०६५।०६६) | शंकरप्रसाद खरेल वि. शेखर गोल्छा | ४८ |
| ५५. | बन्दी प्रत्यक्षीकरण | नवलकिशोर साह वि. संखुवासभा जिल्ला अदालतसमेत | ४९ |

| | | | |
|---|---|---|---|
| ५६. | बन्दी प्रत्यक्षीकरण | नवल किशोर साह वि. पर्सा जिल्ला अदालतसमेत | ५० |
| ५७. | कर्तव्य ज्यान | नरबहादुर लामा (तामाङ) वि. नेपाल सरकार, नेपाल सरकार वि. कृष्णकाजी श्रेष्ठसमेत | ५० |
| ५८. | बन्दी प्रत्यक्षीकरण | निमा छिरिङ तामाङ वि. देवकी थापासमेत | ५२ |
| ५९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजकुमार खवास, राज कुमार खवास वि. नेपाल सरकार | ५३ |
| ६०. | बकसपत्र लिखत बदर, दर्ता बदर, दर्ता कायम | गिरीशप्रसाद पोखरेल वि. सुशीला ओझा (पोखरेल) समेत | ५४ |
| ६१. | ज्यान मार्ने उद्योग | सत्यनारायण यादव वि. नेपाल सरकार, रामबाबु यादव वि. नेपाल सरकार, हरेराम यादव वि. नेपाल सरकार, विसम्बर यादव वि. नेपाल सरकार | ५५ |
| ६२. | बन्दी प्रत्यक्षीकरण | शोभाकान्त ढकाल वि. विशेष अदालत, बबरमहल, काठमाडौं | ५६ |

| **इजलास नं.१०** | | | **५७ – ६४** |
|---|---|---|---|
| ६३. | उत्प्रेषण | पुरूषोत्तम रेग्मीसमेत वि. त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खु, काठमाडौं | ५७ |
| ६४. | उत्प्रेषण | सोनालाल सहनी वि. जिल्ला प्रहरी कार्यालय, बारासमेत | ५८ |
| ६५. | लागु औषध (खैरो हेरोइन) | मदनकुमार बोहरा वि. नेपाल सरकार, नेपाल सरकार वि. सलमान अन्सारी | ५९ |
| ६६. | जग्गा निखनाइपाऊँ | शिवकुमार यादव वि. दयावती यादव | ६० |
| ६७. | उत्प्रेषण मिश्रित परमादेश | सीता पोखरेल अधिकारी वि. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजनासमेत | ६१ |
| ६८. | वैदेशिक रोजगार कसुर | कृष्ण गिरी वि. नेपाल सरकार | ६२ |
| ६९. | वैदेशिक रोजगार कसुर | यामबहादुर गुरूङ वि. नेपाल सरकार | ६३ |
| ७०. | सरकारी छाप दस्तखत किर्ते | आशिष कार्की वि. नेपाल सरकार | ६४ |

## इजलास नं. १

### १

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** *०७४-CI-१२७३, मानाचामल, साधुराम खतिवडा वि. शान्तिकुमारी रेग्मी खतिवडा*

पत्नीलाई इज्जत आमदअनुसार खान लाउन दिनुपर्ने कानूनी दायित्व पतिको हुन्छ । तर पतिले सो दायित्व वहन नगरेमा निजको आर्थिक हैसियतका आधारमा पत्नीले खान लाउनका लागि मानाचामल माग गर्न पाउने नै हुन्छ । प्रतिवादीले वादीलाई घर किनिदिएको भन्ने आधारमा मात्र मानचामल भराउनु नपर्ने भन्न मिल्दैन । यसकारण वादीको दाबी अनुसार निजले आफ्नो भाग अंश नछुट्टाएसम्म प्रतिवादीबाट मानाचामल भराइलिन पाउने नै देखिन्छ । साथै, सोही लगाउको अंश मुद्दामा निज प्रतिवादीले पेस गरेको तायदाती फाँटवारी अनुसार निज प्रतिवादीको आर्थिक हैसियतलाई विचार गरी मासिक रू.७,५००।– मानाचामल खर्च वादीलाई भराउनुपर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

अतः वादीले प्रतिवादीबाट आफ्नो भाग अंश नछुट्टाएसम्म मासिक रू.७,५००।– का दरले मानाचामलबापतको खर्च भराइपाउने भनी सुरू मकवानपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७४।१०।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : लिलाधर सुवेदी/मनिता गुरूङ
कम्प्युटर अपरेटर : विकेश गुरागाईं
इति संवत् २०७९ साल मङ्सिर १८ गते रोज १ शुभम् ।

### २

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७१-CI-०१२६, जग्गा खिचोला चलन, रामपरिदेवी कोइरी वि. अनिलकुमार झा*

वादीका परदाता शिवप्रसादले सुरूमा जग्गा खरिद गरी कित्ताकाट गर्दा जग्गाको स्रेस्ताअनुरूपको कित्ताकाट नगरी कम क्षेत्रफल कित्ताकाट गरी लिएको अवस्थामा सो घटी भएको क्षेत्रफल जग्गाको यी प्रत्यर्थी वादीले खरिद गर्दा पनि स्रेस्ताअनुरूपको कित्ताकाट नगरी घटी कित्ताकाट गरी खरिद गरेको अवस्था एकातिर रहेको पाइन्छ । प्रत्यर्थी वादी सुरू जिल्ला अदालतमा नक्सा त्रुटि सच्याइपाउँ वा संशोधन गरिपाउँ भनी अदालत प्रवेश नगरी सँधियारउपर खिचोला मुद्दा दायर भएको पाइयो । प्रत्यर्थी वादीको दाबीको जग्गा टायल चेकअनुरूप नै रहेको भनी नाप नक्सा मुचुल्का तथा अमिनको प्रतिवेदनसमेतबाट देखिएको अवस्थामा जग्गाको स्रेस्ताअनुरूपको जग्गा घटी भएको भनी दाबीलाई न्यायोचित मान्न सकिने अवस्था नहुने ।

वादीको नाममा दर्ता रहेको कि.नं. २६४३ को जग्गाको क्षेत्रफल टायल चेक हुँदा ०-०-११३/४ जग्गा रहेको भन्ने नापी कार्यालय महोत्तरीको पत्रबाट देखिएको अवस्थाका साथै सो जग्गाको टायल चेकबाट वादीको स्रेस्ताअनुसारको क्षेत्रफल नभई नरघटी रहेको भन्ने उल्लेख भई अदालतको आदेशानुसार भएको नक्सा मुचुल्कामा पनि टायल चेकबाट देखाइए अनुसार करिब सोहीबमोजिमकै क्षेत्रफल फिल्डमा रहेको देखिएको अवस्था छ । यसरी प्रस्तुत मुद्दाका प्रत्यर्थी वादीको जग्गाको स्रेस्ता जग्गाधनी दर्ता प्रमाण पुर्जा अनुसारको जग्गा टायल चेकबाट पनि कम रहेको तथा फिल्डमा चेक गरिँदा पनि कम रहेको पाइने ।

यसर्थ सुरू महोत्तरी जिल्ला अदालतको आदेशानुसार भइआएको नक्सा मुचुल्कामा नापी

कार्यालय महोत्तरीको पत्रानुसारको क्षेत्रफल पुगिरहेको देखिँदा वादी दाबीबमोजिम प्रतिवादीले जग्गा खिचोला गरेको ठहर गरी भएको तत्कालीन पुनरावेदन अदालत जनकपुरको मिति २०७०।११।१२ को फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने गरी भएको सुरू महोत्तरी जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत :- इन्द्रबहादुर कठायत र भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाईँ

इति संवत् २०७९ साल भदौ १६ गते रोज ०५ शुभम्।

- यसै लगाउका ०७१-CI-०१२५, लिखित खिचोला पर्खाल पिलर घर उठाई चलनसमेत चलाइपाउँ भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७१-CI-०७७१, घर भत्काई खिचोला मेटाइपाऊँ, धनबहादुर श्रेष्ठसमेत वि. आशामाया गोर्खालीसमेत*

आफ्नो कुनै हक नलाग्ने विवादित कि.नं. १०१ को जग्गामा प्रतिवादी भीमबहादुर श्रेष्ठले पक्की घरलगायतका संरचना निर्माण गरेकोमा हाल विवादित घरहरूमध्ये कच्ची घरहरू भत्किई पक्की घर मात्र रहेको भनी पुनरावेदक प्रतिवादीका कानून व्यवसायीले बहसको सिलसिलामा उल्लेख गर्नुभएको र सो कि.नं.१०१ को जग्गा मोही र जग्गाधनीका बिचमा बाँडफाँटको लागि प्रत्यर्थी वादीले भूमि सुधार कार्यालयमा निवेदनसमेत दिएको भनी प्रत्यर्थीका कानून व्यवसायीले बहसको सिलसिलामा इजलासमा उल्लेख गर्नुभएको छ। यसरी मोही र जग्गाधनीका बिचमा जग्गाको बाँडफाँटको सन्दर्भमा वास्तविक मोहीले के कहाँबाट आधा जग्गा प्राप्त गर्ने हो, उक्त विवादित पक्की घर प्रतिवादी भीमबहादुर श्रेष्ठ बसेको घर जग्गातर्फबाट लिई निज भीमबहादुर श्रेष्ठलाई हक हस्तान्तरण गर्ने स्थिति रहन जाने अवस्था रहिरहेको पाइन्छ। मोही बाँडफाँटको विषयमा जग्गाधनी र मोहीका बिचमा विवादित घरतर्फ मोहीलाई नै पर्ने गरी बन्डा गर्नु विचारणीय हुन सक्ने र न्यायोचित पनि हुने हुँदा सोतर्फ दुवै पक्षले उपर्युक्त विकल्प खोज्नुपर्ने अवस्था रहिरहेकै देखिन्छ। तत्काल सो पक्की घर मोही बाँडफाँट नभएसम्म माथि उल्लेख भएबमोजिम मोही बाँडफाँटमा जग्गाधनी र मोहीबिच समझदारी कायम गर्नुपर्ने अवस्था रहिरहेकै देखिने।

तर विवादित मुद्दाका सन्दर्भमा मोहीबाहेकका अन्य व्यक्तिले विनाप्रमाण अर्काको जग्गामा घर बनाएको कार्यलाई साबिक मुलुकी ऐन, घर बनाउनेको महलबमोजिम जग्गाधनीको सहमति मन्जुरीबिना बनाएको घर कानूनसङ्गत मान्न सकिने अवस्था रहँदैन। जग्गाधनी र मोहीका बिचमा जग्गा बाँडफाँट हुने स्थितिलाई समेत निस्तेज हुने गरी बनाएका संरचनाहरू भत्काई चलन चलाईदिने गरी भएको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, वादी दाबीबमोजिम विवादित कि.नं.१०१ मा जग्गाधनीको मन्जुरीबेगर मिति २०६४।८।१० मा भइआएको नक्सामा देखिएका घरहरू हटाई खिचोला मेटाई चलन चलाइदिने गरी भएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।२।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत, भेषराज भट्टराई

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भाद्र १६ गते रोज ५ शुभम्।

**४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७६-CI-०८३७, अष्टलोह शेषपछिको बकसपत्र बदर गरिपाऊँ, टेकबहादुर राई वि. ज्योती बरई*

स्व. बलबहादुर राई र निजको छोरा टेकबहादुर राई अंश लिई भिन्न भएको नदेखिएको अवस्थामा निज टेकबहादुर राई र निजका स्व. पिता बलबहादुर राई २ अंशियार देखिँदा सो सम्पत्तिमा निजको १ भाग अंश हक रहेको देखियो । यस अवस्थामा निज टेकबहादुर राईले के कुन सम्पत्तिबाट अंश हक पाउने भन्ने सम्बन्धमा हेर्दा निजले अंश प्राप्त गरी नसकेको अवस्थामा आफ्ना बुबासमेतले अंश मुद्दा गरी अंश पाउने ठहरी भएको सम्पत्तिहरूमा नै निजको अंश हक लाग्ने देखिएकाले निजको अंश हक मर्ने गरी निजका पिताले गरिदिएको अष्टलोहको कागज सो हदसम्म बदरभागी देखियो । यस्तो अवस्थामा स्व. बलबहादुर राईले निजका छोरा पुनरावेदक वादी टेकबहादुर राइको मन्जुरी लिनुपर्नेमा निज टेकबहादुर राइको मन्जुरी नलिई भएको विवादित र.नं. १२५०ग मिति २०६८।७।७ को लिखत सम्पूर्ण बदर गर्ने गरी भएको सुरू इलाम जिल्ला अदालतको फैसला केही उल्टी गरी वादीको दाबीको अष्टलोहको लिखतमा बलबहादुर राइको अंश हकमा आउने सम्पत्तिबाट दुई भाग लगाई सोमध्ये १ भाग वादी टेकबहादुरको छुट्याई बाँकी रहने १ भागबाट आधा भागसम्मको हकको लिखत सदर गर्ने गरी भएको उच्च अदालत विराटनगर इलाम इजलासको फैसला मिलेकै देखिने ।

अष्टलोह गरिदिने बलबहादुर राईको नाममा हुन आउने अंश हकको सम्पत्तिमध्येबाट फिरादी टेकबहादुर राईको मन्जुरी नलिई बलबहादुर राईको २ जना छोरी ज्योती र अन्जलीलाई अष्टलोह गरी लिखत पारित भएकोमा उक्त लिखत फिरादी टेकबहादुर राईको हकमा २ भागको १ भाग बदर हुने र प्रतिवादीमध्येकी अन्जली राईले सुरू इलाम जिल्ला अदालतले गरेको फैसलाउपर पुनरावेदन परेको नदेखिँदा बकसपत्र बदर गर्ने गरी भएको सुरूको फैसला सदर हुने र ज्योती बरईको हकमा सुरू इलाम जिल्ला अदालतको फैसला केही उल्टी भई दाबीको अष्टलोहको लिखतमा बलबहादुर राईको अंश भागमा आउने सम्पत्तिबाट २ भागको १ भागबाट आधा भागसम्मको हक ज्योती बरईको कायम हुने भई सो हदसम्मको लिखत सदर हुने ठहऱ्याई भएको उच्च अदालत विराटनगर इलाम इजलासको मिति २०७६।५।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाईँ

इति संवत् २०७९ साल भदौ १५ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७६-CI-०८३८, दर्ता फोर गरी अपुताली हक कायम गरी दा.खा. नामसारी, गणेश राई थुलुङ वि. ज्योती बरई
- ०७६-CI-०८३९, दर्ता फोर गरी अपुताली हक कायम गरी दा.खा. नामसारी, गणेश राई थुलुङ वि. ज्योती बरई

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-WO-०७८०, परमादेश, रितेश पौडेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत*

नेपालको संविधानको धारा ३५ को उपधारा (१) मा "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन" भन्ने मौलिक हकको व्यवस्था भएको पाइन्छ । संविधानको धारा ३५ मा भएको स्वास्थ्यसम्बन्धी मौलिक हकको कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच पुऱ्याउनका लागि जनस्वास्थ्य सेवा ऐन, २०७५ कार्यान्वयन हुनुका साथै नेपाल सरकारको मिति २०७६।१०।२७ को निर्णयबमोजिम चिनमा रहेका नेपाली नागरिकहरूलाई

मिति २०७६।११।०३ मा हवाई चार्टर गरी स्वदेश फिर्ता ल्याई क्वारेन्टाइनमा राखी स्वास्थ्य परीक्षण हुँदा कोरोना भाइरस (कोभिड-१९) बाट सङ्क्रमित नपाइएको हुँदा आ-आफ्नो घर गइसकेको भन्नेसमेत लिखित जवाफबाट देखिने।

अतः निवेदकको निवेदन मागबमोजिम चिनमा अध्ययनका लागि रहेका विद्यार्थीहरू र अन्य प्रयोजनका लागि रहेका नेपाली नागरिकहरूलाई नेपाल सरकारले हवाई चार्टर गरी नेपाल फिर्ता ल्याई क्वारेन्टाइनमा राखी स्वास्थ्य परीक्षणसमेत गरी आ-आफ्नो घरमा गइसकेको हुँदा निवेदकले जिकिर लिएको विषयवस्तुको औचित्यसमेत समाप्त भइसकेकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : निरज पोखरेल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल आषाढ २० गते रोज २ शुभम्।

## ६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CI-०२३७, अंश, प्रकाश प्रधानसमेत वि. लाली प्रधानसमेत*

प्रतिवादी प्रकाश प्रधानले पेस गरेको तायदाती फाँटवारी हेर्दा, निज प्रकाश प्रधानको नाममा दर्ता रहेको दोलखा जिल्ला, भीमेश्वर नगरपालिका, वडा नं. १ अन्तर्गतको कि.नं. २४१५, २४१६, ६०७९, ६०८१ र ६०८६ बन्डा लाग्ने सम्पत्ति भनी पेस गरेको देखिन्छ। सोबाहेक निजको नाममा रहेको दोलखा जिल्ला, भिमेश्वर नगरपालिका, वडा नं. १ अन्तर्गतको कि.नं. १९९३, ४०६८, ४०७०, वडा नं. २ अन्तर्गतको कि.नं. ४९४, ४९५, ८१०, वडा नं. ४ अन्तर्गतको कि.नं. १८४०, १८४१, १८४३ जग्गा बन्डा नलाग्ने सम्पत्ति भनी पेस गरेको देखिन्छ। साथै, निज प्रकाश प्रधानको नाममा माउन्ट भ्याली एकेडेमीको ४५०० कित्ता सेयर र हिम्स कलेज एकेडेमीको ४९२० कित्ता सेयरसमेत बन्डा नलाग्ने सम्पत्ति रहेको भनी उल्लेख गरेको देखिने।

प्रतिवादी प्रकाश प्रधानले उक्त बन्डा नलाग्ने सम्पत्तिहरू निजको कान्छी श्रीमती सकिला प्रधानको माइतीबाट ल्याएको सम्पत्तिलाई नै लगानी गरी बढे बढाएको हुँदा वादीहरूसँग बन्डा नहुने निजी आर्जनको सम्पत्ति भएको भनी जिकिर लिएको सम्बन्धमा निजहरूले सो जिकिर पुष्टि हुने कुनै वस्तुगत प्रमाण पेस गरी मिसिल सामेल राखेको देखिएन। बाबु आमाले जुनसुकै स्रोतबाट आर्जन गरेको सम्पत्ति भए पनि निजको छोराछोरीको लागि सो सम्पत्ति पैतृक सम्पत्ति नै हुने हुन्छ। त्यसैगरी, वादी प्रतिवादीहरूबिच अंशबन्डा नभई निजहरू एकासगोलमा बसेको अवस्थामा मूल पुरुष प्रकाश प्रधानले आर्जन गरेको सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६ को व्यवस्था अनुसार सगोलको सम्पत्ति नै मान्नुपर्ने हुन्छ। यस अवस्थामा तायदातीमा उल्लिखित प्रतिवादी प्रकाश प्रधानको नाममा रहेको जग्गा तथा सेयरलगायतका सम्पत्ति वादीहरूसमेतको हकमा पैतृक सम्पत्ति देखिँदा यी वादीहरूले ७ भागको ३ भाग अंश पाउने भनी सुरू दोलखा जिल्ला अदालतबाट भएको फैसलालाई नै सदर गरी उच्च अदालत, पाटनबाट भएको फैसला मनासिब देखिने।

बन्डा गर्नुपर्ने ऋण भनी प्रतिवादी प्रकाश प्रधानले नबिल बैंकबाट लिएको रू.५०,००,०००।– ज्ञानेन्द्र खड्काबाट लिएको रू.२०,००,०००।– र सरस्वती कुसुलेबाट लिएको रू.७,८०,५८५।– रकम तायदाती फाँटवारीमा उल्लेख गरेको देखिन्छ। सो ऋणहरूमध्ये संस्थागत रूपमा लिएको नबिल बैंकको ऋण सो बैंकको स्टेटमेन्टबमोजिम तिर्न बाँकी रू.४१,४१,३४१।५९ रहेको देखिँदा अंश पाउने अवस्था भएपछि सगोलमा रहँदाको अवस्थामा लिएको उक्त ऋण पनि बन्डा हुने नै देखिन्छ। सुरू दोलखा जिल्ला अदालतले संस्थागत ऋणको सम्बन्धमा बाँकी रहेको रकम वादीहरूले पनि तिर्नुपर्ने भनी उल्लेख

नगरी निश्चित रकम मात्र तिर्नुपर्ने भनी गरेको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भई संस्थागत ऋणको हकमा फैसला कार्यान्वयनका अवस्थामा तिर्न बाँकी ऋण रकम वादीहरूले समेत तिर्नुपर्ने भनी उच्च अदालत पाटनबाट भएको फैसलामा उल्लेख भएकै देखिँदा सो फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः तायदाती फाँटवारीमा उल्लेख सम्पत्तिबाट विवाह हुन बाँकी २ अंशियारको विवाह खर्च पर सारी बाँकी सम्पत्तिबाट वादीले ७ भागको ३ भाग अंश पाउने र ऋणको हकमा बैंकको ऋण बन्डा लाग्ने, व्यक्तिगत साहुबाट लिएको ऋणको सम्बन्धमा पछि साहुको नालेस परेको बखत ठहरेबमोजिम हुने भनी सुरू दोलखा जिल्ला अदालतबाट भएको फैसलामा प्रतिवादीको ऋण बन्डा छुट्याउँदाका अवस्थामा तिर्न बाँकी रहेको ऋण रकम वादीहरूले पनि तिर्नुपर्ने भनी उल्लेख नगरेको हदसम्म केही उल्टी भई फैसला कार्यान्वयनका अवस्थामा तिर्न बाँकी ऋण रकम वादीहरूले समेत तिर्नुपर्ने भनी उच्च अदालत, पाटनबाट मिति २०७६।०२।०३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरूङ
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०७९ साल जेठ ६ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CI-११६६, हर्जाना क्षतिपूर्ति रकम दिलाइपाऊँ, विष्णुबहादुर राई दनुवार वि. कटारी अस्पताल, उदयपुरसमेत*

उदयपुर जिल्ला अदालतबाट मिति २०६९।०८।२५ मा भएको नक्सा मुचुल्का हेर्दा, कटारी अस्पतालभित्र पस्ने सडक १५ मिटर रहेको जनिएको र उक्त अस्पतालको गेटअगाडिको सडकको जगगामा वादीले घर टहरा निर्माण गरी औषधी पसललाई भाडामा दिएको देखिएबाट सो नक्साबमोजिम सार्वजनिक बाटोमा रहेको यी वादीको घर टहरामा निजको हक स्वामित्व रहेको भन्न नमिल्ने।

प्रतिवादी कटारी अस्पतालभित्र जाने सडक १५ मिटर जनिएकोमा उक्त अस्पतालको गेटअगाडिको सडकमा उत्तरतर्फ यी वादीले घर टहरा निर्माण गरी औषधी पसललाई भाडामा दिएको देखिन्छ। प्रतिवादी अस्पतालसमेतले यी वादीलाई उक्त टहरा हटाउनेसम्बन्धी पटकपटक विभिन्न सूचनासमेत दिएको अवस्थामा वादीले अटेर गरेको हुँदा प्रतिवादीहरूबाट उक्त कार्य भएको देखिन्छ। साथै, प्रतिवादीहरूले यी वादीको हक स्थापित भएको निजी सम्पत्ति अतिक्रमण गरेको अवस्थासमेत नहुँदा वादीलाई क्षतिपूर्तिको हक नरहेको भनी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट भएको फैसला मनासिब नै देखिने।

अतः वादी विष्णुबहादुर राई दनुवारको नाउँमा दर्ता रहेको उदयपुर जिल्ला, साबिक कटारी गा.वि.स., वडा नं. ८ को हाल परिवर्तित कटारी न.पा., वडा नं. ७, कि.नं. ८४७ को ज.वि. ०-०-११/२ जगगामा रहेको घर टहरा प्रतिवादीले भत्काइदिएको हुँदा प्रतिवादीहरूबाट क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने भनी मिति २०७४।०७।१६ मा उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरूङ
कम्प्युटर : देबिमाया खतिवडा (देबिना)
इति संवत् २०७९ साल जेठ ६ गते रोज ६ शुभम्।

- यसै लगाउका ०७४-CI-११६७, हर्जाना क्षतिपूर्ति रकम दिलाइपाऊँ, परशुराम माझी वि. कटारी अस्पताल, उदयपुरसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१८७१, बन्द गरेको*

*सार्वजनिक कुलो खुलाइपाऊँ, चेतबहादुर कार्की वि. गुरूबहादुर खत्री*

मिसिल संलग्न रहेको मिति २०७०।११।१६ मा उदयपुर जिल्ला अदालतबाट भएको विवादित स्थानको नक्सा प्रकृति मुचुल्का अनुसार न.नं.३ मा वैजनाथ खोलाबाट माटेखोलामा पानी ल्याइएको विवादित कुलो हाल पुरिएको अवस्थामा रहेको जनिएको देखिन्छ र उक्त नक्सामा न.नं.३ को वैजनाथ खोलामाथि झोलुङ्गे पुल रहेको देखिन्छ। सो नक्सा मुचुल्का हुँदा प्रतिवादीले "...पुरानो मुहानलाई सारेको हो। नयाँ कुलोलाई शेरा कुलो, ठाडो कुलो, मूल कुलो, तित्रिबोटे कुलो, थापा मगर कुलो र विरौटा कुलोसमेतको मोहीले भत्काएका हुन्। मैले मात्र भत्काएको होइन..." भन्ने बेहोराको जिरह लेखाएको देखिने।

साबिकदेखि रहेको सार्वजनिक कुलोको मुहान सारेको र हाल कायम रहेको विवादित कुलो प्रतिवादीलगायतको व्यक्तिहरू मिलेर भत्काएको हुँदा हाल पुरिएको अवस्थामा रहेको तथ्य स्वीकारै गरी कुलोको अस्तित्व स्थापित भएको देखिन्छ । यस अवस्थामा साबिक मुलुकी ऐन, जग्गा आवाद गर्नेको महलको ३ नं. हेर्दा, "जग्गा आवाद गर्नालाई बाँझो वा आवादी जुनसुकै जग्गाबाट जोसुकैले पनि बाँध पैन कुलो बनाई पानी ल्याउनु हुन्छ रोक्न हुँदैन..." भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाअनुसार सार्वजनिक रूपमा प्रयोगमा रहेको कुलो भत्काएर बन्द गर्न मिल्ने अवस्था नहुँदा न.नं. ३ को विवादित बन्द भएको कुलो सार्वजनिक प्रयोगमा रहने गरी खुलाई यी वादीले चलनसमेत चलाइपाउने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मनासिब नै देखिने।

अतः उदयपुर जिल्ला, भलायाडाँडा गा.वि.स. र पञ्चावती गा.वि.स.को सिमानामा रहेको माटे खोला र बैजनाथ खोलाको दोभानबिचमा मुहान रहेको सार्वजनिक कुलो खुलाइपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने भनी सुरू उदयपुर जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी फिराद दाबीबमोजिम नाप नक्सा मुचुल्काको न.नं.३ को बन्द भएको विवादित कुलो सार्वजनिक प्रयोगमा रहने गरी खुलाई वादीले समेत चलन पाउने भनी तत्कालीन पुनरावेदन अदालत, राजविराजबाट मिति २०७२।०२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल जेठ ६ गते रोज ६ शुभम्।

९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुष्मालता माथेमा**, *०७५-WO-०३०८, उत्प्रेषणसमेत, नरेशकुमार पन्धाक वि. उच्च अदालत, विराटनगरसमेत*

रिट निवेदकबाट विपक्षी डम्बरकुमारी लिम्बुले बैनाको रकम भराइपाउने ठहरेको मिति २०७२।२।७ को सुनसरी जिल्ला अदालतको फैसला अन्तिम भइरहेको पाइयो । सो फैसला अनुसारको बिगो असुलीका क्रममा रिट निवेदकका नाउँको घर जग्गा लिलाम गर्ने गरी फैसला कार्यान्वयनको अन्तिम जिम्मेवारी रहेको सुनसरी जिल्ला अदालतबाट भएको जग्गाको पञ्चकिर्ते मूल्याङ्कनलगायतका काम कारबाहीलाई चुनौती दिएर यी रिट निवेदकले यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रवेश गरेको पाइयो । आफूले तिर्नु बुझाउनुपर्ने रकम तिर्नु बुझाउनुपर्ने होइन भन्ने कानूनी आधार समाप्त भएपछि फैसला अनुसारको रकम बुझाउने दायित्वबाट पन्छिन अदालतको प्रक्रियालाई पटकपटक कानूनी चुनौती दिएर अन्तिममा यस अदालतको असाधारण अधिकार क्षेत्र ग्रहण गरी रिटको माध्यमबाट यस अदालतसम्म प्रवेश गरेको पाइयो। सम्बन्धित मालपोत कार्यालयबाट तोकिएको न्यूनतम मूल्याङ्कनभन्दा केही बढी रकम कायम हुने गरी अदालतबाट विवादित जग्गाको पञ्चकिर्ते मूल्याङ्कन भएको र दुइपटक डाँक लिलाम

गर्दा पनि कसैले सकार नगरेपश्चात स्वयं वादीले नै डाँक लिलाम सकार गरेको अवस्थामा अदालतको प्रक्रियामा कानूनको गम्भीर त्रूटी नदेखिएको र रिट निवेदकको संविधान प्रदत्त हक अधिकारमा आघात परेको अवस्था पनि नदेखिने ।

माथि वर्णित आधार, कारणहरूसमेतबाट अदालतको फैसला अनुसार कानूनबमोजिम जायजात तायदात गरी पञ्चकिर्ते मूल्याङ्कन भई लेनदेनको बिगो भराउने क्रममा भएको मूल्याङ्कन तथा डाँक लिलामसमेतका कार्यहरूबाट निवेदकलाई नेपालको संविधान एवं प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकारमा आघात परेको वा कुनै हकबाट वञ्चित गरी अन्यायपूर्ण रूपमा कार्य भएको देखिँदैन । तसर्थ सुरू सुनसरी जिल्ला अदालतबाट भएको लिलामी मुचुल्का अनुसार भएको डाँक लिलाम मुचुल्कासमेतका काम कारबाही रीतपूर्वककै कानूनसङ्गत नै देखिँदा बदर गरिरहनुपरेन भनी सुरू सुनसरी जिल्ला अदालतबाट भएको मिति २०७४।९।७ को आदेश र सो आदेश रीतपूर्वककै भएकाले बदर गरिरहनुपरेन भनी उच्च अदालत विराटनगरबाट मिति २०७४।१२।२३ मा भएको आदेश र सोबमोजिम भएका कार्यहरूसमेत कानूनबमोजिमकै रहेको देखिँदा निवेदन मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : विकेश गुरागाईं

इति संवत् २०७९ साल भदौ १७ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-CR-०३१२, वैदेशिक रोजगार कसुर, अर्जुन थापा मगर वि. नेपाल सरकार*

जाहेरवाला निमा तामाङलाई वैदेशिक रोजगारीको लागि दक्षिण कोरिया मुलुकमा पठाइदिने भन्नेसमेतको बेहोरा उल्लेख गरी रू.४,७५,०००।- रकम बुझिलिई प्रतिवादी अर्जुन थापा मगरले गरिदिएको वैदेशिक रोजगारसम्बन्धी लिखत कागज मिसिल संलग्न रहेको र सो कागजका लिखत साक्षीसमेत रहेका निमा तामाङले जाहेरी दरखास्तसाथ पेस भएको वैदेशिक रोजगारसम्बन्धी लिखत कागजको साक्षी किनारामा भएको नाम, थर र सहीछाप मेरै हो । उक्त लिखत कागज मेरै उपस्थितिमा गरेको हो । प्रतिवादी अर्जुन थापा मगरले जाहेरवालालाई वैदेशिक रोजगारमा दक्षिण कोरिया मुलुक पठाइदिने भनी कागज गरी भनेबमोजिम दक्षिण कोरिया मुलुकमा नपठाएको हुनाले निज प्रतिवादीलाई कानूनबमोजिम सजाय गरी जाहेरवालाको बिगो र हर्जाना फिर्ता दिलाई भराइपाउँ भन्ने बेहोराको लिखतका साक्षी शेरबहादुर श्रेष्ठले बकपत्र गरेको पाइयो । उपर्युक्त कागजमा परेको सहीछाप दस्तखत मेरै हो । मैले करकापमा परी सो कागज गरेको हुँ भन्ने बेहोराको यी पुनरावेदक प्रतिवादीको बयान बेहोरा रहे पनि प्रस्तुत लिखत कागज बदर बातिल गराउन निजले कहीँकतै उजुर बाजुर गरेको नदेखिने ।

यस्तो अवस्थामा वैदेशिक रोजगार व्यवसायको कानूनबमोजिमको इजाजत पत्र नलिएका व्यक्ति यी प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारको लागि कोरिया पठाइदिने भनी लिखत कागज गरी रकम बुझी लिएको र निजलाई कागजबमोजिम विदेश पनि नपठाएको एवं रकमसमेत फिर्ता नगरेको देखिन्छ । सो लिखतलाई साधिकार निकायबाट बदर बातिल गराउनेतर्फ कुनै कारबाही नचलाएको अवस्थामा लिखत प्रमाण सर्वोत्तम प्रमाण हुने भन्ने प्रमाण कानूनको सर्वमान्य सिद्धान्तअनुरूप लिखत कागजबाटै निजको कार्य कसुरजन्य रहेको प्रस्ट देखिने ।

तसर्थ, उल्लिखित आधार, प्रमाणबाट यी पुनरावेदक प्रतिवादी अर्जुन थापा मगरले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ४३

बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपियाँ) जरिवाना तथा जाहेरवालाको बिगो र सोको ५०% ले हुने हर्जाना रकमसमेत यी प्रतिवादीबाट जाहेरवालाले भराइपाउने ठहरेको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७६।६।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भाद्र १९ गते रोज १ शुभम्।

- यसै लगाउका ०७७-CR-०३१२, वैदेशिक रोजगार कसुर, अर्जुन थापा मगर वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

११

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी**, *०७३-CR-०७६८, जबरजस्ती करणी, सिकिन्दर राय यादव वि. नेपाल सरकार*

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा निजउपर करणी भएको उल्लेख भई तत्काल पक्राउ परेका प्रतिवादी सिकिन्दर राय यादवको शारीरिक परीक्षणबाट पनि वीर्य स्खलन भएको बेहोरा तथा पीडितले वारदातको बखत लगाएको पेटीकोटमा भेटिएको वीर्यको रक्त समूह र प्रतिवादीको रक्त समूह एकै रहेको भन्ने केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको प्रतिवेदनसमेतले पीडितको मौकाको जाहेरी बेहोरा समर्थन भई यी प्रतिवादी कसुरदार पुष्टि भइरहेको अवस्थामा निजलाई बचाउ गर्ने नियतले अन्यथा भनी Hostile भई पीडितले गरेको बकपत्रलाई नै अकाट्य प्रमाणको रूपमा लिन नमिल्ने । घटनास्थलबाट जाहेरवालाको चप्पल बरामद भएको र निजले आफ्नो हो भनी सनाखतसमेत गरेका छन् । सो प्रमाणबाट जाहेरवाला वारदातस्थलमा रहेकी र वारदात घटना भएको भन्ने तथ्य पुष्टि हुन्छ। आफ्नै श्रीमान्ले कुटपिट गरी करणी गरेको हो, यी प्रतिवादीले जबरजस्ती करणी गरेको होइन भन्ने निज जाहेरवालाको बकपत्रमा सत्यता देखिएन । तसर्थ, पीडितले अदालतमा आई यी प्रतिवादीले करणी गरेको होइन भनी बकपत्र गरेकै आधारमा सफाइ दिलाइपाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादी सिकिन्दर राय यादवलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी पीडित (क) कुमारीलाई जबरजस्ती करणी गरेको कसुरमा कसुरदार पुष्टि भएको हुनाले निजलाई तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. बमोजिम ५ वर्ष कैद र ऐ. महलको १० नं. बमोजिम प्रतिवादीको अंशको आधा भाग जाहेरवालाले भराइपाउने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६६।०५।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास : मनिता गुरूङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७८ साल पुस १२ गते रोज २ शुभम्।

**१२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७८-WO-०१८९, उत्प्रेषणसमेत, मचाकाजी महर्जनसमेत वि. काठमाडौं जिल्ला अदालतसमेत*

निवेदकको दाबीको जग्गा काठमाडौं जिल्ला अदालतको पत्रानुसार रोक्का रहेको देखिन आएको अवस्था छ तर निवेदकले उल्लिखित जग्गा रोक्का फुकुवा माग गर्दा काठमाडौं जिल्ला अदालतबाट रोक्काको रेकर्ड नरहेको भनी रोक्का फुकुवा गर्न इन्कार गरेको देखिन्छ। तसर्थ, काठमाडौं जिल्ला अदालतको पत्रबाट रोक्का राखेको स्थितिमा रेकर्ड नरहेको हुँदा फुकुवा गर्न मिलेन भनी सोही जिल्ला अदालतबाट गरेको मिति २०७७।१०।०९ को आदेश र कुनै

आधार, कारण उल्लेखै नगरी सो आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७७।१२।१९ मा भएको आदेश कानूनसङ्गत नहुँदा ती आदेशहरू उत्प्रेषणको आदेशले बदर हुने देखिने।

भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजारबाट पेस हुनआएको लिखित जवाफ, जग्गाको स्रेस्ता उतारसमेतबाट निवेदनमा उल्लिखित जग्गा काठमाडौं जिल्ला अदालतको च.नं. ७११ मिति २०५८।०८।०५ को पत्रबाट रोक्का रहेको भनी स्पष्ट जनिएको देखिन आएको छ । यस अवस्थामा उल्लिखित पत्रानुसार रोक्का रहेको जग्गा रोक्का फुकुवा गरिपाउँ भनी हकवाला व्यक्तिको निवेदन परेपछि सो सम्बन्धमा उल्लिखित पत्रको प्रयोजन समाप्त भएको छ वा छैन यकिन हुनुपर्दछ अर्थात् उल्लिखित जग्गा रोक्का राखिरहनुपर्ने भए त्यसको औचित्य पुष्टि भएको हुनुपर्दछ। बिनाप्रयोजन व्यक्तिको आफ्नो हकको जग्गा अनन्त कालसम्म रोक्का राखिँदा निजको सम्पत्ति उपभोगको हकमा असर पर्ने हुन्छ । नेपालको संविधानको धारा २५ को उपधारा (१) मा, "प्रत्येक नागरिकलाई कानूनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने छ" भन्ने मौलिक हकको प्रावधान रहेको छ । उल्लिखित संवैधानिक प्रावधानले कुनै पनि नागरिकको सम्पत्तिको रूपमा रहेको जग्गालाई प्रयोजन नै नखुलेको अवस्थामा पनि अनन्तकालसम्म रोक्का राख्न निषेध गरेको पाइने।

अतः निवेदनमा उल्लिखित कि.नं. २०२९, २०३०, २०३१, २०३३, २०३४ समेतका जग्गा काठमाडौं जिल्ला अदालतको मिति २०५८।०८।०५ च.नं. ७११ को पत्रबाट रोक्का रहेको भनी जनिएको देखिँदा नागरिकको सम्पत्तिको रूपमा रहेको जग्गालाई प्रयोजन नै नखुलेको अवस्थामा पनि रोक्का फुकुवा गर्न मिलेन भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७७।१०।०९ मा भएको आदेश तथा सोही आदेश सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७७।१२।१९ मा भएको आदेशसमेत कानूनसम्मत नहुँदा उक्त आदेशसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब, उल्लिखित जग्गा के कुन बेहोराले रोक्का राखिएको हो यकिन गरी अन्य कारणले रोक्का राख्न नपर्ने भए तुरून्त फुकुवा गरिदिनु भनी विपक्षी काठमाडौं जिल्ला अदालतको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास : वसन्तप्रसाद मैनाली

कम्प्युटर : देबिमाया खतिवडा (देबिना) र राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ ११ गते रोज ४ शुभम्।

१३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०६९-WO-१४०७, उत्प्रेषणसमेत, दलबहादुर थापा वि. माननीय गृहमन्त्री नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

प्रस्तुत रिट निवेदनका निवेदकलाई गैरहाजिर रहेकोले हाजिर हुन जानु भनी मिति २०६२।०८।३० मा म्याद तामेल भएको छ। तत्पश्चात् पनि निज आफू कार्यरत कार्यालयमा उपस्थित भएको देखिँदैन। निजले मिति २०६२।०४।२७ गतेदेखि लामो अवधिसम्म पनि कार्यालयमा सम्पर्कमा नआएको हुँदा निजलाई मिति २०६२।०९।२० मा नोकरीबाट हटाएको देखिन्छ । नोकरीबाट हटाइएको निर्णयको जानकारी निवेदकका पिताले मिति २०६२।११।२ मा बुझेको देखिन्छ । सजायको सूचना पाएको मितिले ३५ दिनभित्र पुनरावेदन दिनुपर्ने व्यवस्था प्रहरी नियमावली, २०४९ को नियम ९२(४) मा रहेको पाइन्छ। सो अवधिभित्र निवेदकले पुनरावेदन दर्ता गराएको देखिँदैन । निवेदकलाई कार्यालयमा हाजिर हुन म्याद सूचना पठाइएको र निज सो म्यादभित्र कार्यालयमा सम्पर्क गर्न नगएको

अवस्थामा उक्त नियमको प्रतिबन्धात्मक वाक्यांश अनुसार निजउपर भएको कारबाही र सोउपरको गृह मन्त्रालयको निर्णयसमेत गैरकानूनी भन्ने निवेदकको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, रिट निवेदक लामो समयसम्म गैरहाजिर रहेकोले हाजिर हुन सूचना पठाएको, सोपश्चात् पनि निज कार्यालयमा सम्पर्कमा नआएको कारणले विभागीय कारबाही गरी प्रहरी महानिरीक्षकले मिति २०६२।०९।२० मा नोकरीबाट हटाउने गरी निर्णय गरेको र सो निर्णयउपर कानूनका म्यादभित्र निवेदकको पुनरावेदन नपरेको हुँदा हदम्याद नाघेको कारण पुनरावेदन खारेज गर्ने गरी मिति २०६९।०३।२७ मा गृह मन्त्रालयबाट भएको निर्णयसमेत कानूनअनुरूप भएको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास : शिवहरि पौडेल

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भदौ १९ गते रोज १ शुभम्।

## इजलास नं. २

### १४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०७६-WO-०४९३, उत्प्रेषण, रामप्रसाद घले वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

रिट निवेदकले जिल्ला लमजुङ साबिक बाँझाखेत गा.वि.स. वडा नं. १ को कि.नं. १४५१ क्षेत्रफल ५-१-०-२, कि.नं. २५९ को क्षेत्रफल ०-१२-१-३, ऐ. गा.वि.स वडा नं. ७ को कि.नं. ४१९ क्षेत्रफल १८-४-१-१ समेतका जग्गा दर्ताका लागि दाबी गरी रिट निवेदन गरेको देखियो । पटकपटक मालपोत कार्यालयमा लिखित निवेदन पेस गर्दा पनि जग्गा दर्ताको कार्य नभएको भन्ने निवेदकको जिकिर रहेको छ। जग्गा वन क्षेत्रभित्रको भएको, सामुदायिक वनलाई सो जग्गा मिति २०५४/३/२२ मा नै वन कार्यालयले स्थानीय उपभोक्तालाई कालिका सामुदायिक वनको रूपमा हस्तान्तरण गरेको र वन व्यवस्थापन कार्य-योजना क्रमशः मिति २०६१/३/१७, २०६६/२/१७, २०७१/२/२९ र २०७५/३/२२ मा गरी चार पटक नवीकरण भएको, छुट जग्गा दर्ताका लागि सिफारिस समिति गठन नभएकाले कारबाही प्रक्रिया नटुङ्गिएको भन्नेसमेत प्रत्यर्थीहरूको जिकिर रहेको पाइयो।

सरकारी वा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्न मिल्दैन। मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम सरकारी वा सार्वजनिक जग्गा कुनै व्यक्तिको नाममा दर्ता गरिएको रहेछ भने पनि त्यसले मान्यता पाउन सक्तैन । त्यस प्रकारको दर्ता जहिलेसुकै पनि बदर हुन सक्तछ । सार्वजनिक सम्पत्तिउपर व्यक्तिको कब्जा वा अतिक्रमण स्वीकार्य विषय बन्दैन। सरकारी वा सार्वजनिक जग्गा कुनै हालतमा पनि व्यक्तिको नाममा कायम रहन दिनु हुँदैन । सार्वजनिक सम्पत्ति सार्वजनिक नै कायम रहनुपर्दछ । तर यसको तात्पर्य व्यक्तिले निजी सम्पत्ति भनी दाबी गरेको अवस्थामा प्रमाणको उचित मूल्याङ्कन, परीक्षण र निर्णय नै नगरी लामो अवधिसम्म अनिर्णयको अवस्थामा रहनु पनि सुशासनको मान्यताअनुकूल हुँदैन । प्रमाणको मूल्याङ्कन गरी दर्ता गर्न हुने भए दर्ता गर्ने र दर्ता गर्न नमिल्ने भए आधार र कारण खुलाई सोही बेहोराको निर्णय गर्ने कर्तव्य सम्बन्धित निकायको हुन्छ । तर प्रस्तुत विवादको सन्दर्भमा हेर्दा त्यस प्रकारको कर्तव्य प्रत्यर्थीहरूले पूरा गरेको देखिएन । दर्ताका लागि निवेदकले माग गरेको लामो समयसम्म पनि कारबाही प्रक्रिया टुङ्गो नलगाई अनिर्णयकै अवस्थामा रहेको देखियो।

अत: यसमा निवेदकले दाबी गरेको विवादित तीन कित्ता जग्गा निज निवेदकको नाममा दर्ता हुने हो वा होइन भन्ने सम्बन्धमा निवेदकले उल्लेख

गरेका स्रेस्ता प्रमाण, साँध सँधियार, सम्बन्धित वन कार्यालय, उपभोक्ता समिति, स्थानीय सर्जमिन, कार्यालयमा रहेका स्रेस्ता प्रमाणलगायत जे जो प्रमाण बुझ्नुपर्छ बुझी, उक्त जग्गा सरकारी हो वा सार्वजनिक हो वा व्यक्तिको निजी हक पुग्ने जग्गा हो भन्ने कुरा यकिन गरी, कानूनबमोजिम अविलम्ब निर्णय गर्नु भनी मालपोत कार्यालय, लमजुङसमेतका प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भाद्र २१ रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई**, *०७७-WO-०२३५, उत्प्रेषणसमेत, रामप्रसाद घले वि. नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

रिट निवेदकले आफ्नो हकभोगको भनी दाबी गरेको कि.नं. १४५१, २५९ र ४१९ को जग्गा नापी कार्यालय लमजुङको नापी फिल्डबुकको विरहको महलमा क्रमशः पर्ती, धाप र बगर भनी उल्लेख भएको देखियो । सो जग्गा २०५४ सालमा नै वन कार्यालयले स्थानीय उपभोक्तालाई कालिका सामुदायिक वनको रूपमा हस्तान्तरण गरेको र वन व्यवस्थापन कार्य-योजनासमेत क्रमशः २०६१, २०६६, २०७१ र २०७५ सालमा गरी चार पटक नवीकरण भएको देखिन आयो । उक्त जग्गामा रिट निवेदकको हक स्वामित्व स्थापित भइसकेको अर्थात् निजजको नाममा जग्गा दर्ता भएको देखिन आएन । यही जग्गाको विषयमा निजै रिट निवेदकले दायर गरेको लगाउमा रहेको ०७६-WO-०४९३ को रिट निवेदनका सन्दर्भमा आज यसै इजलासबाट "निवेदकले दाबी गरेको विवादित तीन कित्ता जग्गा निज निवेदकको नाममा दर्ता हुने हो वा होइन भन्ने सम्बन्धमा निवेदकले उल्लेख गरेका स्रेस्ता प्रमाण, साँध सँधियार, सम्बन्धित वन कार्यालय, उपभोक्ता समिति, स्थानीय सर्जमिन, कार्यालयमा रहेका स्रेस्ता प्रमाणलगायत जे जो प्रमाण बुझ्नुपर्छ बुझी, उक्त जग्गा सरकारी हो वा सार्वजनिक हो वा व्यक्तिको निजी हक पुग्ने जग्गा हो भन्ने कुरा यकिन गरी, कानूनबमोजिम अविलम्ब निर्णय गर्नु भनी मालपोत कार्यालय, लमजुङसमेतका प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने" ठहरी आदेश जारी भएको छ । यसरी दर्ता हुने वा नहुने निर्णय नभएसम्म विवादास्पद अवस्थाको जग्गामा रिट निवेदकले अहिले नै कुनै प्रकारको निर्माण कार्य गर्न मिल्ने नदेखिने ।

अतः रिट निवेदकले दाबी गरेको विवादित जग्गा हाल कालिका सामुदायिक वनको रूपमा संरक्षण, व्यवस्थापन र उपयोग गर्ने गरी स्थानीय उपभोक्ताहरूलाई वन कार्यालयबाट हस्तान्तरण भएको देखिएको र जग्गाको दर्तासम्बन्धी कारबाही टुङ्गो नलागेसम्म यस प्रकारको जग्गामा रिट निवेदकले कुनै प्रकारको निर्माण कार्य गर्न नमिल्ने भएबाट निवेदन मागबमोजिम कुनै प्रकारको रिट आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : शारदा फुयाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भाद्र २१ रोज ३ शुभम् ।

**१६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई,** *०७७-WO-०३८७, उत्प्रेषणसमेत, रामप्रसाद घले वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदकले आफ्नो हकभोगको भनी दाबी गरेको कि.नं. १४५१, २५९ र ४१९ को जग्गा नापी कार्यालय लमजुङको नापी फिल्डबुकको विरहको महलमा क्रमशः पर्ती, धाप र बगर भनी उल्लेख भएको देखियो । सो जग्गा २०५४ सालमा नै वन कार्यालयले स्थानीय उपभोक्तालाई कालिका सामुदायिक वनको रूपमा हस्तान्तरण गरेको र वन व्यवस्थापन

कार्ययोजनासमेत क्रमशः २०६१, २०६६, २०७१, र २०७५ सालमा गरी चार पटक नवीकरण भएको देखिन आयो । उक्त जग्गामा रिट निवेदकको हक स्वामित्व स्थापित भइसकेको अर्थात् निजको नाममा जग्गा दर्ता भएको देखिन आएन । यही जग्गाको विषयमा निजै रिट निवेदकले दायर गरेको लगाउमा रहेको ०७६-WO-०४९३ को रिट निवेदनका सन्दर्भमा आज यसै इजलासबाट "निवेदकले दाबी गरेको विवादित तीन कित्ता जग्गा निज निवेदकको नाममा दर्ता हुने हो वा होइन भन्ने सम्बन्धमा निवेदकले उल्लेख गरेका स्रेस्ता प्रमाण, साँध सँधियार, सम्बन्धित वन कार्यालय, उपभोक्ता समिति, स्थानीय सर्जमिन, कार्यालयमा रहेका स्रेस्ता प्रमाणलगायत जे जो प्रमाण बुझ्नुपर्छ बुझी, उक्त जग्गा सरकारी हो वा सार्वजनिक हो वा व्यक्तिको निजी हक पुग्ने जग्गा हो भन्ने कुरा यकिन गरी, कानूनबमोजिम अविलम्ब निर्णय गर्नु भनी मालपोत कार्यालय, लमजुङसमेतका प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने" ठहरी आदेश जारी भएको छ । यसरी जग्गा दर्ता हुने वा नहुने निर्णय नै नभएको अवस्थाको विवादित जग्गामा निवेदकले कुनै निर्माण कार्य गरेको थियो र प्रत्यर्थीहरूले सो संरचना भत्काई नोक्सान पारेका हुन् भनी सम्झन मिल्ने कुनै वस्तुगत आधार पेस हुन आएको पाइएन । निवेदकको स्वामित्वको सम्पत्ति नोक्सान भएको स्थिति प्रमाणित भएको नदेखिएकाले निवेदकलाई कुनै क्षेतिपूर्ति भराइदिनुपर्ने अवस्था देखिएन ।

अतः रिट निवेदकले दाबी गरेको विवादित जग्गा हाल कालिका सामुदायिक वनको रूपमा संरक्षण, व्यवस्थापन र उपयोग गर्ने गरी स्थानीय उपभोक्ताहरूलाई वन कार्यालयबाट हस्तान्तरण भएको देखिएको र सो जग्गामा रिट निवेदकले कुनै प्रकारको भौतिक संरचना निर्माण गरेको तथ्यसमेत प्रमाणित अवस्थामा रहेको नदेखिएको हुँदा निवेदन मागबमोजिम क्षतिपूर्ति भराइदिने गरी कुनै प्रकारको रिट आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : शारदा फुयाल
कम्प्युटर : मन्दिरा रानाभाट
इति संवत् २०७९ साल भाद्र २१ रोज ३ शुभम् ।

**१७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-CI-०३४८, दर्ता बदर गरी हक कायम, कृष्णबहादुर सिंह वि. बलबहादुर दमाईसमेत*

वादीले दाबी गरेको जग्गामध्ये कि.नं. ६२ को जग्गा सम्बन्धमा पुनरावेदक वादी र प्रतिवादीमध्येका कृष्णबहादुर शाहीबिच मिति २०७८/१०/५ मा वादी दाबी छाडी मिलापत्र भएको देखिँदा सो हदमा अहिले विचार गरिरहन परेन ।

विवादित कि.नं. ६१ को क्षे.फ. ००९७० व.मि. प्रतिवादी बलबहादुर दमाईका नाममा नापी दर्ता गरिएको जग्गा सम्बन्धमा हेर्दा वि.सं. २०२७ सालमा वादीका बुबा अम्मरबहादुर सिंहले निज प्रतिवादीबाट रू. सात हजार पाँच सय बुझी प्रतिवादीलाई गरिदिएको घरसारी फार्से राजीनामाको आधार उक्त जग्गामा हक हुन आएको भनी प्रतिवादीले हकको स्रोत खुलाएको देखियो । सोही जग्गा २०४८ सालमा सर्भे नापी हुँदा बझाङ्ग भैरवनाथ गा.वि.स. वडा नं. १ भोटेचौर कि.नं. ६१ को क्षे.फ. ००९७० वर्गमिटर जग्गा प्रतिवादीका नाउँमा नापजाँच भई मिति २०४९/५/२ मा प्रतिवादी बलबहादुर दमाईका नाममा दर्ता गर्ने निर्णय भएको र उसै बखत जग्गाधनी पुर्जासमेत प्रदान गरिएको पाइयो । सो जग्गामा प्रतिवादी बलबहादुर दमाईले घरसमेत बनाई बसोबास गरी भोगचलन गरिआएको भन्ने देखिन्छ । सो तथ्य साक्षीको बकपत्रबाट पनि पुष्टि हुन आएको छ । यसरी लामो समयदेखि प्रतिवादीको भोगमा रहेको विवादित जग्गा प्रतिवादीले आफ्नो नाममा नापी गराई २०४९ सालमा दर्ता गरेको र २०५२ सालमा जग्गाधनी प्रमाणपुर्जासमेत प्राप्त गरेको अवस्थामा जग्गा नापजाँच ऐन, २०१९ को दफा ८(२)

को म्यादभित्र वादीले उजुर गरेको देखिएन । नापी दर्ता भएको करिब २४ वर्षपछि फिराद दायर गरेको पाइयो । कानूनले तोकेको म्यादभित्र वादीले कानूनी उपचार खोजेको नदेखिएको यस अवस्थामा फरक तथ्य र सन्दर्भमा प्रतिपादन भएको नजिरलाई आधार मानेर वादी दाबी ठहर गर्न मिल्ने स्थिति नदेखिने।

अतः परिणाममा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू बझाङ जिल्ला अदालतबाट मिति २०७३/७/१० मा भएको फैसला सदर गरेको उच्च अदालत दिपायलको मिति २०७५/३/१० को फैसला मनासिब र कानूनअनुकूल देखिँदा सदर हुने ठहर्छ । वादी केशवबहादुर सिंहको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : भेषराज कोइराला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल भदौ १४ गते रोज ३ शुभम्।

१८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०६९-WO-०८०७, उत्प्रेषणयुक्त परमादेश, रामजीप्रसाद धिताल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, काठमाडौंसमेत*

रिट निवेदक सहकारी संस्थाको दर्ता खारेज गर्ने गरी सहकारी विभागबाट मिति २०७०/११/२१ मा भएको निर्णय बदर भई जे जो बुझ्नुपर्छ बुझी सहकारी ऐन, २०४८ को दफा ३५ र ३६ बमोजिमको प्रक्रिया पूरा गरी पुन: निर्णयका लागि सहकारी विभागमा पठाउने गरी पुनरावेदन अदालतबाट मिति २०७३/२/२३ मा भएको फैसला सदर हुने ठहरी आज यसै इजलासबाट लगाउमा रहेको ०७३-CI-०५४१ को मुद्दामा फैसला भएको छ । परिणामत: विवादित संस्थाको सञ्चालन, दर्ता खारेजीलगायतका विवादित विषयमा सोही मुद्दाका सन्दर्भमा निरूपण हुनसक्ने नै देखिन्छ । यसरी न्यायिक प्रक्रियाबाट सहकारी विभागमा विचाराधीन हुन पुगेको विषयमा अहिले रिट क्षेत्राधिकारबाट हेर्नु मनासिब देखिँदैन । निवेदन मागबमोजिम विभिन्न बैंकका खाताहरू कसको हो ? खाता सञ्चालकहरू को हुन् ? निवेदकले विवादित खाता सञ्चालन गर्न पाउने नपाउने भन्नेजस्ता प्रश्नहरूको सोही सहकारी विभागमा विचाराधीन हुन पुगेको ०७३-CI-०५४१ को मुद्दाका सन्दर्भमा निरूपण हुन सक्ने नै देखिन्छ । बैंक खातामा जुन संस्थाको नाममा रकम रहेको हो, सोही संस्थाले उक्त रकम भुक्तानी पाउनु स्वाभाविक भएको हुँदा प्रक्रियासङ्गत रूपमा सो प्रश्नको समेत निरूपण हुने नै छ । उल्लिखित विवादको सन्दर्भमा नै निवेदकले उठाएका कानूनी प्रश्नहरूको निरूपण हुनसक्ने देखिएकाले अहिले कुनै प्रकारको रिट आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत : शैलेन्द्र खड्का

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल असोज २७ गते रोज ५ शुभम्।

१९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री कुमार रेग्मी,** *०७३-CI-०५४१, दर्ता खारेज तथा शैक्षिक कार्यक्रमहरूको आधिकारिकतासमेत, बिर्खबहादुर रावल वि. सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग, काठमाडौंसमेत*

सामुदायिक स्वास्थ्य इन्स्टिच्युट सहकारी संस्था लिमिटेडको दर्ता खारेजीसम्बन्धी विषयमा सहकारी विभागबाट भएको निर्णय बदर गरी पुन: निर्णय गर्नु भनी पुनरावेदन अदालतबाट भएको फैसलाउपर प्रस्तुत पुनरावेदन पर्न आएको देखियो । सहकारी ऐन, २०४८ को दफा ३५(क) (२), (३), (४) अनुसार कुनै संस्थाले सन्तोषजनक काम गरेको छैन वा व्यावसायिक कारोबार सन्तोषजनक रूपमा गरेको नदेखिएको अवस्थामा रजिस्ट्रार आफैँ गई वा कुनै अधिकारीलाई लिखित रूपमा अधिकार दिई सोधपुछ

गराउन सक्ने, सोधपुछ गर्दा मागेको जानकारी सो संस्था वा सङ्घको सम्बन्धित कर्मचारीले दिनुपर्ने, उक्त सोधपुछको परिणामको सूचना सङ्घ वा संस्थालाई लिखित रूपमा दिनुपर्ने देखिन्छ । प्रस्तुत विवादका सन्दर्भमा हेर्दा यस सहकारी संस्थाले गरेको काम सन्तोषजनक रूपमा नगरेको, नभएको भनी यकिन गर्ने सम्बन्धमा सहकारी ऐन, २०४८ को दफा ३५ र ३६ को अनुशरण गरी काम कारबाही र निर्णय गरेको पाइएन । सम्बन्धित संस्थालाई सुनुवाइको मनासिब अवसर दिएको पनि देखिँदैन । उक्त ऐनको दफा ३५(४) मा सङ्घ वा संस्थाले सन्तोषजनक रूपले कारोबार गरेको नदेखिएमा संस्था विघटन वा खारेजीको निर्णयमा पुग्नुभन्दा अघि संस्था वा सङ्घले आफ्नो कुरा राख्न पाउने गरी सुनुवाइको मौका दिनुपर्ने व्यवस्था रहेको देखिन्छ । यसका अतिरिक्त, सहकारी विभागबाट मिति २०७०/११/२१ मा भएको निर्णयमा सान्दर्भिक कानूनी आधार खुलाइएको पनि देखिँदैन । तसर्थ, सहकारी विभागको निर्णय बदर गरी अब जे जो बुझ्नुपर्ने बुझी सहकारी ऐन, २०४८ को दफा ३५ र ३६ बमोजिमको प्रक्रिया पूरा गरी पुन: कानूनबमोजिम निर्णय गर्नु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७३/२/२३ मा भएको फैसलामा कुनै कानूनी त्रुटि रहेको नदेखिने ।

अत: सहकारी विभागको मिति २०७०।११।२१ को निर्णय बदर गरी जे जो बुझ्नुपर्ने बुझी सहकारी ऐन, २०४८ को दफा ३५ र ३६ बमोजिमको प्रक्रिया पूरा गरी निर्णय गर्नु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।२।२३ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । सामुदायिक स्वास्थ्य इन्स्टिच्युट कैलालीसमेतको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : शैलेन्द्र खड्का

इति संवत् २०७९ साल असोज २७ गते रोज ५ शुभम् ।

## २०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CI-१४४१, मिलापत्र बदर लिखत दर्ता बदर दर्ता, विणादेवी वि. रघुनाथ साहसमेत*

सगोलको सम्पत्तिको हक हस्तान्तरण गर्ने कुरामा यदि अंशियारहरूको सहमति वा मन्जुरी रहेको छ भने मुद्दा जुनसुकै अवस्था, चरण, वा प्रक्रियामा रहेको भए पनि त्यस्तो सम्पत्तिको हक हस्तान्तरण हुन नसक्ने होइन । अंशियारहरूको सहमति वा मन्जुरी थियो, थिएन भन्ने कुरा नै महत्त्वपूर्ण विषय हुन्छ । यस अवस्थामा अंश मुद्दामा नै विवादित जग्गा बन्डा लगाउनुपर्ने अवस्था नरहेको कुराको जनाउ दिने (विवरण खुलाई अदालतमा पेस गर्ने) दायित्व यिनै अंशियारहरूमा रहेको थियो । तर यी विवादका पक्षहरूले सोबमोजिमको दायित्व निर्वाह गरेको देखिएन । परिणामतः प्राविधिक रूपमा बन्डा लाग्ने सम्पत्तिको रूपमा विवादित घर जग्गासमेत अंश मुद्दाको फैसलामा उल्लेख हुन पुगेको देखिन्छ । यस अवस्थामा अंश मुद्दामा भएको फैसला मान्य र अकाट्य हुने, तर सोही अदालतबाट करारको सर्त अनुसार जग्गाको हक हस्तान्तरण हुने गरी भएको मिलापत्र भने मान्य नहुने भन्नु मनासिब हुँदैन । वस्तुगत परिस्थिति र विवादको सापेक्षतामा यसलाई हेरिनु न्यायोचित हुन्छ । मन्जुरनामा नै नलिई करार गरेको वा हक हस्तान्तरण भएको अवस्था हुन्थ्यो भने परिस्थिति अवश्य नै फरक किसिमको बन्ने थियो । पहिले जग्गाको हक हस्तान्तरण गर्न मन्जुरी दिने, पछि आएर सोही सम्पत्तिमा अंश हक भनी दाबी गर्ने कुरालाई मनासिब ठान्न सकिँदैन । विवादित जग्गामा मिति २०४२/३/२७ र २८ को मन्जुरीनामा तथा मिति २०४२/११/८ को मिलापत्रको परिणामस्वरूप हक नै नरहेको अवस्थाको सम्पत्ति उर्मिलादेवी वा रघुनाथ कसैले प्रतिवादी राजकुमार साहलाई करारनामाको माध्यमबाट लिखत गरिदिने र करारनामा अनुसार

हक हस्तान्तरण हुने गरी मिलापत्र गर्न सक्ने अवस्था नै रहँदैन । दाताको नै हक नरहेको सम्पत्तिउपर हक नपुग्ने दाताले गरेको करारीय लिखतका आधारमा भएको मिलापत्र अनुसार वादी राजकुमार साहको हक स्थापित हुने देखिँदैन । वादी राजकुमार साह मिति २०४२/३/२७ को मन्जुरनामा र मिति २०४२/३/२९ को करारनामा लिखतमा साक्षी बसेकोसमेत देखिन्छ । आफैँ साक्षी बसी भएको व्यवहारको प्रतिकूल हुने गरी निजले गरेको दाबी मनासिब नदेखिने ।

अतः तीन भागको एक भाग जग्गाको हदसम्म मिलापत्र तथा लिखत बदर भई वादी राजकुमारको हक कायम हुने गरी धनुषा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको मिति २०६८/३/२९ को फैसला त्रुटिपूर्ण देखिँदा सो फैसला उल्टी हुन्छ र विवादित घर जग्गामा मिति २०४२/११/८ मा भएको मिलापत्रका आधारमा मिति २०६०/१२/२० मा पारित लिखत बदर गरिपाउँ भन्ने वादीको फिरादपत्र दाबी पुग्न नसक्ने ।

इजलास अधिकृत : मुकुन्द निरौला

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७७ साल पौष १२ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CI-१४४२, मिलापत्र बदर, विणादेवी वि. राजकुमार साहसमेत
- ०७१-CR-१३५९, जालसाजी, विणादेवी वि. राजकुमार साहसमेत
- ०७१-CR-१३६०, जालसाजी, विणादेवी वि. राजकुमार साहसमेत
- ०६९-CI-०२५०, निषेधाज्ञा, राजकुमार साह वि. विणादेवी साह
- ०६९-WO-०२७९, उत्प्रेषण, राजकुमार साह वि. पुनरावेदन अदालत जनकपुरसमेत
- ०६८-CI-१०२९, लिखत बदर, शिवनाथ साह वि. विणादेवी
- ०७१-CI-१४४३, मिलापत्र बदर, विणादेवी वि. राजकुमार साहसमेत
- ०७१-CI-१४४४, मिलापत्र बदर लिखत दर्ता बदर दर्ता, विणादेवी वि. उर्मिलादेवीसमेत

## २१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CI-१५५८,* अंश दर्ता, *गणेश पासवान वि. राजेन्द्र पासवानसमेत*

वादी प्रतिवादीबिच अंशियार नाता सम्बन्ध रहेको तथ्यमा विवाद देखिएन । निजहरूकाबिच मानो छुट्टिएको वा अंशबन्डा भएको कुनै लिखत कागज भएको देखिँदैन । व्यवहार प्रमाणबाट छुट्टिई अलग बसेको भनी देखिने कुनै विश्वसनीय प्रमाण पेस हुनआएको छैन । मानो छुट्टिएको कुरा प्रमाणित हुने लिखत प्रमाणको अभावमा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी बन्डा लाग्ने सम्पत्तिबाट वादीले ५ भागको १ भाग अंश पाउने नै देखियो ।

प्रस्तुत मुद्दामा मूलत: प्रतिवादी शुशिलकुमार शास्त्रीको नाउँमा दर्ता रहेको कि.नं. ४३६, १६८, ४३२ र कि.नं. ३८९ को जग्गा निजी आर्जनको सम्पत्ति हो वा अंशियारहरूबिच अंश भागबन्डा लाग्ने सम्पत्ति हो भन्ने विवादित प्रश्नको निरूपण गर्नुपर्ने देखिन्छ । उल्लिखित जग्गाहरू वादी प्रतिवादी एकाघर सगोलमा रहँदाको अवस्थामा आर्जन गरिएको सम्पत्ति हो भन्ने तथ्य स्थापित रूपमा रहेको पाइयो । तायदाती फाँटवारीमा उल्लेख भएका सम्पत्तिमध्ये केही सम्पत्ति प्रतिवादी वौवालाल पासवानको मुद्दा सकार गर्ने निजको पत्नी जगदम्बादेवीले माइती पक्ष र ऋण कर्जा लिई खरिद गरेको तथा वौवालालले शिक्षण पेसाबाट आर्जित रकमबाट खरिद गरेको भनी निजी आर्जनको स्रोत उल्लेख गरेको भए पनि सो तथ्य पुष्टि हुने प्रमाण पेस

गर्न सकेको देखिँदैन । जग्गा राजीनामाको माध्यमबाट खरिद गरी लिएको देखिन्छ । प्रमाणहरूबाट अन्यथा पुष्टि नभएसम्म एकाघर सगोलका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्ने व्यवस्था प्रमाण ऐन, २०३१ को दफा ६(क) मा रहेको छ । तसर्थ, कानूनत: निजी आर्जनको भनी दाबी गर्ने पक्षले नै सो तथ्य प्रमाणित गर्नुपर्ने हुन्छ । तदनुसार प्रमाणबाट प्रतिवादीले लिएको जिकिर अन्यथा प्रमाणित हुनसकेको पाइएन । उल्लिखित सम्पत्ति अंशियारहरूका बिच बन्डा लगाउनुपर्ने नै देखियो ।

पुनरावेदन अदालत राजविराजको मिति २०७१/२/२८ को फैसला केही उल्टी भई कि.नं. ४३६, १६८, ४३२ र ३८९ को जग्गासमेतका सम्पत्तिबाट वादीले ५ भागको १ भाग अंश पाउने ।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल कार्तिक ३ गते रोज ५ शुभम् ।

२२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-WH-०१२४, बन्दीप्रत्यक्षीकरण, अनिता थापा भण्डारी वि. खेमबहादुर भण्डारीसमेत*

निश्चय पनि बालबच्चाका निमित्त आमाको कारण स्वभावतः बाबुको भन्दा धेरै कोणबाट अतुलनीय रहन्छ । अतः आमाको चयन नै बाबुको भन्दा बढी प्रभावकारी, आवश्यकीय र भावनायुक्त सामीप्यता एवंम सरल हुन्छ । तथापि खास खास परिवेश परिस्थिति एवम् अवस्थाले आमाभन्दा बाबुको साथ रहँदा बालकको सर्वोत्तम हित (Best interest of child) हुनसक्ने देखिन्छ भने नाबालकको सम्भावित हितलाई महत्त्व र निर्णायक मान्नुपर्ने हुन आउने । प्रस्तुत मुद्दाका समग्र परिस्थिति हेर्दा नाबालक इमेज भण्डारीको हित बाबुसँग नै रहँदा हुने अवस्था देखिन आउने ।

नेपालको संविधानको धारा ३९ को उपधारा (२) मा 'प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ । उपधारा (७) मा "कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन" भन्नेलगायत अन्य विविध हकका सम्बन्धमा अन्य उपधाराहरूमा उल्लेख गरी मौलिक हकका रूपमा व्यवस्था गरी संवैधानिक संरक्षण प्रदान गरेको देखियो । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६(१) मा कुनै पनि बालबालिकालाई निजको इन्छाविपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्न नहुने भन्दै दफा ६(२) मा बालबालिकाको अहित हुने भनी अदालतले रोक लगाएको अवस्थामा बाहेक बालबालिकाले बाबु आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रूपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्न पाउने बालबालिकाको अधिकार सुरक्षित हुने व्यवस्था गरेको पाइयो । सोही ऐनको दफा १६(१) मा बालबालिकासम्बन्धी कार्य गर्ने व्यक्ति तथा संस्थाले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने, दफा १७(१) मा बालबालिकाको हेरचाह, पालन पोषण र वृत्तिविकासमा बाबु र आमाको दुवैको समान दायित्व हुने, दफा १७(२) मा बालबालिकालाई हेरचाह, पालन पोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचारलगायत व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउनु, माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यका लागि उचित मागदर्शन गर्नु प्रत्येक बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुने, दफा १७(३) मा बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध

गराउनुपर्नेलगायतका अन्य विविध दायित्व सम्बन्धमा व्यवस्था गरेको पाइयो । संविधानले व्यवस्था गरेको बालबालिकाका मौलिक हक कार्यान्वयन हेतु राज्य, बाबु आमा, परिवारका सदस्य र संरक्षकसमेतले आफ्नो दायित्वलाई बिर्सन नमिल्ने र दायित्व उल्लङ्घन गरेका कतिपय कुरालाई दण्डनीयसमेत बनाएको देखिन्छ । बालबालिकालाई निजको आमाले भेटघाट गर्न पाउने, सम्पर्क स्थापित गर्न पाउने र मातृ वात्सल्यको हक अधिकारबाट नाबालकलाई वञ्चित गराउने कार्य संविधान र कानूनप्रतिकूल हुने मात्र होइन मानव अधिकार र बाल अधिकारसम्बन्धी स्थापित मूल्य मान्यताविपरीतसमेत हुन जान्छ । बालबालिकाका सर्वोत्तम हितका खातिर लागु गरिएको यस्ता कानूनी प्रावधान र मूल्य मान्यताविपरीत जाने छुट राज्य वा बालबालिकाका आमा बाबु, परिवारका सदस्य वा अन्य कोही कसैलाई छैन । बाबु आमाले नाबालक छोरालाई समय समयमा भेटघाट गर्नपाउने, निजसँग सम्पर्क र सञ्चार गर्नपाउने हकलाई संविधान, कानून र स्थापित मूल्य मान्यताले सुनिश्चित गरेको पाइन्छ । तसर्थः इमेज भण्डारीलाई निजको आमा अनिता थापा भण्डारीले भेटघाट गर्न पाउने, निजसँग दूरभाषलगायतका सञ्चारका साधनमार्फत सम्पर्क, गफगाफलगायत नाबालक छोरासँग आमाले स्वाभाविक रूपमा संवाद गर्न पाउने अवसरबाट वञ्चित नगर्नु, अवरोध व्यवधान पैदा नगर्नु, नगराउनु र सो संवादसमेतको लागि समय समयमा अनुकूल व्यवस्था सिर्जना गर्नु गराउनु निज इमेज भण्डारीका बाबु ईश्वर भण्डारीको कानूनी एवम् सामाजिक कर्तव्य भएको देखिन्छ । सो कर्तव्य निज ईश्वर भण्डारीले पूरा गर्नुपर्ने देखिने ।

अत: नाबालक इमेज भण्डारीलाई प्रत्यर्थीहरूले गैरकानूनी रूपमा बन्दी बनाएको भन्ने नदेखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल माघ १६ गते रोज २ शुभम् ।

**२३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७३-CI-०१६२, टिप्पणी आदेश बदर दर्तासमेत, बासुदेव मुखिया विन वि. प्रहलाद पंडित कुम्हाल*

मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) मा "कसैले यो दफा प्रारम्भ हुनुभन्दा अघि वा पछि कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विषेशको नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वत: बदर हुने छ । त्यस्तो जग्गाको व्यक्ति विशेषका नाउँमा रहेको दर्ता लगतसमेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्ने छ" भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । उक्त कानूनी व्यवस्था अनुसार सार्वजनिक वा सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता भएको भए जुनसुकै बखत बदर हुन सक्ने स्पष्ट भएकोमा पटकपटक विभिन्न अदालतमा तह तह मुद्दा चली कि.नं.१७ को जग्गामा वादीको हक नपुग्ने सार्वजनिक खाल्डो जग्गा भएको स्थापित भएकोमा उक्त कित्तासमेत पर्ने गरी वादीले कि.नं.३४ मा नापी गराई जग्गाधनी दर्ता प्रमाण पुर्जा लिएकै आधारमा त्यस्तो जग्गाको व्यक्ति विशेषको नाउँको दर्ता कायम भई वादीको हक लाग्ने भन्ने हुँदैन । सार्वजनिक जग्गा व्यक्तिले दर्ता गराउँदैमा दर्ता प्रमाणको आधारमा त्यस्तो दर्ताले वैधानिकता पाउन सक्दैन । सोही कानूनी व्यवस्थालाई आधार बनाएर मालपोत कार्यालय, पर्साबाट कि.नं. १७ को खाल्डो जग्गामध्येको ०,२१३.५ व.मि. जग्गा सार्वजनिक कायम गर्ने गरी गरेको निर्णय कानूनबमोजिम नै देखिँदा उक्त निर्णय बदर गरी वादीको नाउँमा कायम हुने

ठहराएको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी मालपोत कार्यालयको निर्णय सदर कायम गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब देखिँदा अन्यथा गर्नु नपर्ने।

वादी दाबीबमोजिम मालपोत कार्यालय पर्साको निर्णय बदर हुने ठहराएको सुरू जिल्ला अदालतबाट भएको फैसला बदर गरी कि.नं. १७ को २४७.५० वर्ग मिटरमध्ये कि.नं. ३४ को २१३.५ वर्ग मिटर जग्गा सार्वजनिक कायम गर्ने गरी मालपोत कार्यालय, पर्साबाट मिति २०६२।५।२७ मा भएको टिप्पणी निर्णय सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२/११/१० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। उक्त फैसला उल्टी गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत :- शैलेन्द्र खड्का

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल कात्तिक २० गते रोज १ शुभम्।

## इजलास नं. ४

### २४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७२-CR-१५७०, सवारी ज्यान, नेपाल सरकार वि. रामबहादुर विश्वकर्मासमेत*

सवारी चलाउँदा लापरबाही भएको थियो थिएन भन्ने कुरा सोही घटना परिस्थिति र प्र तिवादीको सावधानी एवं व्यक्तिगत दक्षता र सवारी चलाएको अवस्थाबाट खोजिनु मनासिब र विधिसम्मत हुने देखिन्छ । सवारी साधन चलाउने व्यक्तिले जानीजानी वा असावधानीपूर्वक सवारी चलाई दुर्घटना गराउनुलाई लापरबाहीयुक्त कार्य मान्नुपर्ने हुन्छ। यो कार्य अनुमति पत्र प्राप्त चालकबाट पनि हुन सक्छ। केवल सवारी चालक अनुमतिपत्र प्राप्त नगरी चलाएको सवारीले ठक्कर दिएर मृत्यु भएको भन्ने मात्र कारणबाट प्रतिवादीसँग अनुमतिपत्र नहुनु स्वयंमा लापरबाहीअन्तर्गत पर्छ भन्नु न्यायसङ्गत हुँदैन । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ ले कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन निषेध गरेको छ। ऐनद्वारा निषेधित उक्त कार्य कसैले उल्लङ्घन गरी अनुमतिपत्र प्राप्त नगरी सवारी चलाएमा सोही ऐनको दफा १६०(२)(क) बमोजिम रू.५००।- देखि रू.२,०००।– सम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको देखिँदा चालक अनुमतिपत्र प्राप्त नगरेकै आधारमा मात्र सवारी चलाउने चालकलाई ऐ. ऐनको दफा १६१(२) अन्तर्गत निजले सतर्कता नअपनाई लापरबाहीसमेत गरेका हुन् भन्ने अर्थ गर्न नमिल्ने।

यसबाट सवारी चालक अनुमतिपत्र प्राप्त नगरी सवारी साधन चलाउनु र लापरबाहीपूर्वक सवारी साधन चलाउनु फरक कार्य र कसुर हुँदा दुवैलाई समानस्तरमा राखेर सजाय गर्नु फौजदारी विधिशास्त्रअनुरूप हुन सक्तैन। स्वतन्त्र प्रमाणहरूबाट लापरबाही गरी सवारी चलाएको तथ्य पुष्टि हुनुपर्छ। सवारी चलाउँदाका बखत पर्याप्त सावधानी अपनाए पनि आकस्मिक रूपमा उत्पन्न भएको कुनै कारणबाट सवारी दुर्घटना हुन जान्छ भने त्यसलाई लापरबाही अथवा जानाजान गरिएको कार्य भनी नामाङ्कन गर्नु उचित देखिँदैन । मुद्दामा प्रतिवादी रामबहादुर वि.क.ले चलाएको गाडीको ब्रेक फेल भएको भन्ने प्रतिवेदन भएको अवस्थामा यी प्रतिवादीले कसैको ज्यान मर्न सक्छ भन्ने अवस्था लापरबाहीपूर्वक गाडी चलाएको कारण दुर्घटना भएको हो भनी मान्न सक्ने अवस्था देखिएन। यसरी चालक प्रतिवादी राम बहादुर वि.क.ले लापरबाहीपूर्वक सवारी चलाएको अवस्था नभई ब्रेक लुज भएको गाडीलाई ठुलो दुर्घटना हुनबाट

बचाउनको लागि सावधानीपूर्वक सतर्कता अपनाई भित्तातर्फ मोड्दा दुर्घटना भएको अवस्था देखिँदा प्रतिवादी रामबहादुर वि.क.ले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुर गरेको अवस्था नभई ऐजनको दफा १६१ को उपदफा (३) बमोजिमको कसुर गरेको अवस्था देखिने।

अर्का प्रतिवादी वीरबहादुर दियालीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादी वीरबहादुर दियालीले चालक रामबहादुर वि.क.लाई गाडी चलाउन दिएको तथ्यमा विवाद देखिएन । निजले रामबहादुर वि.क.ले गाडी चलाएको देखेको र लाइसेन्ससमेत देखाएकोले विश्वासमा परी निजलाई सवारी चलाउन दिएको हुँ भनी अदालतसमक्ष बयान गरेको देखिन्छ । निजले सवारी चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिनुपर्ने अन्य कारण रहे भएको देखिँदैन । प्रतिवादी रामबहादुर वि.क.सँग मिनी ट्रकको सवारी चालक अनुमतिपत्र नभएको तर कार, जिप, डेलिभरी भ्यानको सवारी चालक अनुमतिपत्र रहेको देखिन्छ । मिसिल संलग्न प्रत्यक्ष र परिस्थितिजन्य प्रमाणहरूबाट यी प्रतिवादी तथ्यको भ्रममा परी अर्का प्रतिवादी रामबहादुर वि.क.लाई गाडी चलाउन दिएको भन्ने देखिएबाट प्रतिवादी वीरबहादुर दियालीले जानीजानी अभियोग दाबीबमोजिमको कसुर गरेको अवस्था देखिएन । तथ्यको भ्रममा परी गरिएको कार्यलाई कसुरजन्य कार्य ठहऱ्याई सजाय गर्नु न्यायसङ्गत नहुने।

अतः उल्लिखित आधार र कारणहरूबाट प्रतिवादी रामबहादुर विश्वकर्मालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिमको कसुर गरेको ठहर गरी सोही दफाबमोजिम ८ महिना कैद, रू. २,०००।- जरिवाना र अर्का प्रतिवादी वीरबहादुर दियालीलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७१।३।२९ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।९।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल भदौ ३ गते रोज ५ शुभम्।

## २५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री टंकबहादुर मोक्तान**, *०७८-WH-०११३, बन्दीप्रत्यक्षीकरण, रमेशबहादुर नेपाली वि. कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौंसमेत*

ज्येष्ठ नागरिक यी निवेदकलाई सुविधा प्रदान गर्दा अपराध पीडितको हकसमेतको संरक्षण हुनु पनि आवश्यक भएकोतर्फ ध्यानाकर्षण हुनु जरूरी छ । नेपालको संविधानको धारा २१ को उपधारा (२) ले अपराध पीडितलाई क्षतिपूर्तिसहितको न्याय पाउने हक प्रदान गरेको र यी निवेदक रेशमबहादुर नेपालीबाट रू.१,५०,०००।– (एक लाख पचास हजार) क्षतिपूर्ति भराइदिने गरी भएको फैसला यस अदालतबाट अन्तिम भई बसेको भए पनि निवेदनमा सो क्षतिपूर्ति पीडितलाई बुझाएको वा सम्बन्धित अदालतमा जम्मा गरेको जिकिर लिन नसकेको अवस्थामा निजले नेपालको संविधानको धारा ४८ बमोजिम कर्तव्यको पालना गरिसकेको नदेखिएबाट निवेदन मागबमोजिम तत्काल बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनसक्ने अवस्था नदेखिने।

पीडितले पाउने क्षतिपूर्ति दिइसकेको वा अदालतमा जम्मा गरी आफ्नो संवैधानिक कर्तव्य पूरा गरेको अवस्था नदेखिएको कारण बन्दीप्रत्यक्षीकरणको आदेश जारी नभए तापनि ज्येष्ठ नागरिक यी निवेदकले ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को

दफा १२ बमोजिम सुविधा पाउनसक्ने नै देखिएको अवस्थामा निजका हकमा मिति २०७४/५/१३ मा जारी कैदीपुर्जी सच्याउन आवश्यक भएकोले अब यी निवेदक रेशमबहादुर नेपालीको उमेर यकिन गरी उपर्युक्त कानूनी व्यवस्थाका आधारमा निजले पाउने सुविधाको हिसाब गरी यो आदेशको जनाउ पाएको मितिले ७ दिनभित्र उपर्युक्त कैदीपुर्जी सच्याई फैसलाले पीडितलाई निवेदकबाट भराउनुपर्ने क्षतिपूर्ति निवेदकबाट अदालतमा दाखिल गरेको भए वा गरेमा यी निवेदक रेशमबहादुर नेपालीलाई थुनामुक्त गरी वादी नेपाल सरकार र यी निवेदक प्रतिवादी भएको ०७३-CR-०६४६ को जबरजस्ती करणी मुद्दामा त्यस अदालतको मिति २०७४/३/१ को फैसलाको तपसिल खण्डमा उल्लिखित यी निवेदकको नाममा कायम रहेको कैदको लगत कट्टा गरी सोको जानकारी निज थुनामा रहेको कारागारलाई दिनु भनी काठमाडौं जिल्ला अदालतका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : चन्द्रदेव भारती

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल फागुन ३ गते रोज ३ शुभम्।

## २६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना**, *०७४-CR-०१८८, जबरजस्ती करणी, रामदत्त रानासमेत वि. नेपाल सरकार*

जबरजस्ती करणीजस्तो अपराधमा प्रतिवादीहरूले जतिसक्दो होसियारी अपनाएर गोपनीय रूपमा करणी गर्ने प्रयास गर्ने भएकोले त्यस्ता अपराधमा सबै अवस्थामा प्रत्यक्षदर्शीहरूको उपस्थिति रहन सक्ने अवस्था नहुँदा प्रत्यक्षदर्शीको प्रमाण नभएको भनी प्रतिवादीहरूलाई कसुरबाट सफाइ दिई पीडकलाई उन्मुक्ति दिने आधार हुन सक्दैन । प्रतिवादीहरूले जबरजस्ती करणी नगरेको भए यी प्रतिवादीहरूउपर पीडितले आफ्नो सामाजिक इज्जत प्रतिष्ठालाई बेवास्ता गरी जबरजस्ती करणीजस्तो गम्भीर कसुरमा झुट्ठा आरोप लगाउनुपर्ने हुँदैन थियो । यी प्रतिवादीहरूलाई त्यसरी आरोप लाउनुपर्ने कुनै पूर्वरिसइवी रहेको पनि देखिँदैन । यो यस कारणबाट आफूहरूउपर पीडितले आरोप लगाएको हो भनी पुष्टि हुने तथ्य प्रमाण प्रतिवादीहरूले पेस गर्न सकेको पनि देखिँदैन। पीडितले दिएको जाहेरी दरखास्तलाई समर्थन हुने गरी निजले अदालतमा आई गरेको बकपत्रमा समेत यी प्रतिवादीहरूले नै जबरजस्ती करणी गरेको हो भनी किटानी गरेको अवस्था छ । बकपत्रको स.ज. १२ मा "रामदत्तले मुख छोप्यो र सुरेशले घिसार्दै लगी गएको हो। मैले भाग्ने प्रयास गरेको थिएँ सकिनँ" भनी आफूलाई जबरजस्ती करणी गर्न दुवै प्रतिवादीहरूको संलग्नता रहेको तथ्यलाई पुष्टि हुने गरी लेखाएको देखिन्छ । पीडित नाबालकको भनाइलाई शंका गर्नुपर्ने अवस्था पनि देखिँदैन । जबरजस्ती करणीको मुद्दामा अन्य प्रत्यक्ष प्रमाणहरूबाट अन्यथा प्रमाणित नभएसम्म स्वयं पीडितले गरेको बयानलाई महत्त्वपूर्ण प्रमाणको रूपमा लिनुपर्ने हुन्छ।

घटनास्थल प्रकृति मुचुल्का र अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई अन्य प्रमाण र पीडितको बकपत्रसमेतबाट समर्थित भएको देखिएमा त्यस्ता मौकाको दसी प्रमाणहरूको प्रामाणिक महत्त्व रहेको हुन्छ । प्रतिवादी रामदत्त रानाले अधिकार प्राप्त अधिकारीसमक्ष आफूले जबरजस्ती करणी गरेको तथ्यलाई स्वीकार गरी बयान गरेको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा ९(२) अनुसार प्रतिवादीलाई यातना तथा धम्की दिई वा निजको इच्छा विरूद्ध बयान गराएको अवस्थामा बाहेक निजले अनुसन्धानका क्रममा व्यक्त गरेको कुरालाई प्रमाणमा लिन मिल्छ ।

अदालतसमक्ष इन्कारी बयान गरे तापनि अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानलाई प्रमाणको रूपमा ग्रहण गर्न सकिने नै देखियो । यसरी उल्लिखित आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू दुवै मिली सामूहिक रूपमा अभियोग दाबीबमोजिमको जबरजस्ती करणीको कसुर गरेको तथ्य पुष्टि हुने ।

तसर्थ, पुनरावेदक प्रतिवादीहरूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ नं. को देहाय (२) र ३क नं. को कसुरमा ऐ.को ३ नं. को देहाय (२) अनुसार जनही आठ वर्ष र ऐ.को ३क नं. अनुसार थप पाँच वर्ष कैद सजाय गर्ने गरी सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०७३।२।३२ मा भएको फैसला सो हदसम्म सदर गरेको र प्रतिवादीहरूबाट सोही महलको १० नं. बमोजिम जनही पचास हजार रूपियाँका दरले दुवै प्रतिवादीहरूबाट पीडित जाहेरवालीलाई क्षतिपूर्ति भराइदिने गरी क्षतिपूर्तिको रकम केही बढी भएको भनी सो हदसम्म केही बदर हुने गरी जनही पच्चिस हजार रूपियाँ कायम गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७४।२।२१ को फैसलामा कसुर कायम र क्षतिपूर्तिको हदसम्म सदर हुने ठहर्छ । कैद सजायको हकमा हेर्दा, मुलुकी ऐन जबरजस्ती करणी महलको ३ नं.को देहाय (२) बमोजिम आठ वर्ष कैद सजाय गरेको मिलेकै देखियो र थप सजायको हकमा ऐ.को ३क नं. बमोजिम थप पाँच वर्ष निश्चित् तोकिएको कैद गर्ने व्यवस्था भएकोमा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (७) मा निश्चित अवधि नतोकी थप पाँच वर्षसम्म कैद सजाय गर्न सकिने भनी न्यायकर्तालाई नै सो स्वविवेकीय अधिकार दिने नयाँ कानूनी व्यवस्था गरेको परिप्रेक्ष्यमा प्रतिवादीहरूको उमेरसमेतलाई विचार गर्दा थप पाँच वर्षको सट्टा थप दुई वर्ष मात्र कैद सजाय गर्दा पनि न्यायको मक्सद पूरा हुने देखिएकोले यी प्रतिवादीहरूलाई आठ वर्ष र थप पाँच वर्षको सट्टा थप दुई वर्ष गरी जनही १० (दश) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल कार्तिक ३ गते रोज ५ शुभम् ।

**२७**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-CI-०९८४, परमादेशसमेत, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालय, काठमाडौंसमेत वि. श्यामकृष्ण चन्द्यो श्रेष्ठसमेत*

निवेदकहरू मिति २०६४।३।२९ मा एक तह बढुवा भएपश्चात् सोको केही दिनपछि मिति २०६४।४।२७ मा भएको नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको विनियमको २५(४) को संशोधनमा "यो विनियम प्रारम्भ भएपछि यो विनियमबमोजिम बढुवा हुन सेवा अवधि पुगेको कर्मचारीलाई त्यस्तो सेवा अवधि पुगेको मितिदेखि नै ज्येष्ठता कायम हुने गरी नियुक्ति पत्र दिइने छ" भन्ने व्यवस्था गरेको पाइन्छ । अब उक्त विनियमको २५(४) को संशोधनमा "यो विनियम प्रारम्भ भएपछि..." भन्ने शब्दहरूको प्रयोगबाट सो शब्दले संशोधित विनियमलाई निर्देशन गरेको हो वा मूल विनियमलाई निर्देशन गरेको हो भन्ने प्रश्न उब्जन्छ । सो सम्बन्धमा विचार गर्दा यहाँ "संशोधन लागु भए पछि" भन्ने वा सो प्रकृतिको अर्थ लाग्ने शब्द परेको छैन । यस्ता विनियमको मस्यौदा गर्दा के कस्ता शब्द राखिएको छ भन्ने विषयले त्यस्ता प्रावधानको व्याख्यामा गम्भीर महत्त्व राख्दछ । मस्यौदाकार तथा यसलाई पारित गर्नेले यो विनियम प्रारम्भ भएपछि भन्ने शब्दको सम्मिश्रणले विनियम संशोधन भएको मितिपश्चात्का लागि मात्र व्यवस्था नगरेको हुँदा विनियम लागु भएको मितिपश्चात्का नियुक्तिलाई नै जनाउने अर्थमा बुझ्नुपर्ने देखिन्छ । मिति २०६४।४।२७ पछि

मात्र यसरी विशेष बढुवा हुने कर्मचारीको बढुवा हुन सेवा अवधि पुगेको मितिदेखि नै ज्येष्ठता कायम गरिएको तथा यी निवेदकहरूको हकमा २०६४।४।२७ गतेअघि नै बढुवा भएकोले यस्तो ज्येष्ठता कायम गर्न नमिल्ने भनी नेपाल दुरसञ्चार कम्पनीको लिखित जवाफ परेको भए तापनि उक्त कर्मचारी विनियम, २०६१ को विनियम २५(४) को व्यवस्था मिति २०६४।४।२७ मा लागु भई सो व्यवस्थाले बढुवा हुन सेवा अवधि पुगेको कर्मचारीलाई त्यस्तो सेवा अवधि पुगेको मितिदेखि नै जेष्ठता कायम हुने भनी मिति २०६४।४।२७ गते अगाडि काम गरेको अवधिलाई जेष्ठताका रूपमा गणना गर्ने मनसाय राखेबाट उक्त लिखित जवाफसँग सहमत हुन नसकिने।

तसर्थः निवेदकमध्ये चिरिकाजी व्यञ्जनकार मिति २०७१।७।१२ बाट अनिवार्य अवकाश भइसकेको देखिएकोले निजको हकमा बाहेक निवेदक श्यामकृष्ण चन्द्यो श्रेष्ठ मिति २०५१।१०।१३ मा नियुक्ति भई मिति २०६४।३।२९ मा १० वर्षे विशेष बढुवा भएकोले रिट निवेदन दर्ता गर्दाको मितिमा त्यस्तो सेवा अवधि पुगेको मितिदेखि नै ज्येष्ठता कायम गर्दा हुन आउने २ वर्ष ५ महिना १६ दिन तथा निवेदकहरू उत्तम श्रेष्ठ, नरबहादुर श्रेष्ठ, जिवन महर्जन, बाबुराजा महर्जन, केशवलाल श्रेष्ठ मिति २०५२।३।१४ गते नियुक्ति भई मिति २०६४।३।२९ मा १० वर्षे विशेष बढुवा भएकोले रिट निवेदन दर्ता गर्दाको मितिमा त्यस्तो सेवा अवधि पुगेको मितिदेखि नै ज्येष्ठता कायम गर्दा हुन आउने २ वर्ष १५ दिन नेपाल दूरसञ्चार कम्पनी कर्मचारी विनियमावली, २०६१ को २५(४) बमोजिम हालको पदमा उक्त बढी सेवा अवधि ज्येष्ठता कायम गर्नु गराउनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ भन्ने बेहोराको पुनरावेदन अदालत पाटनको मिति २०७१/९/२३ को फैसला मिलेको देखिँदा सदर हुने । पुनरावेदक विपक्षीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : सोनी श्रेष्ठ
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७८ साल भाद्र ९ गते रोज ४ शुभम्।

२८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७८-WH-०२३५, बन्दीप्रत्यक्षीकरण, लक्ष्मीप्रसाद मैनाली वि. वैदेशिक रोजगार न्यायाधिकरण बबरमहल काठमाडौंसमेत*

निवेदकले वैदेशिक कसुर मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७७।१०।२७ मा भएको फैसलाउपर चित्त नबुझाई यस अदालतमा पुनरावेदन गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिम थुनामा नबसी पुनरावेदन गर्ने सुविधा माग गरेको र उक्त मुद्दा (०७८-CR-०४५०) यसै निवेदनका साथ इजलाससमक्ष पेस हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम प्रत्यर्थी झिकाउने तथा निवेदकले ऐ. को दफा १३७ बमोजिमको सुविधा उपभोग गर्न पाउने गरी यसै इजलासबाट आदेश भएकाले मुद्दाकै रोहबाट यी निवेदकले उठाएको विषयको सम्बोधन भइसकेको अवस्थामा यस अदालतको असाधारण क्षेत्र प्रयोग गरी रिट निवेदनको रोहबाट थप केही बोलिरहनु परेन । प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : अञ्चन भट्टराई
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७९ असार २१ गते रोज ३ शुभम्।

२९

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७७-CR-०१४१, किर्ते जालसाजी, जयपतिया लोहारिन भन्ने जंगपतिया देवी लोहारिन वि. सुखल असारी धोबी*

साबिक मुलुकी ऐन, किर्ते कागजको महलको ३ नं. ले "लेखिएबाहेक अर्काको हक मेट्ने, हदम्याद तारिख जाने वा कुनै तरहसँग नोक्सान पार्ने इत्यादि जुनसुकै मतलबले होस् नगरे नभएको झुट्टा कुरा गरे भएको हो भनी वा मिति अङ्क वा बेहोरा फरक पारी सहीछाप गरी गराई कागज बनाए वा बनाउन लगाएमा समेत जालसाजी गरेको ठहर्छ" भनी जालसाजी क्रियाको परिभाषा गरेको पाइन्छ । प्रस्तुत मुद्दा किर्ते जालसाजी जस्तो फौजदारी प्रकृतिको हुँदा यस्तोमा प्रमाणले प्रस्ट रूपमा त्यस्तो जालसाजी क्रिया भए गरेको देखिनुपर्दछ । अनुमान तथा शंकाको भरमा सजाय गर्न मिल्दैन । दाबीको जग्गा सहकारी संस्थाको पत्रले रोक्का भएको छ । उक्त संस्था हाल अस्तित्वमा नरहेकोले मुद्दामा सहभागिता हुन सकेको छैन । लामो समयदेखि संस्था निस्क्रिय रहेको भन्ने पनि देखिन्छ । संस्थाको ऋण कर्जाबापतको रोक्का मिति २०६९।९।३ भन्दाअगाडि नै मिति २०६९।८।२९ मा प्रतिवादीले कि.नं. २८ तथा ३१ को आधा जग्गाको हक अकलीदेवीबाट राजीनामा लिखत गरी जफत गरेको देखिन्छ । निज जग्गादाता अकलीदेवीको मिति २०६९।३।१० मा मृत्युसमेत भइसकेको देखिन्छ । उक्त लिखत सदर कायम रहने गरी यसै इजलासबाट ०७७-CI-०१०५ लिखत बदर मुद्दामा फैसलासमेत भई सो फैसलामा विवेचित आधार कारणसमेतबाट प्रतिवादीको जालसाजी क्रियामा संलग्नता रहेको प्रमाण नदेखिएको भनी फैसला भएको ।

तसर्थ, माथि विवेचित आधार कारणसमेतबाट यसमा वादी दाबीबमोजिम किर्ते जालसाजीमा प्रतिवादी सुखल अंसारी धोवीलाई जरिवाना हुने ठहराई भएको बारा जिल्ला अदालतको मिति २०७४।३।२७ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी सुखल अन्सारीले आरोपित जालसाजीको कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने बेहोराको मिति २०७५।०८।१२ को उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको फैसला मिलेको नै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सोनी श्रेष्ठ

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०७९ साल चैत्र २२ गते रोज ४ शुभम् ।

**३०**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७७-CI-०१०५, दूषित लिखत बदर, जयपतिया लोहारिन भन्ने जंगपतियादेवी लोहारिन वि. सुखल अंसारी धोबी*

स्व. रामजी ठाकुर लोहारसँग यी वादी जेठी श्रीमती जगपतियादेवी लोहारिनले मिति २०६४।५।२८ मा अंश भरपाइको लिखत पास गरेको देखिन्छ भने त्यसपश्चात् यी वादी जगपतियादेवी लोहारिन र निजका पति रामजी ठाकुरबिच मानो जोडिएको लिखत मिसिल संलग्न कागजातबाट देखिँदैन । यस्तै प्रकारले अकलीदेवी लोहारिनले पनि २०६४।९।२० मा अंश भरपाई गरी आफ्नो अंश लिएको अवस्था देखिन्छ । यसरी अन्य अंशियार नभएको स्थितिमा दुवै पत्नीहरू पतिको मृत्युपछि पतिको नाममा रहेको जग्गासमेतको सम्पत्तिमा अलग बस्दै आएका अवस्था हुँदा यी दुई पत्नीको बराबर हक हुने अवस्था देखिन आउँछ । तसर्थ रामजी ठाकुरको मृत्युपश्चात् निजको नाममा रहेको कि.नं.३१ र कि.नं.२८ को भोगचलनको घरजग्गामा दुई पत्नीको स्वाभाविक रूपमा बराबर हक रहने आउने देखिन्छ । स्व. रामजी ठाकुर लोहारको नामदर्ताको जिल्ला रौतहट, गाउँ विकास समिति जयनगर च्युटाहा वडा नं. १ कि.नं. ८७ को क्षेत्रफल ०-१२-० जग्गा दुवै पत्नीले संयुक्त रूपमा मिति २०६८।६।३० मा नामसारी गरी मिति २०६८।७।१ मा र.नं.१६६२ बाट संयुक्त रूपमै बिक्री गराएको अवस्थाबाट पनि आचरणबाट (By conduct) समेत दाबीको जग्गामा वादी प्रतिवादी दुवैको समान हक रहेको देखिने ।

मिति २०६९।८।२९ मा र.नं.२९९५।२ बाट पारित विवादित राजीनामाको लिखत अवलोकन गर्दा पति रामजी ठाकुर लोहारसमेतको हक भोगको कि.नं. ३१ र २८ को आधा जग्गा हकवालाको नाताले कान्छी श्रीमती अकलीदेवीले यी प्रतिवादी सुखल अंसारी धोबीलाई बिक्री गरेको देखिन्छ। आधा जग्गामा यी वादी जयपतिया लोहारिन भन्ने जंगपतियादेवी लोहारिनको हक यथावत रहेको स्थितिसमेत देखिन्छ। वादीले यी प्रतिवादी सुखल अंसारी धोबीको दाता अकलीदेवीलाई २०६४।९।२० मा मिलापत्र गरी बेग्लै बसेकाले पतिको बाँकी सम्पत्ति हक दाबी गर्न नपाउने भनी लिखत बदरको दाबी लिए तापनि निजभन्दा पहिले मिति २०६४।५।२८ मा यी वादी स्वयम् पनि अंश भरपाईको लिखत गरी पति तथा सौतासँग अलग बसेको तथा पुन: पतिसँग मानो जोडी सगोलमा बसेको वा उक्त अंश भरपाई बदर नभएको स्थितिमा अन्य हकदार नभएकोले स्व. पति रामजी ठाकुरको सम्पत्तिमा वादी प्रतिवादी दुवैको हैसियतमा तात्त्विक फरक रहेको स्थिति देखिँदैन। न्यायको रोहबाट वादी प्रतिवादीबिचमा भएको सम्पत्ति बाँडफाँटको अवस्था हेर्दा पनि मिति २०६४।५।२८ मा अंश भरपाईको लिखत पास गरी बेग्लै बस्ने वादीले अंशबापत क्षेत्रफल २-१५-१९ जग्गा लिएको देखिन्छ भने समान हकदार कान्छी पत्नी अकलीदेवीले मिति २०६४।९।२० मा मिलापत्र गरी जम्मा क्षेत्रफल ०-१२-० मात्र जग्गा लिए पाएको अवस्था रहेको छ। यद्यपि मिलापत्र लिखत विवादरहित भए तापनि कानूनबमोजिम समान सम्पत्तिको बन्डा वादी प्रतिवादीबिच समान रूपमा नभएको सन्दर्भमा पनि विवादका कित्ता नं. ६१ र २८ को जग्गाको आधा हिस्सा मात्र अकलीदेवीले हक छाडेको देखिने।

तसर्थ, माथि विवेचित आधार, कारण तथा प्रमाणसमेतबाट वादी दाबीबमोजिम मिति २०६९।८।२९ मा भएको र.नं.२९९५ को राजीनामाको लिखत बदर हुने ठहराएको सुरू बारा जिल्ला अदालतको मिति २०७४।३।२७ को फैसलालाई उल्टी हुने गरी मिति २०७५।८।१२ मा उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सोनी श्रेष्ठ

कम्प्युटर : सुजन नेपाल

इति संवत् २०७९ साल चैत्र २२ गते रोज ४ शुभम्।

**३१**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-WH-०१४०, बन्दीप्रत्यक्षीकरण, सूर्यप्रसाद प्रसाई वि. उच्च अदालत पाटनसमेत*

जाहेरवालाले महानगरीय प्रहरी परिसर काठमाडौंमा दायर गरेको जाहेरी दरखास्तमा देखाएको वतन तथा अभियोगपत्रमा समेत "काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार बस्ने" भनी उल्लेख भएको वतनमा म्याद जारी नभएको कारण उच्च अदालत पाटनमा यी निवेदकले सुनुवाइको समुचित मौका पाएको भन्न सक्ने अवस्था नदेखिँदा यी निवेदकलाई गरिएको सजायसहितको फैसला कानूनसम्मत देखिन आएन। तसर्थ, यी निवेदकका विरूद्ध चलेको बैंकिङ कसुर, मुद्दा नं. ०७६-CB-२६५६ को मुद्दामा निवेदकलाई कैद, जरिवाना क्षतिपूर्ति शुल्कसमेत हुने गरी उच्च अदालत पाटनबाट मिति २०७७।१०।६ मा भएको फैसला र काठमाडौं जिल्ला अदालतको च.नं.२९३१ मिति २०७९।३।२२ को कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब, यी निवेदकलाई निज थुनामा रहेको कारागारबाट झिकाई निजको बयान लिने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायतका जो जे प्रक्रिया पूरा गर्नुपर्ने हो, सो पूरा गरी निजका हकमा पुनः कानूनबमोजिम फैसला

गर्नुहोला भनी उच्च अदालत पाटनको नाममा परमादेशको आदेश जारी हुने ।

अतः निवेदक सूर्यप्रसाद प्रसाई विरूद्ध चलेको बैंकिङ कसुर मुद्दामा भएको फैसला उत्प्रेषणको आदेशले बदर हुने ठहरे पनि सो मुद्दामा यी निवेदक विरूद्ध जाहेरी परी अभियोग पत्र दायर भई मुद्दा चलिसकेको र अदालती प्रक्रिया बाँकी नै रहेकोले निवेदकलाई बन्दीप्रत्यक्षीकरणको आदेशबाट थुनामुक्त गर्न नमिल्ने ।

इजलास अधिकृत : बासुदेव पाण्डे

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल फागुन २८ गते रोज १ शुभम् ।

## ३२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७७-CR-०१८४, जबरजस्ती करणी कसुर, नेपाल सरकार वि. मिलन शाह*

पीडिताले अदालतसमक्ष प्रतिवादीले आफूउपर जबरजस्ती करणी नगरेको भनी गरेको Hostile Statement सम्बन्धमा हेर्दा निज पीडिताले अदालतसमक्ष बकपत्र गर्दा आफ्नो उमेर १६ वर्ष भनी उल्लेख गरेकाले साबिक ऐनबमोजिम साबालिग भन्ने देखिन आउँछ । निज पीडिताको शारीरिक परीक्षण गर्दा No external injury were seen, spermatazoa are not seen भनी उल्लेख भएको, निजको शारीरिक परीक्षण गर्ने चिकित्सकले अदालतसमक्ष बकपत्र गर्दा पनि सो बेहोरालाई समर्थन गरेकोसमेतको अवस्था देखिन आउँछ । घटनास्थल प्रकृति मुचुल्कासमेतका तत्कालका प्रमाणबाट पनि पीडितालाई जबरजस्ती करणी भएको भन्ने निश्चयात्मक र प्रत्यक्ष प्रमाण रहे भएको देखिँदैन । प्रस्तुत मुद्दाको प्रत्यक्ष प्रमाण भनेको पीडित स्वयम् नै भएको र जाहेरी दरखास्तवाला परिवर्तित नाम कन्चनपुर ७५(५१) क कुमार र पीडित परिवर्तित नाम कन्चनपुर ७५(५१) कुमारीलाई जाहेरी बेहोरा र मौकाको कागजातभन्दा विपरीत बकपत्र गर्न प्रभाव दबाब पारेको भन्ने देखिने अन्य तथ्यगत प्रमाणसमेत मिसिल कागजातबाट नदेखिने ।

तसर्थः प्रतिवादी मिलन शाहलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को खण्ड (घ) बमोजिम १० (दस) वर्ष कैदको सजाय हुने र क्षतिपूर्तितर्फको अभियोजनको दाबी नपुग्ने ठहऱ्याई सुरू कञ्चनपुर जिल्ला अदालतबाट भएको मिति २०७६।३।३१ को फैसला उल्टी भई निज प्रतिवादी मिलन शाहले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको उच्च अदालत, दिपायल, महेन्द्रनगर इजलासको मिति २०७६।१०।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : भूमिप्रसाद शर्मा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल असार २१ गते रोज २ शुभम् ।

## ३३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७१-CI-१६६०, फैसला बदर, अरविन्दकुमार बर्मासमेत वि. साकुन साई*

वादी स्वयम्ले विवादित जग्गा ऐलानी भएको स्वीकारेको देखिन्छ । निजले सुकुम्बासी समस्या समाधान आयोगबाट जग्गा निस्सा प्राप्त गरेको भन्ने जिकिर लिएको भए तापनि जग्गाधनी प्रमाणपत्र प्राप्त गरेको वा मालपोत वा नापी कार्यालयलगायतका निकायमा सो कुराको अभिलेख रहेको भन्ने पनि कुनै ठोस प्रमाण पेस गर्न सकेको अवस्था पनि रहेको छैन । निजको एकाघरको पति नै प्रतिवादी भई २०५८ सालमा नै सोही विषयमा बाँके जिल्ला अदालतमा मुद्दा परी भएको फैसला अन्तिम भइबसेको ८ वर्ष पछि बाँके जिल्ला अदालतमा उक्त अदालतबाट भएको २०५८ साल दे.नं. १५२६ फैसला बदर गरिपाउँ मुद्दा दर्ता गर्दा मुलुकी ऐन अ.बं. ८६ नं. बमोजिम नालिस गर्ने

हदम्याद देखिँदैन । साथै मिति २०६०।३।३१ मा भएको सोही जग्गाका सम्बन्धमा हालका प्रत्यर्थी/वादी साकुन साईका पति जलिल साई प्रतिवादी भई मुद्दा चलेको र सो मुद्दाबाट समेत प्रस्तुत कि.नं. १०३ को जग्गा सार्वजनिक भएर अन्तिम भई बसेको स्थितिमा मुद्दाको अन्तिमताका सिद्धान्तसमेतको आधारमा प्रस्तुत नालिस स्वीकार्य हुन नसक्ने ।

प्रस्तुत जग्गा राजमार्ग सडकमा पर्ने सरकारी जग्गा देखिन आउँछ । सार्वजनिक राजमार्ग अत्यावश्यकीय यातायात सञ्चालनको क्षेत्र भएको, त्यस्ता सडकहरू पटकपटक विस्तार गर्नुपर्ने हुन आउने भएको, सरकारका अत्यावश्यकीय कतिपय कार्य सम्बन्धमा यस्ता राजमार्गका जग्गाहरू आवश्यक हुने भएकोसमेतका सन्दर्भबाट राजमार्गजस्तो संवेदनशील र राज्यलाई अत्याश्यक पर्ने स्थलसँग जोडिएका जग्गाहरू कसैले अनधिकृत बसोबास गरेका आधारमा सुकुम्बासीलाई भन्दै बाँड्ने कार्य स्वयम्मा राज्यप्रतिको उत्तरदायित्वपूर्ण कार्य मान्न पनि सकिन्न । सार्वजनिक एवम् सरकारी जग्गाको संरक्षण र सम्बर्द्धन जोसुकै नागरिकको कर्तव्य हुने र अझ सुकुम्बासीका नाममा सरकारी काम कर्तव्य भएका व्यक्ति वा अधिकारीले यो वा त्यो नाममा बाँड्ने कार्यलाई स्वयम्मा उचित भन्न सकिने अवस्था रहन नआउने ।

अतः वादी दाबी खारेज हुने गरी भएको सुरू बाँके जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबीबमोजिम हुने गरी भएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१।८।१६ को फैसला मिलेको नदेखिँदा सो पुनरावेदन अदालत नेपालगन्जको फैसला उल्टी भई वादी दाबी खारेज हुने ।

इजलास अधिकृत : अञ्चन भट्टराई

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल मङ्सिर १ गते रोज ५ शुभम् ।

## इजलास नं. ५

### ३४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७२-CR-०३२४, ०७२-CR-०३२५, डाँका चोरी, धर्म सिंह वि.क भन्ने धरम सिंह लोहार वि. नेपाल सरकार, शंकरबहादुर खड्कासमेत वि. नेपाल सरकार*

पुनरावेदन अदालत दिपायलले यी प्रतिवादीहरूलाई डाँका चोरीको उद्योग गरेको ठहऱ्याई गरेको फैसलामा आधार लिइएको प्रतिवादी लक्षी कामी र शंकरबहादुर वि.क.को पोलयुक्त बयान बेहोराले पनि घटना वारदातमा यी पुनरावेदक प्रतिवादीहरूको संलग्नतालाई पुष्टि गर्न सकेको अवस्था छैन । सहअभियुक्त / प्रतिवादीको पोल आफैँले मात्र प्रमाणको स्वरूप ग्रहण गर्न सक्तैन । त्यस्तो पोल अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुनुपर्ने हुन्छ । अर्थात् सहअभियुक्तको पोल Substantive नभएर Supportive मात्र हो । जुनकुरा प्रमाणमा लिन मिल्दैन सोही प्रमाणको आधारमा पुनरावेदक प्रतिवादीहरूलाई कसुरदार ठहऱ्याएको सुरू कैलाली जिल्ला अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत दिपायलको फैसला ने.का.प.२०६४, अङ्क १०, पृ.१३६८, नि.नं. ७८९३ तथा ने.का.प.२०६३, अङ्क ८, पृ.१०३४, नि.नं. ७७४९ मा प्रतिपादित सिद्धान्तसमेतको विपरीत रहेको देखिने ।

प्रमाण ऐन, २०३१ को दफा २५ मा प्रतिवादीउपरको अभियोग दाबी पुष्टि गर्ने प्रमाणको भार वादीमा निहित रहने कानूनी व्यवस्था पाइन्छ । सोबमोजिम यी पुनरावेदक प्रतिवादी शंकरबहादुर खड्कासमेतले अभियोग दाबीबमोजिमको डाँका चोरी

उद्योगको कसुर गरेको भन्ने ठोस आधार प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस हुन नसकेको अवस्थामा फौजदारी न्याय तथा न्यायिक सिद्धान्तसमेतको रोहमा शङ्काको भरमा प्रतिवादीहरूलाई कसुरदार ठहर गर्न मिल्ने पनि देखिँदैन। जाहेरी दरखास्त तथा अनुसन्धान तहकिकातको क्रममा तयार भएको कागजहरू अन्य प्रत्यक्ष तथा ठोस प्रमाणबाट समर्थित हुन नसकेको अवस्थामा डाँका चोरी उद्योग गरेको कसुरमा पुनरावेदक प्रतिवादीहरूलाई कसुरदार ठहऱ्याई सजायसमेत गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत दिपायलको फैसला उल्लिखित कानून एवं प्रतिपादित न्यायिक सिद्धान्तको व्याख्याको सन्दर्भमा मिलेको नदेखिँदा पुनरावेदन अदालत दिपायलको फैसला सदर हुनुपर्छ भनी प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, यी पुनरावेदक प्रतिवादीहरू डाँकाको वारदातमा संलग्न भएको भन्ने प्रमाणबाट पुष्टि नभएको र डाँका गर्ने उद्योग गरेको भन्नेसमेत प्रमाणको अभावमा डाँका उद्योग गरेको भनी कैलाली जिल्ला अदालतले मिति २०७१।१।१५ मा गरेको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत दिपायलको मिति २०७२।१।२९ को फैसला नमिलेकोले उक्त फैसला यी पुनरावेदक प्रतिवादीहरूको हकमा सम्म उल्टी भई पुनरावेदक प्रतिवादीहरू शंकरबहादुर खड्का, धरम सिंह वि.क., दिपक सुरी र दिपकबहादुर बोगटीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल फागुन २३ गते रोज २ शुभम्।

**३५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-०८४८, कर्तव्य ज्यान, नेपाल सरकार वि. अम्मरबहादुर वि.क. समेत*

प्रतिवादीहरूमध्ये अम्मरबहादुर वि.क.ले अनुसन्धान अधिकारीसमक्ष दुवै प्रतिवादीहरू संलग्न भई धनबहादुर नेपालीलाई मारेको भनी उल्लेख गरे तापनि अदालतसमक्ष बयान गर्दा धनबहादुर तथा प्रतिवादीहरू लालबहादुर नेपाली र आफूसँगै रक्सी खाई बाटोमा गएको भए पनि धनबहादुर नेपालीले प्रतिवादी अम्मरबहादुर वि.क.सँग चुरोट मागेकोमा आफूसँग चुरोट भएको तर लाइटर नभएको भन्दा धनबहादुर नेपालीले विवाद गरी २/४ मुक्का हानेको र धनबहादुर नेपालीलाई रक्सी लागेकोले नराम्रो हुन्छ भनी सरासर घरतर्फ लागेको भन्ने भनाइ रहेको छ। प्रतिवादी लालबहादुर नेपालीले अम्मरबहादुर वि.क. को भनाइलाई हुबहु समर्थन गर्दै अम्मरबहादुर वि.क. सरासर घरतर्फ लागेको र धनबहादुर नेपालीले आफूसँग पनि झगडा गरी लात्ती मुक्काले हान्न थालेपश्चात् आफूले ज्यान जोगाउन नजिकै रहेको ढुंगाले धनबहादुर नेपालीलाई हानेको भनी अदालतसमक्ष बयान गरेको देखिन्छ। प्रतिवादी अम्मरबहादुर वि.क.ले धनबहादुर नेपालीलाई मार्नुपर्ने कारण र मनसाय केही नदेखिएको, धनबहादुर नेपालीले निज प्रतिवादीसँग रक्सी खाई चुरोटका कारण झगडा गरेको र आफू सरासर हिँडेको भन्ने बयान सहप्रतिवादीको कथनसमेतबाट स्थापित भइरहेको पाइन्छ । सहप्रतिवादीले अदालतसमक्ष कसुर स्वीकार गरी अरू प्रतिवादीको संलग्नता नरहेको भनी गरेको साबिती बयान अन्य तथ्यहरूसमेतबाट समर्थित भएमा सहप्रतिवादीको त्यस्तो बयान प्रमाणका सन्दर्भमा विचारणीय हुन पुग्दछ । निज प्रतिवादी अम्मरबहादुर वि.क.को धनबहादुर नेपालीलाई ढुङ्गा हानी मार्ने कार्यमा संलग्न नरहेको एवम् रक्सी खाई विवाद हुन थालेपश्चात् निज सरासर घरतर्फ गएकोमा आफूले ढुङ्गाले हानेको भनी सहप्रतिवादी लालबहादुर नेपालीले अदालतमा बयान गरेको देखिँदा कर्तव्य गरी

मार्ने कार्यमा यी प्रतिवादी अम्बरबहादुर वि.क.को संलग्नता नदेखिएको अवस्थामा अभियोग दाबीबाट प्रतिवादी अम्मरबहादुर वि.क.लाई सफाइ दिने गरी सुरू जिल्ला अदालतले गरेको फैसला सदर गरेको उच्च अदालत पोखराको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अत: प्रतिवादीमध्येका लालबहादुर नेपालीले रक्सी सेवन गरी नशाको सुरमा तत्काल उठेको रिस र उत्तेजना नियन्त्रण गर्न नसकी धनबहादुर नेपालीलाई टाउकोमा ढुंगा प्रहार गरेको कारण धनबहादुर नेपालीको ज्यान मर्न गई प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसुर गरेको देखिएकोले सोही महलको १४ नं. बमोजिम प्रतिवादी लालबहादुर नेपालीलाई १० (दश) वर्ष कैदको सजाय गर्ने र अर्का प्रतिवादी अम्मरबहादुर वि.क. लाई अभियोग दाबीबाट सफाइ दिएको सुरू कास्की जिल्ला अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत पोखराबाट मिति २०७५।०१।०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । अभियोग दाबीबमोजिम यी प्रतिवादीहरू अम्मरबहादुर वि.क.लाई सफाइ दिएकोमा अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने र प्रतिवादी लालबहादुर नेपालीलाई अभियोग दाबीबमोजिम नगरी कम कैद सजाय गरेको उच्च अदालतको फैसला बदर गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : कुमार खतिवडा / नबिन आचार्य
कम्प्युटर : सुप्रभा अर्याल
इति संवत् २०७८ पौष १३ गते रोज ३ शुभम्।

**३६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७६-RB-०४५९, बैंकिङ कसुर, वर्षा कार्की थापा वि. नेपाल सरकार*

जाहेरवालालाई प्रतिवादी वर्षा कार्कीले चेक काटिदिएको र जाहेरवाला र प्रतिवादीबिच भएको लेनदेन कारोबारमा पति रमेश कार्कीको कुनै प्रकारको संलग्नता नदेखिएको स्थितिमा यी प्रतिवादीले गरेको फौजदारी कार्यको दायित्व पति रमेश कार्कीले बेहोर्नुपर्ने स्थिति नै नरहने हुँदा निजलाई प्रस्तुत कसुरमा विपक्षी कायम गरी निजउपर अभियोग दायर गर्नुपर्ने अवस्था नहुने हुँदा निज खातावाला रमेशकुमार कार्कीलाई अभियोग नलगाएको अवस्थामा आफूलाई कसुरदार कायम गर्न नमिल्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर मनासिब नदेखिने।

तसर्थ, प्रतिवादी वर्षा कार्की थापाले बैङ्किङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुर गरेको देखिँदा प्रतिवादीलाई सोही ऐनको दफा १५(१) बमोजिम दुई महिना कैद र बिगोबमोजिम रू.५६,००,०००।- (छपन्न लाख) जरिवाना भई उक्त बिगोसमेत जाहेरवालालाई प्रतिवादीबाट भराइदिने ठहर्‍याई सुरू उच्च अदालत विराटनगर, वाणिज्य इजलासबाट मिति २०७६।८।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : सुमनप्रसाद कुसवाहा
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०७८ साल भाद्र २७ गते रोज १ शुभम्।

**३७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CR-११९७, भ्रष्टाचार (घुस / रिसवत), रेशम आचार्य वि. नेपाल सरकार*

उजुरी निवेदनसाथ पेस भएको सि.डि.लाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा यी पुनरावेदक प्रतिवादी रेशम आचार्यले घुसबापत लिएको घुस रकम फिर्ता गर्दा खिचिएको सि.डि. तथा भिडियोमा देखिएको फोटो निजको हो होइन भनी यकिन गर्न

परीक्षण गर्न पठाइएकोमा सोसम्बन्धी परीक्षणको सुविधा नभएको भनी केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको च.नं.२९०६ मिति २०७०।११।२० मा पत्रसाथ जानकारी प्राप्त भएको भनी अभियोगपत्रमा उल्लेख भएबाट उक्त महत्त्वपूर्ण प्रमाणको रूपमा पेस भएको सि.डि.को वैज्ञानिक परीक्षण भएकोसमेत देखिँदैन। साथै उक्त भिडियोमा भएका आवाज संवाद र पेस भएका अडियोमा भएका संवाद एकै व्यक्तिको हो भनी यकिन हुने आधार प्रस्ट नभएको र स्पष्टताको अभावमा उक्त श्रव्यदृष्य रेकर्ड केही परिवर्तन (tampering) पनि भएको हो कि भन्नेसम्मको शंकाको स्थिति सिर्जना हुने देखिन्छ । यस्तो अवस्थामा आरोपित कसुर गरेको तथ्य समर्थित गर्ने बेहोराको सि.डी. र सोमा लिपिबद्ध गरिएको लिखत सम्बद्ध प्रमाणको रूपमा ग्राह्य हुने नदेखिने।

उजुरकर्ताले अदालतमा आई उजुरी बेहोराको ठिक उल्टो बकपत्र गरेको, आफ्नो मुद्दा विपक्षीसँग मिली हराइदिएको आरोप लगाएबाट नै निजको यी पुनरावेदक प्रतिवादीसँग मुद्दा हारेको रिसइवी रहेको, पेस भएको अडियो भिडियो परीक्षण नभएको र सो भिडियोमा अडियो संवाद कहिले कोसँग कहाँ भएको हो, कुनकुन नम्बरबिच भएको हो ? भन्ने Call details सामेल नगरिएको तथा भिडियोमा देखिएको व्यक्ति यी पुनरावेदक प्रतिवादी नै भएको भन्ने वैज्ञानिक रूपमा प्रमाणित नहुनुका साथै भिडियो खिच्ने भनिएका सँगम बानियाले नै आफूले मौकामा गरेको सनाखतको बेहोरालाई निजले अदालतमा बकपत्र गर्ने क्रममा अस्वीकार गरेको अवस्थामा स्वतन्त्र रूपमा अदालतमा भनेका भनाइहरूलाई प्रमाणमा नलिई सम्बन्धित व्यक्तिले इन्कार गरेको अनुसन्धानको कागज बेहोरालाई प्रमाणमा लिनु फौजदारी न्यायको मर्मविपरीत हुने हुँदा प्रमाणमा लिन मिल्ने देखिएन। पुनरावेदक प्रतिवादी विरूद्ध वादी पक्षबाट पेस भएका सम्पूर्ण कागज प्रमाणहरूबाट कसुर पुष्टि हुनसकेको अवस्था नदेखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिम ५ दिन कैद र ऐ.को दफा ३(१) बमोजिम रू.१२,०००।- (बाह्र हजार रूपियाँ) जरिवाना हुने ठहर्‍याई भएको सुरू विशेष अदालतको फैसला सदर हुनुपर्छ भनी प्रत्यर्थी वादी नेपाल सरकारतर्फबाट प्रस्तुत बहस जिकिरसँग सहमत हुन सकिएन।

तसर्थ, उपर्युक्त तथ्य, कारण र विवेचित आधारमा पुनरावेदक प्रतिवादी रेशम आचार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिम ५ दिन कैद र ऐ.को दफा ३(१) बमोजिम रू.१२,०००।– जरिवाना हुने ठहर्‍याई सजाय गर्ने गरेको विशेष अदालत काठमाडौंको फैसला मिलेको नदेखिँदा निज पुनरावेदक प्रतिवादीलाई भ्रष्टाचारको अभियोगमा कसुर कायम गरी सजाय गर्ने गरेको विशेष अदालतको मिति २०७२।०३।३० को फैसला उल्टी भई निजले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : मन्दिरा शाही

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७६ साल १७ गते रोज ३ शुभम्।

## ३८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-WH-०३७१, बन्दीप्रत्यक्षीकरण, प्रतिक चन्द वि. जिल्ला प्रहरी कार्यालय, सिराहासमेत*

यो मुलुक संविधानले शासित मुलुक हो । नेपालको संविधानको धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ र धारा १७ मा कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन र धारा १८ मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने छन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने संवैधानिक प्रावधान रहेको पाइन्छ । निवेदक

बन्दीको थुनाको सम्बन्धमा पटकपटक जारी भएको आदेश हेर्दा कतै यस अदालतको आदेश छल्ने, अवज्ञा गर्ने र निस्तेज पार्ने प्रयास त गरिएको होइन भन्ने आशंकाको आभाष हुन पुगेको छ । कानूनी शासन भएको मुलुकमा अदालतको आदेश छल्ने तथा निष्तेज पार्ने कार्य कुनै पनि अवस्थामा स्वीकार्य हुन नसक्ने।

निवेदक बन्दीलाई थुनामा राखेकोमा यस अदालतले बारम्बार बन्दी निवेदकलाई थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरेको देखियो। तथापि निवेदकलाई प्रवृत्त भावना राखी थुनामुक्त नगर्ने विपक्षीको कामकारबाही प्रथम दृष्टिमै असंवैधानिक, गैरकानूनी र आपत्तिजनक देखिएको छ। निवेदकलाई कुनै पनि हालतमा थुना मुक्त नगर्ने दुराशय लिई पहिले राखेको थुनालाई निरन्तरता दिन प्रवृत्त भावना राखी हाल पनि निवेदक बन्दीलाई गैरकानूनी थुनामा राखिएको देखिएको र यस अदालतबाट पटक पटक यी निवेदक बन्दीका हकमा थुनाबाट मुक्त गर्न आदेश जारी हुँदा पनि आदेशको पालना नगरी निरन्तर थुनामा राखिएको देखिँदा निवेदकलाई थुनामा राख्ने विपक्षीको कामकारबाही बदनियतपूर्ण नै मान्नुपर्ने देखियो। यसप्रकार कानूनबमोजिम बाहेक निवेदकलाई प्रवृत्त भावना लिएर बदनियतपूर्वक थुनामा राखेको देखिँदा नेपालको संविधानको धारा १६(१), १७(१)(२), १८(१)(२) द्वारा प्रदत्त निवेदकको मौलिक हक तथा वैयक्तिक स्वतन्त्रतामा आघात पुऱ्याएको देखिँदा निवेदकको ती हकको रक्षार्थ एवं ती हकहरूको निर्वाध उपभोग गर्न पाउने प्रयोजनार्थ निवेदक बन्दी चक्रबहादुर खत्रीलाई जिल्ला प्रहरी कार्यालय, सिराहा वा निज जहाँ थुनामा रहेको भए पनि राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय हरिहरभवन, ललितपुरसमक्ष मिति २०७७।०२।२५ मा उपस्थित गराई मानव अधिकार आयोगका माननीय अध्यक्ष वा माननीय सदस्यको रोहबरमा बन्दी चक्रबहादुर खत्रीलाई थुनामुक्त गर्नु भनी विपक्षीको नाउँमा यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ र निवेदकलाई थुनामुक्त गरेपश्चात् निजको सम्मानपूर्वक बाँच्न पाउने तथा वैयक्तिक स्वतन्त्रता उपभोग गर्न पाउने सन्दर्भमा मानव अधिकार आयोगले नै अनुगमन गर्नु भन्ने आदेशसमेत जारी हुने।

इजलास अधिकृत : केदारप्रसाद गौतम

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७७ साल जेष्ठ २३ गते रोज ६ शुभम्।

**३९**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-WO-०१६०, उत्प्रेषणयुक्त परमादेशसमेत, दिपीन्ती कार्की कोइराला वि. ज्योती शाहसमेत*

प्रत्यर्थी नविन ढुंगाना र ज्योति शाहले हाजिर गराइपाउँ भनी मिति २०७०/४/२७ मा व्यवस्थापक, एभिन्युज टेलिभिजनसमक्ष निवेदन दिएको, एभिन्युज टेलिभिजनले आफूहरूलाई हाजिर गराई काममा लगाइपाउँ भनी श्रम कार्यालय, सूचना विभाग तथा निवेदक टेलिभिजन कार्यालयमा निवेदन दिएकोमा आफ्नो कार्यालयमा दिएको निवेदनउपर कुनै सुनुवाइ नगरेको तथा अन्य कार्यालयमा दिएका निवेदन सम्बन्धमा छलफल गर्न आउनु भनी श्रम कार्यालयले र सूचना विभागले समेत छलफलमा बोलाउँदा छलफलमा सहभागीसमेत नभई समस्या समाधानतर्फ कुनै चासो दिएको देखिँदैन। साथै श्रम कार्यालयले निज निवेदकहरूलाई तलब भत्ता दिनु र हाजिर गराउनु तलब भत्ता दिनु नपर्ने कुनै कारण भए ७ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी एभिन्युज टेलिभिजनको नाममा विभिन्न मितिमा पत्राचार गरेको देखिएकोमा सो सम्बन्धमा समेत कुनै प्रतिक्रिया दिएको वा तलब भत्ता दिन नपर्ने कारण पेस गरेको भनी पुष्टि गर्न सकेकोसमेत देखिएन। यसबाट टेलिभिजन कार्यालयमा कार्यरत यी

प्रत्यर्थीहरूले टेलिभिजनले आफूहरूलाई हाजिर गर्न नदिई कामबाट वञ्चित गरेकोले हाजिर गराई काममा लगाइपाउँ भनी आफ्नै टेलिभिजन कार्यालयमा दिएका निवेदनउपर कुनै कारबाही नगरी श्रम कार्यालयलगायत विभिन्न निकायमा दिएका निवेदन सम्बन्धमा ती निकायले छलफलमा बोलाउँदा छलफलमासमेत सहभागी नभई बसी अनुपस्थित भएको ६० दिन पूरा गरी निज कर्मचारीहरू बिनासूचना एवम् जानकारी बेपत्ता भएको जस्तो गरी कर्मचारीहरूसँग स्पष्टिकरण लिई स्पष्टिकरण चित्त बुझ्दो नभएको भन्ने आधारमा बिदा स्वीकृत नगराई वा जानकारीबिना ६० दिनभन्दा बढी अनुपस्थित भएको भन्ने बनावटी आधारहरू खडा गरी टेलिभिजनको सेवाबाट हटाउने गरी बरखास्त गरेको भनी टेलिभिजन प्रा.लि. को व्यवस्थापकको बैठकले गरेको निर्णय कानूनको उचित प्रक्रिया पूरा गरी भएको मान्न मिल्ने नदेखिने।

अतः प्रत्यर्थीहरू नविन ढुंगाना र ज्योति शाह रिट निवेदक एभिन्युज टेलिभिजनमा करार सेवामा ३ वर्षको लागि कार्यरत रहेको अवस्थामा हाजिर गर्न नदिई कामबाट वञ्चित गरेकोले हाजिर गराई काममा लगाइपाउँ भनी निज कर्मचारीहरूले आफू कार्यरत टेलिभिजन कार्यालयमा निवेदन दिएकोमा सो निवेदनउपर कुनै कारबाही नगरी राखेको, निज कर्मचारीहरूले सूचना विभाग तथा श्रम कार्यालयमा समेत सोही बेहोराको निवेदन दिएकोमा ती निकायले रिट निवेदकलाई पटकपटक छलफलमा बोलाउँदासमेत छलफलमा सहभागी नभएको तथा प्रतिक्रिया माग गरेकोमा कुनै प्रतिक्रियासमेत नदिई आलटाल गरी कर्मचारीको गुनासोसमेत नसुनी बिदा स्वीकृत नगराई वा बिनाजानकारी ६० दिनभन्दा बढी अनुपस्थित रहेको भन्ने आधारमा प्रत्यर्थीहरू नविन ढुंगाना र ज्योति शाहलाई टेलिभिजनको सेवाबाट बरखास्त गर्ने गरी गरेको निर्णय कानूनको उचित प्रक्रिया पूरा गरी गरेको भन्ने नदेखिँदा रिट निवेदक एभिन्युज टेलिभिजनले गरेको मिति २०७०।७।१ को निर्णय बदर गर्ने गरी श्रम अदालतबाट मिति २०७१।२।२ मा भएको फैसलामा कानूनको कुनै त्रुटि नदेखिँदा उक्त फैसला उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : किरणकुमार सिंह/कुमार खतिवडा
कम्प्युटर : सुप्रभा अर्याल
इति संवत् २०७८ साल पौष २१ गते रोज ४ शुभम्।

४०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-०९०४, भ्रष्टाचार (घुस / रिसवत), दिनेश श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी राष्ट्रसेवक पदमा कार्यरत कर्मचारी रहेको भन्नेमा विवाद देखिँदैन । निजलाई घुस / रिसवतका लागि रू.१,०००।- का दरले १० थान नोट निवेदक उजुरवाला गोपीकृष्ण शर्मालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको देखिन्छ । सोही रकमसमेत गरी १०,०२४।- रुपियाँ प्रतिवादीबाट बरामद भएको भन्ने आरोपपत्रबाट देखिन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराएको रकमबाहेक अन्य कुनै रकमलाई घुस/रिसवत मानी बिगो कायम गरेकोसमेत मिसिल संलग्न कागजातबाट देखिँदैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराएको रूपियाँ रकमलाई यस अदालतको संवैधानिक इजलासले प्रमाणको लागि ग्रहणयोग्य नहुने भनी प्रमाण सङ्कलन गर्ने कानूनी व्यवस्थालाई अमान्य र बदर घोषित गरिसकेको अवस्थामा सोही कानूनी व्यवस्थाको आधारमा सङ्कलित प्रमाणको रोहमा प्रतिवादीलाई कसुरदार ठहऱ्याई विशेष अदालतबाट भएको फैसला संवैधानिक इजलासको उल्लिखित व्याख्याको

आधारमा कानूनसम्मत मान्न नमिल्ने।

आरोपपत्र तथा सुरु फैसलामा प्रतिवादी दिनेश श्रेष्ठले सेवाग्राही गोपीकृष्ण शर्मासँग रू.१०,०००।– घुस / रिसवत लिएको तथ्य निज तथा सेवाग्राही गोपीकृष्ण शर्माबिच भएको टेलिफोन वार्ताको अडियो सि.डी. समेतबाट पुष्टि भएको देखिन्छ भन्ने वादी पक्षका बहस प्रतिवाद जिकिरका सम्बन्धमा विचार उक्त CD मा भएको संवाद आफ्नो नभएको भनी प्रतिवादीले अदालतसमक्ष इन्कार गरेको देखिन्छ भने वादी पक्षबाट समेत उक्त CD मा भएको संवादको वैधानिक परीक्षण नभएको अवस्थामा CD मा भएको प्रतिवादीसँगको संवादलाई निर्विवाद रहेको मान्ने अवस्था नभएको र प्रायोजित बरामदी रकमको सन्दर्भमा पेस भएको अडियो CD लाई वैधानिक, विश्वसनीय, स्वतन्त्र र भरपर्दो प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिने।

अत: प्रतिवादी दिनेश श्रेष्ठबाट बरामद भएको भनिएको रकम तथा बरामदी मुचुल्कालाई प्रमाणमा ग्रहण गर्न नमिल्ने भएको र सोबाहेकका अन्य कुनै भरपर्दो एवम् विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले आरोपदाबी प्रमाणित गर्न सकेको नदेखिँदा पुनरावेदक प्रतिवादी दिनेश श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रू.१०,०००।- (दश हजार रूपियाँ) जरिवाना र ऐ. ऐनको दफा ३(१) (क) बमोजिम दिन १०(दश) कैद सजाय हुने ठहर्‍याई विशेष अदालत काठमाडौंको मिति २०७३।५।२३ को फैसला त्रुटिपूर्ण देखिएकोले सो फैसला उल्टी भई पुनरावेदक प्रतिवादी दिनेश श्रेष्ठले आरोप पत्रबाट सफाइ पाउने।

इजलास अधिकृत : सुमनप्रसाद कुशवाहा

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ पौष २२ गते रोज ५ शुभम्।

## ४१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री कुमार रेग्मी,** *०७६-CR-०४२१, ०७६-RC-०१२६, कर्तव्य ज्यान, नेपाल सरकार वि. राजन मुक्ति भन्ने संजित झा, नेपाल सरकार वि. रौकी भन्ने शिवकुमार ठाकुरसमेत*

अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा प्रत्यर्थी प्रतिवादी राजन मुक्ति भन्ने रंजित झाले उक्त घटना आफ्नोसमेत योजना अनुसार घटाउन लगाएको लगायतको कुरा स्वीकार गरी बयान गरेको देखिन्छ भने निजले अदालतसमक्ष गरेको बयानको बेहोरा हेर्दा मृतक तथा जाहेरवालालाई मैले चिनेको छैन, उल्लिखित प्रतिवादीहरूसँग मेरो कुनै सम्बन्ध छैन, यी व्यक्तिहरू मेरो पार्टीको सदस्य पनि होइन, प्रहरीमा लेखिएको कागजमा मबाट सहीछाप गराएका हुन्, मैले कुनै कुरा लेखाएको छैन, मेरो पार्टीले लालकिशोर झासँग चन्दा माग गरेको छैन, मेरो पार्टी राजनीतिक पार्टी हो, पार्टीसँग हातहतियार हुँदैन, लालकिशोर झालाई मार्नमा मेरो पार्टीबाट कुनै योजना बनेको छैन, प्रतिवादी शिवकुमार ठाकुर, राकेश पाण्डे, सुनिलकुमार अधिकारी, मनिष चौधरी र वैकुण्ठ दासलाई मैले चिनेको छैन, यी प्रतिवादीहरू मेरो पार्टीको सदस्य होइन, बैकुण्ठ दाससँग कुनै योजना बनेको छैन, मृतक लालकिशोर झालाई कसले मारेका हुन्, मलाई थाहा छैन, यतिका दिनपछि मेरोउपर परेका जाहेरी बेहोरा झुट्टा हो, मैले अभियोग दाबीबमोजिमको कसुर नगरेकोले दाबीबाट सफाइ पाउनुपर्छ भनी सुरू अदालतसमक्ष गरेको बयान देखिन्छ। यसरी यी प्रत्यर्थी प्रतिवादीले अधिकार प्राप्त अधिकारी तथा अदालतसमक्षको बयानको विश्लेषण गर्दा अधिकार प्राप्त अधिकारीसमक्षको बयानमा उक्त घटना आफ्नो योजनामा समेत घटाइएको कुरा स्वीकार गरी बयान

गरे तापनि अदालतसमक्षको बयानमा अभियोग दाबीमा पूर्णइन्कार रही बयान गरेको देखिने।

प्रतिवादी रौकी भन्ने शिवकुमार ठाकुर, बिजुली सिंह भन्ने राकेशकुमार पाण्डे र सुनिलकुमार अधिकारी यादवले पुनरावेदन नगरेकोले निजहरूको हकमा जन्मकैदको सजाय हुने ठहरी फैसला भएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ बमोजिम निज प्रतिवादीहरूको हकमा साधक दायरीमा दर्ता भई पेस भएको हुँदा निज प्रतिवादीहरूको हकमा साधकको रोहबाट विचार गर्दा जिल्ला शिक्षा कार्यालय, महोत्तरीको शाखा अधिकृत पदमा कार्यरत लालकिशोर झालाई प्रतिवादीमध्येका बैकुण्ठ दासले षड्यन्त्र गरी मार्न लगाई प्रतिवादीहरू रौकी भन्ने शिवकुमार ठाकुर, बिजुली सिंह भन्ने राकेश पाण्डे, सुनिलकुमार अधिकारी र जैसवाल भन्ने मनिष चौधरीसमेतले मिति २०६७।०७।११ गते गोली हानी कर्तव्य गरी मारेको र प्रतिवादीहरूको सो कार्य ज्यानसम्बन्धी महलको १ नं. द्वारा निषेधित कसुर भएकोले मृतकलाई गोली प्रहार गर्ने प्रतिवादी रौकी भन्ने शिवकुमार ठाकुरलाई सोही महलको १३(१) नं. बमोजिम, गोली प्रहार गरिएको वारदातस्थलमा मोटरसाइकलमा जाने बिजुली सिंह भन्ने राकेश पाण्डे, सुनिलकुमार अधिकारी र जैसवाल भन्ने मनिष चौधरीलाई १३(४) नं. बमोजिम अभियोग मागदाबी दायर भएकोमा यी प्रतिवादीहरू सुरू अदालतसमक्षको बयानमा कसुरमा इन्कार रही बयान गरेको भए तापनि मौकाको अनुसन्धान अधिकारीसमक्षको बयानमा कसुर स्वीकार गरी एक अर्कालाई पोल गरेको, निजहरूउपर किटानी जाहेरी दरखास्त परेको, मौकामा कागज गर्ने व्यक्तिहरू अदालतसमक्षको बकपत्रमा मौकाको कागजलाई पुष्टि हुने गरी बकपत्र गरेको तथा मृतकको बाबु पशुपति झाले यी प्रतिवादीहरूउपरको किटानी जाहेरी दरखास्तलाई पुष्टि हुने गरी गरेको बकपत्रसमेतका माथि उल्लिखित बुँदाहरूमा विवेचना गरिएका मिसिल संलग्न आधार प्रमाणहरूबाट यी प्रतिवादीहरूको हकमा सुरू धनुषा जिल्ला अदालतबाट प्रतिवादीमध्येका रौकी भन्ने शिवकुमार ठाकुरलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादीहरू भाष्कर भन्ने सुनिलकुमार अधिकारी यादव, बिजुली सिंह भन्ने राकेश पाण्डेलाई सोही महलको १३(४) नं. अनुसार जन्मकैदको सजाय हुने ठहर गरेकोमा उच्च अदालत जनकपुरबाट प्रतिवादीमध्येका रौकी भन्ने शिवकुमार ठाकुरको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्वको सजाय नहुने भएकोले निजलाई जन्मकैद हुने र अन्य प्रतिवादीहरू भाष्कर भन्ने सुनिलकुमार अधिकारी यादव र बिजुली सिंह भन्ने राकेश पाण्डेको हकमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(४) नं. अनुसार जन्मकैदको सजाय हुने गरी भएको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत जनकपुरबाट मिति २०७६।३।१८ मा भएको फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : सुमनप्रसाद कुशवाहा

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल कार्तिक ७ गते रोज १ शुभम्।

## ४२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री कुमार रेग्मी,** *०७२-CI-१८२७, शेषपछिको बकसपत्रको लिखत बदर, सन्तोषकुमार बनिया वि. भागवत कमला पुरी बानिया*

पुनरावेदक प्रतिवादी सन्तोषकुमार बनिया, वादी भागवत कमलापुरी बनिया र आमा मायादेवी बनिया गरी तीनजना मूल अंशियार रहेकोमा विवाद देखिँदैन । यी वादी, प्रतिवादी र निजको आमाबिच बन्डापत्र गर्दा छोराहरूले प्राप्त गर्ने अंश आफूखुसी गर्न

पाउने गरी अलग दर्ता गर्ने र आमा मायादेवीको नाममा जिउनीबापत दर्ता हुने जग्गा आमाको शेषपछि दुवै भाइ छोराले बराबर खान पाउने गरी आमाको नाममा र.नं.क १६६५० मालपोत कार्यालय, दाङमा मिति २०६७।१।३० गते दर्ता भएकोमा उक्त जग्गा आफूलाई रिझाएको भनी छोरा सन्तोषकुमार बनियालाई मिति २०६९।५।१ गते र.नं. ८३४(क) शेषपछिको बकसपत्र लिखत पारित गरिदिएको देखिन्छ । वादी, प्रतिवादी र निजको आमाबिच भएको बन्डापत्रमा बाँकी रहेको सम्पत्ति दुवै भाइ छोराले बराबर खान पाउने भनी उल्लेख भई यी वादी प्रतिवादीहरूले सहीछापसमेत गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ३४(१) मा "कुनै व्यक्तिले लेखेर, वचनले वा आचरणद्वारा कुनै व्यक्तिलाई कुरा यस्तो हो भन्ने विश्वासमा पर्न दिई सो व्यक्तिबाट कुनै काम गराएमा वा हुन दिएमा निज र सो व्यक्तिका बिचमा चलेको कुनै मुद्दामा सो कुरा त्यस्तो होइन वा थिएन भनी निजले खण्डन गर्न पाउने छैन" भन्ने उल्लेख गरेको पाइन्छ । सो व्यवस्थाबमोजिम यी वादी र प्रतिवादीहरू विबन्धित रहेको देखिन आयो । यी प्रतिवादीले समेत सो बन्डापत्रको अस्तित्व स्वीकार गरी सहीछाप गरेको स्थितिमा बन्डापत्रमा उल्लेख भएका सर्त र व्यवस्थाहरूलाई अक्षरशः पालन गर्नुपर्ने भएकोले आमा मायादेवीको बाँकी रहेको सम्पत्तिमा निजको शेषपछि पुनरावेदक प्रत्यर्थी वादी र पुनरावेदक प्रतिवादीको बराबर हक रहने देखिन्छ । यस अवस्थामा पुनरावेदक प्रतिवादीका नाममा पारित भएको मिति २०६९।५।१ को शेषपछिको बकसपत्र मिति २०६७।१।३० मा पारित बन्डापत्रको लिखतका सर्तविपरीत देखिएकोले उक्त लिखत कानूनसम्मत नदेखिने ।

पुनरावेदक प्रतिवादीको आमा मायादेवीले जीवित हुँदाका अवस्थामा बन्डाबाट प्राप्त गरेको आफ्नो हक र आफूखुस गर्न पाउने सम्पत्ति म छोरालाई शेषपछिको बकस गरिदिएको हो भन्ने पुनरावेदन जिकिर छ त्यसतर्फ हेर्दा, मायादेवीको बन्डामा परेको जग्गा निजको आफूखुस गर्न पाउने जग्गा भए तापनि उक्त जग्गा निजले यी वादी प्रतिवादी बाहेक अन्य कसैलाई राजीनामा पारित गरिदिएको नभई मिति २०६७।१।३० मा पारित बन्डापत्रमा सहीछाप गर्ने दुई भाइ छोरामध्ये एक भाइ छोरा पुनरावेदक प्रतिवादीलाई आफ्नो हक छाडिदिएको देखिन आयो । सो पारित बन्डापत्रमा बाँकी रहेको सम्पत्ति दुई भाइ छोराहरूले बराबर खाने भनी उल्लेख भएको देखिन्छ । उपर्युक्त स्थितिमा पुनरावेदक प्रतिवादीका नाममा पारित भएको मिति २०६९।५।१ को उक्त शेषपछिको बकसपत्र पुनरावेदक प्रतिवादी आयुरत्न सिख्राकार विरूद्ध प्रत्यर्थी वादी दिव्याकुमारी सिख्राकार रहेको मुद्दामा यस अदालतबाट ने.का.प. २०६७ अङ्क ११ नि.नं. ८५११ मा "बन्डापत्रको अस्तित्व स्वीकार गरी सो अनुसार आफ्नो अंश भाग लिई खाइसकेपछि सोही बन्डापत्रका अन्य सर्त र व्यवस्थाहरू सबै अंशियारले मान्नुपर्ने हुन्छ र बन्डापत्रका सर्त र व्यवस्थाहरू मान्न त्यसमा हस्ताक्षर गर्ने सबै पक्ष र व्यक्ति विबन्धित हुने भएकोले कसैले त्यसको विपरीत जान नमिल्ने" भनी प्रतिपादित सिद्धान्तविपरीत देखिन आयो । त्यसैगरी दोहोऱ्याइपाउने निस्सा प्रदान गर्दा उल्लिखित ने.का.प.२०५६ अङ्क ६ नि.नं. ६७२९ पृष्ठ ३९२ मा भएको व्याख्याविपरीत प्रस्तुत मुद्दामा पुनरावेदन अदालतबाट फैसला भएको नदेखिएको र उक्त मुद्दाको तथ्यसँग प्रस्तुत मुद्दाको तथ्यसमेत मिल्ने नदेखिएको हुँदा उक्त मुद्दामा प्रतिपादित सिद्धान्तको पालना नभएको भन्ने मुद्दा दोहोऱ्याइदिने निस्साको आधारसमेत तथ्यपरक देखिँदैन । नि.नं. ६७२९ को मुद्दामा आमाले आफ्नो अंशभागको सम्पत्ति निजको शेषपछि निजको छोराहरूले बराबर बाँडिखाने भन्ने बेहोरा उल्लेख नभएको स्थितिमा आफ्नो अंशभागको

सम्पत्ति आफूखुस शेषपछिको बकसपत्रको लिखत गरिदिएको अवस्था रहेको देखिन्छ र त्यस्तो अवस्थामा आफ्नो अंशभागको सम्पत्ति आमाले आफूखुस गरेकोलाई कानूनी मान्यता दिइएको छ भने प्रस्तुत विवादमा दुवै छोरा र आमाबिच भएको अंशबन्डाको रजिष्ट्रेसन पास भएको लिखतमा आमाको शेषपछि आमाको भागको जिउनी रहेको अंश भागको सम्पत्ति दुवै भाइहरूले बराबर बाँडिखाने भनी उल्लेख भई तिनै जनाको सहीछाप परेको अवस्थामा सोविपरीत सोही बन्डापत्रको अर्को हस्ताक्षरकर्ता भाइलाई थाहा जानकारी मन्जुरी नलिई एक भाइले गुपचुपमा आमाबाट शेषपछिको बकसपत्र गराएको हुँदा सोलाई मान्यता नदिइएको अवस्था रहेको देखिने।

तसर्थ, वादी दाबीबमोजिमको बकसपत्रको लिखतमा उल्लिखित कि.नं. २६२६ को जग्गामध्ये दुई खण्डको एक खण्ड बदर हुने ठहऱ्याई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७१।२।२५ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७२।६।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : ताराप्रसाद जोशी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७८ साल फागुन २९ गते रोज १ शुभम्।

४३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-००४२, बन्दीप्रत्यक्षीकरण, दिनेशचन्द्र शर्मा वि. उच्च अदालत पाटन, हेटौंडा इजलास मकवानपुरसमेत*

बन्दीप्रत्यक्षीकरण असाधारण क्षेत्राधिकारको विषय भएकोले यसमा केवल थुनाको वैधता मात्र जाँच्ने गरिन्छ न कि मिसिलमा रहेका तथ्य प्रमाणको मूल्याङ्कन गर्ने । प्रचलित कानूनबमोजिम साधिकार निकायबाट मुद्दाको अनुसन्धान तहकिकात भई अभियोजन भएको र कानूनको उचित प्रक्रिया पुऱ्याई सक्षम अदालतबाट थुनछेक आदेशसमेत भई मुद्दाको पुर्पक्षको लागि प्रतिवादीलाई थुनामा राखी मुद्दाको कारबाही चलिरहेको अवस्थामा अदालतको साधारण क्षेत्राधिकारको बाटो नै अवरूद्ध हुने गरी असाधारण क्षेत्राधिकारभित्र प्रवेश गरी मातहतका अदालतलाई कानूनबमोजिम प्रदान गरिएका प्रक्रियाबमोजिमका कार्यविधिहरू प्रयोग गर्नमा माथिल्लो तहको अदालतले हस्तक्षेप गर्नु औचित्यपूर्ण नहुने । प्रस्तुत मुद्दामा प्रचलित कानूनबमोजिम अख्तियारी पाएको निकायबाट अनुसन्धान तथा अभियोजन भई सक्षम अदालतले मुद्दाका सम्पूर्ण प्रक्रियाहरू पूरा गरी मुद्दा पुर्पक्षको लागि प्रतिवादीलाई थुनामा राख्ने गरी भएको आदेशलाई अन्यथा भन्न मिल्ने देखिँदैन। यसै सन्दर्भमा निवेदक वासुदेव साह तुरहाका हकमा अधिवक्ता रामविलास राउत विपक्षी पुनरावेदन अदालत हेटौंडा (ने.का.प. २०६८, नि.नं. ८६५०, पृष्ठ ११७१) भएको निवेदनको सन्दर्भमा "तल्लो अदालतले थुनछेकलाई लिएको तत्काल प्राप्त प्रमाणका आधार पुनरावेदन अदालतसमेतले मनासिब मानेको अवस्थामा सर्वोच्च अदालतले ती आदेशहरू प्रतिकूल बन्दीप्रत्यक्षीकरण जारी गर्दा न्यायिक संयम र मर्यादाको उल्लङ्घन हुन पुग्ने" भनी भएको देखिन्छ । त्यसैगरी भरतराज तुलाधरको हकमा छोरा विजय तुलाधर विरूद्ध काठमाडौं जिल्ला अदालतसमेत भएको (ने.का.प.२०७५ अङ्क १०, नि.नं.१०१०८) बन्दीप्रत्यक्षीकरणको निवेदनमा "बन्दीप्रत्यक्षीकरण रिट निवेदनका सन्दर्भमा थुनाको कानूनी वैधता (Legality) सम्म परीक्षण गरिने हो । मातहत अदालतमा विचाराधीन रहेको मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गरी इन्साफ गरेको परिणाम आउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु हामीले अख्तियार गरी आएको मान्यता, प्रणाली वा

आधारमा प्रतिकूल हुन जाने र विचाराधीन मुद्दामा सक्षम अदालतले न्यायिक प्रक्रियाअनुसार मुद्दाको सुनुवाइ हुँदाको अवस्थामा आरोपित कसुरको सन्दर्भमा प्रमाणको मूल्याङ्कन गरी न्याय निरूपण गर्ने भएकोले कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राखेको कुरामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब नहुने" भनी सिद्धान्त प्रतिपादित भएको पाइन्छ। यसरी मुद्दाको कारबाहीको सिलसिलामा अदालतको आदेशबमोजिम न्यायिक हिरासत (Judicial custody) मा रहेको थुनालाई गैरकानूनी भन्न नमिल्ने भएकोले त्यस्तो अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने भनी न्यायिक सिद्धान्तहरू प्रतिपादित भएको पाइन्छ। यी निवेदक प्रतिवादीउपर सवारी ज्यान मुद्दामा जाहेरी परी कानूनबमोजिम मुद्दाको अनुसन्धान तथा अभियोजन भई सुरू अदालतबाट थुनछेकको क्रममा मुद्दा पुर्पक्षको लागि यी निवेदकलाई थुनामा राख्ने गरी आदेश भएकोमा सो आदेश मनासिब ठानी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट समेत सदर भइसकेको अवस्था देखिन्छ। यसरी प्रस्तुत विवाद अदालतमा विचाराधीन मुद्दाको विषय भई न्यायिक प्रक्रिया र सुनुवाइको चरणमा रहेको देखिँदा कानूनबमोजिम पुर्पक्षको लागि थुनामा बसेको यस अवस्थालाई गैरकानूनी वा कानून प्रतिकूलको थुना भनी मान्न नमिल्ने।

अत: निवेदकलाई गैरकानूनी तवरबाट थुनामा राखेको नभई मुद्दाको रोहमा पुर्पक्षको सिलसिलामा तह-तह अदालतबाट भएको आदेशबमोजिम थुनामा राखेको देखिनुको साथै यसै रिट निवेदनसाथ पेस भएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम यिनै निवेदक तथा विपक्षी भएको ०७७-RE-००७७ नं.को कैफियत प्रतिवेदनउपर सुनुवाई हुँदा यी निवेदकलाई तत्काल प्राप्त प्रमाणका आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी सुरू चितवन जिल्ला अदालतबाट भएको आदेश सदर ठहऱ्याएको उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको आदेश सदर हुने गरी आज यसै इजलासबाट आदेशसमेत भइसकेको सन्दर्भमा समेत निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : मानबहादुर बिष्ट

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७७ साल भाद्र २३ गते रोज ३ शुभम्।

## ४४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७४-CR-११८७, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. प्रकाश भन्ने विजयप्रकाश राईसमेत*

प्रतिवादी भरत गुरूङले र कसुर अपराधमा पूर्ण इन्कार रही वारदात समयमा आफू पाँचथरमा नभएको भनी गरेको बयानलाई समर्थन हुने गरी प्रतिवादी भरत गुरूङका साक्षी कमलकुमार मुखियाले अदालतमा आई बकपत्र गर्दा भरत गुरूङ, वारदातको समयमा विदेश जाने सिलसिलामा काठमाडौं गएका थिए भनी लेखाएको पाइन्छ। घाइते स्वयंले समेत भरत गुरूङलाई विवाह घरमा देखिन भनी लेखाएको पाइन्छ। यसबाट निज प्रतिवादी वारदातस्थलमा नभएको कुरा पुष्टि भइरहेको देखिएकोले वारदातस्थलमा भएको र घटना घटाएको भनी अनुमान गर्न नमिल्ने।

प्रस्तुत मुद्दामा स्वयं पीडित घाइते विजय फागोले आफूलाई कोही कसैले कुटपिट गरेको होइन। भागदौडमा भाग्ने क्रममा आतंवाखोलामा पुग्दा चिप्लेर लडी ढुंगामा टाउको बजारिँदा चोट लागेको हो भनी लेखाएकोमा सोको विपरीत आफूलाई अदालतमा आई बकपत्र गरेको देखिन्छ। निजहरूले घाइते विजय फागो र यी प्रत्यर्थी प्रतिवादीहरूबिच ज्यानमार्नेसम्मको कुनै रिसइवी र मनमुटाव रहेको भनी पनि वादी पक्षले दाबी गर्न सकेको पनि पाइँदैन। यसैगरी वादी पक्षले

यी प्रतिवादीहरूले घाइतेको ज्यान मार्ने मनसायले कुनै घातक हतियार प्रयोग गरेको भनी प्रमाणित गर्न सकेको पाइँदैन । पीडित घाइतेको घाउ जाँच केस फाराममा समेत कुनै धारिलो हतियारले काटेको नभई blunt force का कारण चोट लागेको भन्ने देखिएको लड्दा ढुंगामा ठोक्किन गई टाउकोको पछाडि चोट लागेको भन्ने घाइते स्वयंको मौकाको कागज समर्थित हुन आएको पाइने।

तसर्थ, प्रत्यर्थी प्रतिवादीहरू प्रकाश भन्ने विजय प्रकाश राई, अम्बीर राई, श्रीकुमार भन्ने श्रीप्रकाश राई, कुमार राई र लक्षमण भन्ने ललित राईलाई कसुरदार ठहऱ्याई अभियोग दाबीबमोजिम जनही ५ वर्ष कैद हुने र प्रतिवादी भरत गुरूङले आरोपित कसुरबाट सफाइ पाउने ठहरी सुरू पाँचथर जिल्ला अदालतबाट मिति २०७१।११।२६ मा भएको फैसला केही उल्टी गरी प्रत्यर्थी प्रतिवादीहरू प्रकाश भन्ने विजय प्रकाश राई, अम्बीर राई, श्रीकुमार भन्ने श्रीप्रकाश राई, कुमार राई, ललित भन्ने लक्ष्मण राई र भरत गुरूङले आरोपित कसुरबाट सफाइ पाउने ठहरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।११।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने । अभियोग मागदाबीबमोजिम प्रत्यर्थी प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : इन्दिरा कार्की (गेलाल)

इति संवत् २०७५ साल भाद्र १५ गते रोज ४ शुभम्।

- यसै लगाउका ०७५-CR-२०७१, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. सुन्दर सदासमेत भएको मुद्दामा पनि यसै अनुसार फैसला भएको छ।

४५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-CR-०७८५, कर्तव्य ज्यान, नेपाल सरकार वि. जिब्रिल भन्ने मो. हजरत शेखसमेत*

प्रहरी प्रतिवेदनको जाहेरी र फरारीको नामावलीमा समेत समावेश नभएका प्रत्यर्थी प्रतिवादी जिब्रिल भन्ने मो. हजरत शेष मिति २०६५।०४।२५ मा पक्राउ परेको देखिन्छ । यी प्रत्यर्थी प्रतिवादीलाई के, कुन सूचनाका आधारमा पक्राउ गरेको भन्ने पनि खुलेको छैन । प्रतिवादी जिब्रिल भन्ने मो. हजरत शेषले अनुसन्धान अधिकारीसमक्ष दिएको बयानमा पोलेका व्यक्ति भनी प्रत्यर्थी प्रतिवादी कृष्ण सदा मिति २०६५।०५।१२ मा, प्रत्यर्थी प्रतिवादी बसन्तकुमार राम मिति २०६५।०५।१५ मा, प्रत्यर्थी प्रतिवादी विन्देश्वर सदा मिति २०६५।०५।१७ मा पक्राउ परेको देखिन्छ । अनुसन्धान अधिकारीसमक्षको बयानमा प्रतिवादी जिब्रिल भन्ने मो. हजरत शेष आरोपित कसुर अपराधमा साबित भई आफूले रामहरि पोखरेलको खुट्टा समातेको र धारिलो हतियारले घोची काटी मार्ने काम विन्देश्वर सदाले गरेको भनी लेखाएको पाइन्छ । अनुसन्धानको सिलसिलामा प्रतिवादीहरू बसन्तकुमार राम र विन्देश्वर सदाले समेत सोही बेहोरालाई समर्थन गरी परस्परमा पोल गरी बयान लेखाएको पाइन्छ । प्रतिवादीहरूले अदालतमा सो कुरामा पूर्ण रूपमा इन्कार रही प्रहरी कार्यालयमा मलाई कुटपिट गरी धम्की दिएकाले साबित भई बयान गरेको हो । प्रहरीमा भएको मेरो बयान बेहोरा झुट्टा हो । सचिव रामहरि पोखरेललाई अपहरण गर्न र हत्या गर्न कुनै संलग्नता छैन भनी एकै मिलानको बयान गरेको देखिन्छ । अनुसन्धान अधिकारीसमक्षको निज प्रतिवादीहरूको बयान बेहोरा हेर्दा सबै प्रतिवादीको बयान बेहोरा ढाँचा हुबहु उस्तै देखिन्छ । यसरी स्वतन्त्र प्रमाणले समर्थित नगरेसम्म अधिकार प्राप्त अधिकारीसमक्ष कसुरमा साबित भएको बयान कागजलाई प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने भन्ने न्यायको सर्वमान्य सिद्धान्त विपरीत यी प्रतिवादीले नै उक्त घटना घटाएको हुन् भनी मान्नु

न्यायोचित नदेखिने ।

प्रस्तुत मुद्दा उठान भएको प्रहरी प्रतिवेदन, प्रतिवादीहरूको सुरू अदालतसमक्षको बयान, प्रतिवादीहरूका साक्षीको बकपत्र एवम् वस्तुस्थिति मुचुल्कासमेतबाट प्रत्यर्थी प्रतिवादीहरूउपर अभियोग दाबी पुष्टि हुनसकेको पाइएन। यसरी पर्याप्त र वस्तुनिष्ठ प्रमाणको विद्यमानता नरही अभियोग दाबी पुष्टि हुन नसकेको स्थितिमा प्रतिवादीउपर अभियोग दाबी लिएकै आधारमा शंका र अनुमानका भरमा मात्र कर्तव्य ज्यान जस्तो फौजदारी कसुर अपराध ठहर गरी सजाय गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तविपरीतसमेत हुन जाने देखिन्छ । यस सन्दर्भमा पुनरावेदक/वादी हर्कबहादुर विश्वकर्मासमेतको जाहेरीले नेपाल सरकार विरूद्ध प्रत्यर्थी / प्रतिवादी थोमबहादुर तामाङसमेत भएको कर्तव्य ज्यान मुद्दा (ने.का.प. २०७०, चैत्र महिना, निर्णय नं. ९०९२) मा "अभियोग दाबी लगाउनु र अभियोग स्थापित हुनु अलगअलग कुरा हुन्। फौजदारी कसुरअन्तर्गत अभियोग दाबी लिँदा सो दाबीलाई पुष्टि गर्ने यथेष्ट प्रमाणहरूको विद्यमानता हुनु अनिवार्य हुने। अनुमान तथा अड्कलका भरमा अभियोगलाई स्थापित गर्दै जाने हो भने फौजदारी न्यायको मूल मर्म नै परास्त हुन गई समग्र न्याय प्रणालीप्रति नै वितृष्णा हुने" भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइने।

तसर्थ: प्रतिवादीहरू प्रत्यर्थी / प्रतिवादी जिब्रिल भन्ने हजरत शेख, बसन्तकुमार राम, प्रेमकुमार पासवान, राजेन्द्र भन्ने विन्देश्वर सदा, कृष्ण सदाउपरको अभियोग स्वतन्त्र प्रमाणले पुष्टि हुन नसकेको र शंकाको आधारमा मात्र कसुरदार ठहर गर्न नमिल्ने हुँदा प्रत्यर्थी प्रतिवादीहरू प्रत्यर्थी/ प्रतिवादी जिब्रिल भन्ने मो. हजरत शेख, बसन्तकुमार राम, प्रेमकुमार पासवान, विन्देश्वर सदा, कृष्ण सदालाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०६७।०२।०९ मा भएको सुरू सिराहा जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।०२।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । अभियोग मागदाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : इन्दिरा कार्की (गेलाल)

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७५ साल भाद्र १५ गते रोज ४ शुभम्।

४६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७२-RB-०१८८, मूल्य अभिवृद्धि कर (कर अवधि २०६१ पौष, २०६३ आषाढ र मङ्सिर), अमितकुमार बाजला वि. ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर*

औषधी ऐन, २०३५ को दफा २(क) मा "औषधी भन्नाले मानिस, पशु वा पक्षीलाई हुने रोगको निदान गर्न, उपचार गर्न वा रोकथाम गर्न, रोग निको मार्न वा साम्य गर्न वा मानिस, पशु वा पक्षीलाई रोग ल्याउने किराको नाश गर्न मानिस, पशु वा पंक्षीको शारीरिक बनावट वा प्रक्रियालाई असर पार्न प्रयोग गरिने पदार्थ वा त्यस्तो पदार्थमा लगाउने साधक पदार्थसमेतलाई सम्झनुपर्छ ।" भन्ने ऐ.को दफा २(च) मा "सेवन भन्नाले रोगीको तत्कालीन शारीरिक र मानसिक अवस्थामा सुधार ल्याउने मनसायले चिकित्सकले वा चिकित्सकबाट अधिकृत गरिएको व्यक्तिले रोगलाई औषधी खुवाउने वा प्रयोग गर्ने वा त्यस्तो चिकित्सकले लेखिदिएको प्रेसक्रिप्सन अनुसार रोगी आफैँले त्यस्तो औषधी खाने वा प्रयोग गर्ने कार्य सम्झनुपर्छ ।" भन्ने प्रावधान र ऐ.को दफा १० र औषधी दर्ता नियमावली, २०३८ को नियम ६ मा "औषधीको बिक्री वितरण गर्ने व्यक्तिले आफ्नो नाम र पसल वा फर्म विभागमा तोकिएबमोजिम दर्ता गराई तोकिएको दस्तुर तिरी प्रमाणपत्र लिनुपर्ने छ ।" भन्ने कानूनी प्रावधानसमेत

रहेको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाको रोहमा र औषधी व्यवस्था विभाग र आयुर्वेद विभागसमेतले आन्तरिक राजस्व विभागलाई लेखेको पत्र बेहोराबाट समेत ती दुवै वस्तु औषधी हो भनी निष्कर्ष निकाल्न सकिने अवस्था देखिने।

निवेदक डाबर नेपाल प्राइभेट लिमिटेडको तर्फबाट अधिकार प्राप्त मुख्य वित्त नियन्त्रक तथा कम्पनी सचिव आश्वनीकुमार मेहरा तथा विपक्षी आन्तरिक राजस्व विभाग, काठमाडौंसमेत भएको उत्प्रेषणसमेतको रिट नं. ०६३-WO-०९०७ को मुद्दामा "निवेदक कम्पनीको उत्पादन "डावर च्यवनप्राश र हजमोला ट्याब्लेट" औषधी ऐन, २०३५ बमोजिम औषधी व्यवस्था विभागको स्वीकृति लिई उत्पादन गरेको भए पनि मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले स्वीकृति लिएका सबै औषधीहरूमा मूल्य अभिवृद्धि कर छुटको व्यवस्था गरेको भन्ने देखिन आउँदैन। कर छुटको सुविधा प्राप्त गर्नका लागि उत्पादित औषधीहरू पशु तथा मानवीय उपचार र गर्भ निरोधक साधन हुनुपर्ने अनिवार्यता देखिन्छ । निवेदक उद्योगबाट उत्पादित डाबर च्यवनप्राश र हाजमोला ट्याब्लेट तन्दुरुस्ती, निरोगिता, मानवीय स्वास्थ्य र Digestion थेराप्युटिक मानवीय उपचारका लागि र पोषण औषधीको रूपमा प्रयोग हुने भनी आफ्नो निवेदनमा उल्लेख गरे पनि कुन मानवीय रोग निको पार्न सो औषधी प्रयोग हुने हो सो कुरा केही खुलाउनसकेको पाइँदैन । साथै, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को द्रष्टव्यमा सो अनुसूचीअन्तर्गत कर छुट गरिएका वस्तु तथा सेवाको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड तोक्ने काम आन्तरिक राजस्व विभागले गर्नसक्ने छ भनी स्पष्ट व्यवस्था गरिएबमोजिम आफूलाई भएको अधिकार प्रयोग गरेको भन्ने देखिँदा विभागले आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरी निवेदक कम्पनीको उत्पादन डाबर च्यवनप्राश र हाजमोला ट्याब्लेट मूल्य अभिवृद्धि कर छुटभित्र नपर्ने भनी व्याख्या गर्ने गरी निर्णय गरेको भन्ने देखिन आएन।" भनी व्याख्या गरेको पाइने।

अतः डाबर नेपाल प्रा.लि.बाट उत्पादित च्यवनप्राश र हाजमोला मानवीय उपचारको औषधीअन्तर्गत पर्ने नदेखिएकोले ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको मिति २०६४।५।१३ को निर्णयलाई सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।३।२९ को निर्णयलाई सदर गर्ने गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०६९।२।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७८ साल मंसिर २७ गते रोज २ शुभम्।

४७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७४-CI-१०७७, अंश छोडपत्र लिखत बदर, रन्जीता पौडेल वि. साबित्री पोखरेल (नेपाल)*

पुनरावेदक प्रतिवादीको आफूले अंश छोडपत्र गरेर अंश लिएको अवस्थामा विपक्षीमध्येका चिरञ्जीवी र आफू मात्र दुई अंशियार थियौँ भन्ने जिकिरतर्फ विचार गर्दा, यसै लगाउको ०७४-CI-१०७६ को अंश चलन मुद्दामा वादी र प्रतिवादीसमेत ४ अंशियार कायम भई वादीले प्रतिवादीहरूबाट ४ भागको २ भाग अंश पाउने ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर हुने ठह-याएको पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहर गरी आज यसै इजलासबाट फैसला भएको छ। वादी सावित्री पोखरेलको प्रतिवादी चिरञ्जीवी नेपालसँग मिति २०६२।११।२४ मा विवाह भएको र मिति २०६३।१२।२३ मा छोरी शाम्भवी नेपालको जन्म भएको भन्ने वादी दाबी

रहेको देखिन्छ । प्रतिवादी चिरञ्जीवी नेपालले वादीलाई श्रीमती र छोरी भएको कुरामा स्वीकार गरेको देखिन्छ । प्रतिवादीमध्येकी रन्जीता पौडेललेसम्म वादीलाई २०६५ साल भदौअघि आफूले कहिल्यै नदेखेको, वादीले विवाह दर्ता एवम् छोरीको जन्मदर्ता पेस गर्न नसकेको, विपक्षी पति चिरञ्जीवी नेपालले वादी रन्जीता पौडेललाई तथाकथित पत्नी एवम् छोरी खडा गरी मुद्दा दर्ता गरेका हुन्समेत भनी प्रतिवाद गरेको देखिन्छ । वादीको नाता सम्बन्धको जिकिरलाई स्वयं प्रतिवादी चिरञ्जीवी नेपालले स्वीकार गरेको देखिन्छ । २०६५ साल भदौअघि आफूले वादीलाई नदेखेको भनी प्रतिवादी रन्जीता पौडेलको प्रतिवाद भए तापनि वादी एवम् प्रतिवादी चिरञ्जीवी नेपालबिच विवाह भएको वर्ष एवम् छोरीको जन्म तिथिमितिसमेत उल्लेखन गरेको र सोलाई तथ्ययुक्त रूपमा खण्डन हुन नसकेको स्थितिमा नातामा विवाद रहेको भन्न सकिने अवस्था रहेन । अतएवः वादी प्रतिवादीहरू ४ अंशियार रहेको भन्ने अवस्था स्थापित हुन आउँछ । प्रतिवादी रन्जीता पौडेलले र प्रतिवादी चिरञ्जीवी नेपालबिच मिति २०६५।२।१४ मा सम्बन्ध विच्छेद मुद्दा दर्ता भएको र मिति २०६५।३।२४ मा सम्बन्ध विच्छेद भए तापनि सोपूर्व नै नाता सम्बन्ध स्थापित भइसकेकोले अंशियार सङ्ख्यामा फरक पर्न सक्ने पनि देखिएन । साथै, मुलुकी ऐन, अ.बं. १३९ नं. बमोजिम बुझिएका दुर्गा नेपाल र भाष्कर नेपाल अंशियार हुन् वा होइनन् भन्ने सम्बन्धमा निजहरू र चिरञ्जीवी नेपालबिच मिति २०६४।१।२० मा अंशबन्डा भएको र सो अंशबन्डा सम्बन्धमा वादी प्रतिवादीबिच विवाद नरहेकोले सोतर्फ विवेचना गरिरहनपर्ने देखिएन । यस स्थितिमा मिति २०६४।३।१७ मा अंश छोडपत्रको लिखत हुँदा ४ जना अंशियार रहेको अवस्थामा केवल २ जना मात्र अंशियार देखाई वादी सावित्री पोखरेलसमेतको अंश हकमा असर पर्ने गरी अनुचित तवरले अंश छोडपत्रको लिखत गरेको देखिएकोले उक्त अंश बुझेको भरपाई (अंश छोडपत्र) को लिखत मुलुकी ऐन, अंशबन्डाको महलबमोजिम कानूनसङ्गत रहेको मान्न मिल्ने नदेखिने ।

तसर्थ, वादी र प्रतिवादीहरू ४ अंशियार भएकोमा प्रतिवादीहरूले आफूहरू दुई जना मात्र अंशियार देखाई वादीहरूको अस्तित्व नदेखाई गरेको वादी दाबीको मिति २०६४।३।१७ को अंश बुझेको भरपाई लिखत बदर हुने ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६६।६।२५ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६८।२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः ताराप्रसाद जोशी
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०७९ साल कार्तिक १७ गते रोज ५ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७४-CI-१०७६, अंश चलन, रन्जीता पौडेल वि. साबित्री पोखरेल (नेपाल)
- ०७२-WO-०३५०, उत्प्रेषणयुक्त परमादेशसमेत, चिरञ्जीवी नेपाल वि. साबित्री पोखरेल (नेपाल) समेत
- ०७२-WO-०२५४, उत्प्रेषणयुक्त परमादेशसमेत, साबित्री पोखरेल (नेपाल) वि. चिरञ्जीवी नेपालसमेत

## ४८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CR-१७४६, ०७४-CR-०१६४, अपहरण गरी कर्तव्य ज्यान, शिवराज भट्ट वि. नेपाल सरकार, नेपाल सरकार वि. शिवराज भट्टसमेत*

प्रतिवादी शिवराज भट्ट र मृतक घुम्मन

चौधरीबिच भएको लेनदेन सम्बन्धमा हेर्दा, सहप्रतिवादी महेश भट्टले अदालतमा गरेको बयानमा शिवराज भट्टले आफ्नो नागरिकताबाट रू.१ लाख निकालेको भनी लेखाएको पाइन्छ। प्रतिवादी शिवराज भट्टका बाबु हरिचन्द्र भट्टले मौकामा कागज गर्दा लगभग १० महिनापहिले छोराले घुम्मन चौधरीसँग रू.१६,०००।– मागी छोरा शिवराज भट्टले चोरीको मोटरसाइकल किनेको थाहा पाएपछि मैले तुरून्त मोटरसाइकल बिक्री गरी पैसा तिर भनेपछि शिवराज भट्टले किनेकै मानिसलाई फिर्ता दिई घुम्मन चौधरीको पैसा फिर्ता दिएको हो भनी र सुरू अदालतमा आई बकपत्र गर्दा मृतकबाट मेरो छोराले १ लाख बिस हजार रूपियाँ ऋण लिएको भनी घटनापूर्व मलाई स्वयंले भनेका हुन् । उक्त रकम सापटी मागी चेक लिई उक्त चेक महेश भट्टको नागरिकता राखी सटही गरेपछि सो रकम छोराले आफ्नो खातामा राखेको हो भनी लेखाएबाट घुम्मन चौधरी र प्रतिवादी शिवराज भट्टका बिचमा लेनदेन व्यवहार रहेको भन्ने नै देखिन आयो। यस अवस्थामा निज प्रतिवादी शिवराज भट्टले लिएको सो रकम पचाउने नियतले घुम्मन चौधरीलाई मारेको भनी अनुसन्धान अधिकारीसमक्ष गरेको बयान समर्थित भइरहेको र प्रस्तुत मिसिलमा रहेका अन्य परिस्थितिजन्य प्रमाणसमेतबाट प्रस्तुत वारदातमा निज प्रतिवादी शिवराज भट्टको संलग्नता रहेकोमा विवाद नदेखिने।

अर्का प्रतिवादी महेश भट्टलाईसमेत अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा हेरौँ । प्रतिवादी महेश भट्टले आरोपित कसुरका सम्बन्धमा अदालतमा इन्कारी बयान दिएको पाइन्छ। सहप्रतिवादी शिवराज भट्टले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा बैङ्कबाट रकम निकाल्ने प्रयोजनार्थ नागरिकतासमेत चाहिने भएपछि महेश भट्टलाई फोन गरेको, शक्ति कटेजमा घुम्मनलाई लिई जाँदाका बखत साथैमा गएको भनी बयान गरेको भए पनि मृतकलाई राति निजको घाँटी थिची आफूले मारेको र प्रतिवादी महेश भट्ट अर्को कोठमा सुतेका थिए भनी बयान गरेको देखिन्छ। अपहरण गर्ने र मार्ने योजनाका सम्बन्धमा यी प्रतिवादी महेश भट्टलाई कुनै जानकारी रहेको देखिँदैन । निजै शिवराज भट्टको अनुसन्धान अधिकारीसमक्ष भएको बयानलाई आधार मान्दा पनि यी प्रतिवादी महेश भट्टको भूमिका घुम्मन चौधरीलाई शिवराज भट्टले मारिसकेपछि लास गोदावरीमा लगी हिम पाइपभित्र राख्ने कार्यमा सम्म मोटरसाइकल चलाउने चालकको रूपमा रहेको देखिन्छ । यसपछि उक्त वारदातका सम्बन्धमा यी प्रतिवादीले कहीँ जानकारी गराएको अवस्था देखिँदैन। यही स्थितिलाई हेरेर निज प्रतिवादीका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ६ महिना कैद हुने ठहराई फैसला भएकै पनि देखिएको छ । योबाहेक निजलाई अपहरणको कसुर गरेको र ज्यान मारेको कसुरमा सजाय गर्न मिल्ने नदेखिने।

तसर्थ, प्रतिवादी शिवराज भट्टले घुम्मन चौधरीलाई अपहरण गरी लगी हत्या गरेको देखिँदा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र ३ नं. को कसुरमा ऐ. ३ नं. बमोजिम निज प्रतिवादी शिवराज भट्टलाई ७ (सात) वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना गरी ऐ. १२ नं. अनुसार मृतकसँग शिवराज भट्टले लिएको रू.१,००,०००।- (एक लाख) मध्ये बैङ्कमा रहेको रू.९६,०००।- र निज प्रतिवादी शिवराज भट्टले खाएको रू.४,०००।- मृतकको परिवारले फिर्ता पाउने साथै कर्तव्य ज्यानतर्फ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र ऐ. १३(३) नं. को कसुरमा ऐ. महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर गरी तथा अर्का प्रतिवादी महेश भट्टलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. को कसुर

अपराध कायम गरी ऐे. १७(३) नं. अनुसार ६ महिना कैद गर्ने गरी कैलाली जिल्ला अदालतबाट भएको फैसला सदर कायम गर्ने गरी उच्च अदालत दिपायलबाट मिति २०७३।१२।०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी शिवराज भट्टका हकमा ठहर भएको सर्वस्वसहित जन्मकैदको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ख) को प्रतिबन्धात्मक वाक्यांशमा कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था भई सर्वस्वको सजाय नहुने देखिँदा प्रतिवादी शिवराज भट्टलाई सर्वस्वको सजाय नगरी जन्मकैदको सजाय मात्र हुने । आरोपित कसुरबाट पूर्ण सफाइ पाउँ भन्ने प्रतिवादी शिवराज भट्टको र प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिमकै पूरै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : इन्दिरा कार्की (गेलाल)

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल फागुन १५ गते रोज २

## इजलास नं. ७

### ४९

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७६-WH-०३९६, बन्दीप्रत्यक्षीकरण, विष्णु पन्थी वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत*

नेपालको संविधानको धारा १३३ को उपधारा २ ले यस अदालतलाई प्रदान गरेको असाधारण अधिकार विशिष्ट प्रकारको अधिकारक्षेत्र हो । यो साधारण क्षेत्राधिकारको वैकल्पिक अथवा परिपूरक व्यवस्था होइन । यस अदालतले असाधारण क्षेत्राधिकारको प्रयोग गर्दा मातहतका अदालतमा कानूनबमोजिम दायर भई विचाराधीन रहेका मुद्दाहरूलाई प्रभावित पार्न मिल्दैन । यसै सन्दर्भमा रामदेव यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको (ने.का.प.२०६८, पृष्ठ १२९८, अङ्क ८, नि.नं. ८६६५ (बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा यस अदालतबाट “साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार होइनन् र असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकारलाई अनादर गर्ने, सीमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिमबाट निस्तेज तुल्याउनेसमेत असाधारण क्षेत्राधिकारको मक्सद हुन सक्दैन” भनी व्याख्या भएको देखिन्छ । निवेदक राम कार्की विरूद्ध विपक्षी पुनरावेदन अदालत ललितपुरसमेत भएको (ने. का.प.२०५१, नि.नं.४८८९, पृष्ठ २२०, अङ्क ३) बन्दीप्रत्यक्षीकरणको निवेदनमा सुनुवाइ गर्दा पनि यस अदालतबाट “अधिकारप्राप्त अदालतबाट मुद्दाको कारबाहीको सिलसिलामा न्यायिक थुनामा

रहेको निवेदकको थुनालाई गैरकानूनी भन्न नसकिने भएकोले यस्तो अवस्थामा यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ । निवेदक मानकाजी धोङ (तामाङ) विपक्षी कारागार शाखा धुलिखेल भएको (ने.का.प. २०५४, नि.नं. ६३५८, पृष्ठ २२४) को बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा "नियमित अदालतको विचाराधीन विवादास्पद तथ्यमा पुनरावेदन हेरे जस्तै बन्दीप्रत्यक्षीकरणको रिटबाट निरूपण गर्न नमिल्ने" भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ । निवेदक वासुदेव साह तुरहाका हकमा अधिवक्ता रामविलास राउत विपक्षी पुनरावेदन अदालत हेटौंडा (ने.का.प. २०६८, नि.नं.८६५०, पृष्ठ ११७१) भएको निवेदनको सन्दर्भमा "तल्लो अदालतले थुनछेकलाई लिएको तत्काल प्राप्त प्रमाणका आधार पुनरावेदन अदालतसमेतले मनासिब मानेको अवस्थामा सर्वोच्च अदालतले ती आदेशहरू प्रतिकूल बन्दीप्रत्यक्षीकरण जारी गर्दा न्यायिक संयम र मर्यादाको उल्लङ्घन हुन पुग्ने" भन्ने प्रतिपादित सिद्धान्तसमेतका परिप्रेक्ष्यमा विचाराधीन यस मुद्दामा सक्षम अदालतले न्यायिक प्रक्रियाअनुसार मुद्दाको सुनुवाइ हुँदाको अवस्थामा आरोपित कसुरको सम्बन्धमा प्रमाणको न्यायिक मूल्याङ्कन गरी न्याय निरूपण गर्ने भएकोले कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राखेको कुरामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब हुँदैन । प्रस्तुत विवादको सन्दर्भमा निवेदकको थुना गैरकानूनी, बदनियतपूर्ण वा अनधिकृत हो भन्ने नदेखिएको र उक्त थुनालाई कानूनप्रतिकूलको थुना मान्न सकिने अवस्था नभएको हुँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

निवेदकलाई गैरकानूनी तवरबाट थुनामा राखेको नभई मुद्दाको रोहमा पुर्पक्षको सिलसिलामा तह-तह अदालतबाट भएको आदेशानुसार कानूनबमोजिम थुनामा नै रहेको देखिँदा उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६।१०।२३ मा भएको आदेशबाट रिट निवेदकको प्रचलित संवैधानिक एवम् कानुनी हकसमेत हनन भएको भनी मान्न मिल्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : मधु सुदन पन्थी

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७७ साल असार २९ गते रोज २ शुभम् ।

**५०**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-०६१०, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. शंकर देवान*

वारदातमा प्रतिवादीले पीडितलाई धार नभएको खुकुरीले गर्दनमा प्रहार गरे पनि के त्यस्तो अवस्था, परिस्थिति र बाधा अवरोध पऱ्यो जसको कारणले प्रतिवादीले पीडितउपर थप चोट प्रहार गरेको देखिन आउँदैन । प्रतिवादीले पीडितलाई थप चोट प्रहार गर्ने अवस्था हुँदाहुँदै पनि प्रतिवादीले थप चोट हानेको देखिन आउँदैन । घा जाँच केस फाराम हेर्दा, पीडितलाई लागेको चोट गम्भीर र मर्नेसम्मको अवस्थाको देखिन आउँदैन । पीडित के कस्तो अवस्था परी मर्न पाएको रहेनछन् भन्नेसमेत खुल्न नआई चोटपटकसम्म लागेको भन्ने स्थिती देखिन आउँछ। जाहेरवाला र प्रतिवादीबिच कुनै पूर्वरिसइवी, पूर्वयोजना र तयारी रहेको पाइँदैन । बाटोमा मादक पदार्थ खाएर हिँडेको प्रतिवादीलाई जाहेरवालाले नै तँ को होस् ? भनी भनेको कारणले तत्कालकै अवस्थामा प्रतिवादीले साथमा लिएको धार नभएको खुकुरीले प्रहार गरेको अवस्थाबाट घटना घटाउने कारक तत्त्वमा पीडितको नै प्रतिवादीप्रति सम्बोधन गरेको बोलिरहेको अवस्था देखिन्छ । जाहेरवालालाई खुकुरीले चोट प्रहार

गर्ने मनसायका साथ यी प्रतिवादीले खुकुरी बोकेर हिँडेको भन्ने कुरा मिसिल संलग्न कागजातबाट खुल्न नसकेको स्थितिमा प्रस्तुत वारदातमा ज्यानसम्बन्धी महलको १५ नं. को अवस्थाको विद्यमानता थियो भनी मान्न सकिने अवस्था नदेखिँदा ज्यान मार्ने उद्योग ठहराएको सुरू झापा जिल्ला अदालतको इन्साफ त्रुटिपूर्ण देखिँदा उल्टी गरी यी प्रतिवादी शंकर देवानलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई वारदातलाई साबिक सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम प्रस्तुत मुद्दालाई कुटपिटमा परिणत हुने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला मनासिब नै देखिँदा यी प्रतिवादी शंकर देवानलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, यी प्रतिवादी र जाहेरवालाबिच रिसइवी नरहेको, पूर्वयोजना, तयारी र मनसायका साथ जाहेरवालालाई धार नभएको खुकुरीले चोट प्रहार गर्न प्रतिवादी हिँडेको भन्ने तथ्य पुष्टि हुन नसकेको, के कस्तो बाधा अवरोधको अवस्था र परिस्थितिले गर्दा जाहेरवाला मर्न नसकेको हो सो कुरा मिसिल संलग्न कागजातबाट खुल्न नसकेको र साथै घा जाँच गर्ने चिकित्सकले गहिरो चोट लागेको भए ज्यान मर्न सक्थ्यो भनी गरेको बकपत्रबाट नै पीडितको गर्दनमा लागेको चोट गहिरो र गम्भीर नरहेकोले उक्त चोट पीडित मर्नसक्ने अवस्थाको नरहेको कारणसमेतबाट प्रस्तुत वारदात ज्यान मार्ने उद्योगसम्बन्धी कार्यको कसुरले परिपक्वता पाउन सकेको नदेखिँदा पनि प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ वर्ष कैद सजाय गर्ने गरेको सुरू झापा जिल्ला अदालतको फैसला उल्टी गरी प्रस्तुत मुद्दालाई साबिक सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७४।५।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : माधव भण्डारी
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०७८ साल पुस २१ गते रोज ४ शुभम्।

## ५१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७०-CI-१२८३, निषेधाज्ञा परमादेश, योगनाथ पौडेल वि. सुनिलकुमार शर्मा*

नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल प्रा.लि.का प्रबन्ध निर्देशक सञ्चालक शुनिल शर्मा विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राजश्व अनुसन्धान विभागसमेतमा उजुरी परेको भन्ने आधारमा कलेजका सञ्चालकलाई कलेजमा विपक्षी कार्यालयद्वारा छापा मार्ने कार्यजस्ता कार्यहरू कानूनसम्मत देखिँदैन । यस्तै प्रकृतिको मुद्दामा यस अदालतबाट ने.का.प.२०७३ नि.नं.९६११ पृष्ठ १६८२ अङ्क ६ मा “कानूनले स्वाभाविक रूपमा लिने गति र दिशालाई राज्यका जिम्मेवार निकायले अधिकारको बाहुबलमा वा अन्य कुनै उद्देश्यका लागि असाधारण र अतिरन्जित ढंगले परिचालन गर्नु जरूरी हुँदैन । नियमित रूपमा बुझाउनुपर्ने करदाताले कर नबुझाएकोमा कर विवरण दाखिल गराउने वा तिर्न तिराउन लगाउने वैधानिक संयन्त्र र प्रक्रिया छँदाछँदै बिना कुनै मनासिब र विश्वसनीय तथ्य एवं आधार राजस्व अनुसन्धान विभाग र सो संस्थालाई प्राप्त अधिकारको आधार देखाई क्रियाशील बनाउन पनि जरूरी नहुने” त्यस्तै “आयकर र मूल्य अभिवृद्धि कर ऐनजस्ता ऐनहरू विशेष ऐन हुन् । ती ऐनमा निश्चित गरिएका प्रक्रियाहरू सोहीबमोजिम मात्र प्रयोग गर्नुपर्ने हुन्छ । ती ऐनमा व्यवस्था भएका कुराहरूको हकमा अन्य सामान्य ऐनको व्यवस्था क्रियाशील हुँदैनन्। यो कानूनको सामान्य सिद्धान्त नै हो। आयकर

र मूल्य अभिवृद्धि कर ऐनले कर प्रशासनको सम्बन्धमा गरेको व्यवस्थाहरूलाई स्वचालितरूपमा क्रियाशील गराउनुको साटो राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनको एकाएक क्रियाशील गराउनु पनि उपर्युक्त हुँदैन । खास प्रयोजनका लागि लागु रहेका विशेष ऐनहरू र सोअन्तर्गत संस्थापित निकायहरू आफ्नो जिम्मेवारीको काममा असफल वा अकर्मण्य भएमा बाहेक नियमित कानूनबाट स्थापित त्यस्ता निकायलाई यो वा यसो गर्नु भनी कुनै पनि विषयमा निर्देशित गर्ने गरी अर्को निकायबाट हुने कुनै पनि रूपको हस्तक्षेप स्वीकार्य नहुने" भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ । तसर्थ कानून द्वारा सङ्गठित संस्थाहरूले आफ्नो काम कारबाही कानूनले दिएको सीमाभित्र रही गर्नुपर्नेमा अन्यथा गरी भएकोमा त्यस्ता काम कारबाहीलाई मान्यता दिन मिल्दैन । यसर्थ अख्तियार नै नभएको विषयमा अनुसन्धान गर्ने अख्तियारी छ भनी कम्पनीउपर गर्न खोजिएको छानबिन कानूनअनुरूप भएको नदेखिने ।

कानूनले प्रत्यर्थी कार्यालयलाई राजश्व चुहावटसम्बन्धी कसुरमा अनुसन्धान तहकिकात गर्न पाउने गरी प्रदान गरेको अख्तियारीभित्र अन्य निकायले कानूनत: गर्न पाउने सबै अख्तियारीहरू पर्ने होइनन् । कानूनी व्यक्तिको अधिकार कानूनले निर्धारण गरेको दायरासम्म मात्र सीमित हुनुपर्ने हुन्छ । कानूनले तोकिदिएको दायरा नाघ्नु भनेको अधिकारक्षेत्रको उल्लङ्घन हो । त्यसरी गरिएको कुनै निर्णय वा कार्यबाट कसैको संविधान एवं कानूनप्रदत्त हक अधिकारमा आघात परेको देखिन आएमा त्यस्तो निर्णय वा काम कारबाहीले कानूनी वैधता प्राप्त गर्न नसक्ने ।

तसर्थ कलेजको पठन पाठनसमेतका कार्यमा असर पर्न सक्ने अवस्था देखिँदा निवेदक कलेजबाट आ.व.०६०/०६१ र ०६१/०६२ को आय विवरण कागजात नमाग्नु माग्न नलगाउनु तथा कुनै किसिमको कर निर्धारण नगर्नु र गर्न नलगाउनु भनी प्रत्यर्थी राजश्व अनुसन्धान पूर्वाञ्चल क्षेत्रीय कार्यालय सुनसरीसमेतका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर गरी परमादेशको आदेश माग गरेको हदसम्म निवेदन खारेज हुने ठहराएको सुरू पुनरावेदन अदालत विराटनगरको मिति २०७०।११।१२ को फैसला मिलेकै देखिएकाले सदर हुने ठहर्छ । राजश्व अनुसन्धान, पूर्वाञ्चल क्षेत्रीय कार्यालय, इटहरीसमेतको पुरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : देवी चौधरी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७७ साल फागुन २१ गते रोज ६ शुभम् ।

**५२**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७६-CR-०४७८, ०७६-CR-१२१२, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. लक्ष्मण वि.क. समेत, सलिम इद्रिसी वि. नेपाल सरकार*

प्रतिवादी लक्ष्मण वि.क.को स्थितिलाई हेर्दा निजको साथबाट लागु औषध खैरो हेरोइन २ ग्राम, मोवाइल १ थान, आइ.एम.इ. भौचर ३ थान र नगद रू.२,२००।- बरामद भएको तथ्यमा विवाद रहेको देखिँदैन । अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा नरेश भन्ने व्यक्तिलाई बिक्री गर्न लैजाँदै गर्दा पक्राउमा परेको भनी बयान गरेको देखिएको भए पनि अदालतमा बयान गर्दा बिक्री वितरणको गर्ने गरेकोमा इन्कार रही आफूले सेवन गर्नका लागि राखेको भनी बयान गरेको देखिन्छ । अदालतसमक्षको बयानमा आफूले लागु औषध सेवन गरी पुनर्स्थापन केन्द्रमा पनि बसेको बेहोरा खुलाई बयान गरेको पनि देखिएको छ । जसलाई बिक्री गर्न लगेको भनी बिक्री वितरणको कसुरमा अभियोग लगाइएको हो निज नरेश भन्ने व्यक्तिलाई अनुसन्धानको दायरामा ल्याएको वा निजउपर अभियोगपत्र दायर

भएको देखिँदैन । लागु औषध बिक्री वितरण गर्दागर्दै पक्राउमा परेको भन्ने पनि देखिँदैन । लागु औषध बिक्री वितरणमा प्रयोग हुने कुनै साधन वा सामग्री बरामद भएको अवस्था पनि देखिँदैन । लागु औषध सेवन गर्ने गरेको तथ्यलाई स्वीकार गरेकोमा त्यसतर्फको कसुर ठहरी सजायसमेत हुने ठहरेकै देखिन्छ । यो स्थितिमा निजलाई पनि लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) र (च) को कसुर गरेको ठहर हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अब, निज प्रतिवादी लक्ष्मण वि.क. बाट बरामद नगदसमेत जफत हुनुपर्ने भनी लिइएको जिकिरका सम्बन्धमा विचार गर्दा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८क मा कुनै व्यक्तिले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (ख), (ग), (घ), (ङ) र (च) अन्तर्गत निषेध गरिएको कुनै कार्य गरी आर्जन गरेको सबै चल तथा अचल सम्पत्ति जफत हुने व्यवस्था भएको पाइन्छ । यो व्यवस्थालाई हेर्दा लागु औषधको सेवनको कसुर उपर्युक्त उल्लिखित खण्डहरूभित्र परेको देखिँदैन । साथै निजको साथबाट बरामद भएको नगद लागु औषधको कारोबारबाट आर्जन गरेको हो भनी पुष्टि हुने कुनै वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस हुनआएको पनि देखिँदैन । निज प्रतिवादी लक्ष्मण वि.क.का हकमा लागु औषध सेवनको कसुरसम्म ठहरेको र लागु औषध सेवनको कसुर गर्ने व्यक्तिको सँग साथमा फेला परेको नगदसमेतका चिजवस्तु जफत हुने व्यवस्था नरहेकोले उल्लिखित नगदसमेतका वस्तुहरू जफत गर्न मिल्ने नदेखिने ।

प्रतिवादी सलिम इद्रिसीको सँगसाथबाट लागु औषध बरामद भएको नदेखिएको भए पनि सहप्रतिवादी लक्ष्मण वि.क. को साथबाट लागु औषध बरामद भएको अवस्था प्रमाणित भएको देखिएको छ । जसको साथबाट लागु औषध बरामद भएको हो निज लक्ष्मण वि.क. ले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफ्नो साथबाट बरामद भएको लागु औषध सलिम इद्रिसीबाट खरिद गरेको भनी यी प्रतिवादीलाई पोल गरेको देखिन्छ । उक्त लागु औषध खरिद गरेबापतको रकम आइ.एम.ई. मार्फत पठाउने गरेको भनी बयान गरेकोमा आइ.एम.इ. भौचर बरामद भएकोबाट सो बयान बेहोरा समर्थित भएको देखिन्छ । प्रतिवादी लक्ष्मण वि.क. ले अनुसन्धान अधिकारीसमक्ष मात्र बयान गरेको नभई अदालतमा बयान गर्दा पनि आफ्नो साथबाट बरामद भएको लागु औषध सलिम इद्रिसीबाट खरिद गरेको हो भनी लेखाएको देखिन्छ । यति मात्र नभई स्वयं यी प्रतिवादी सलिम इद्रिसीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पनि प्रतिवादी लक्ष्मण वि.क. ले लागु औषध आफूबाट खरिद गर्ने गरेको हो भनी बयान गरेको देखिन्छ । अदालतमा बयान गर्दा मौकाको बयान बेहोरा र कसुरमा समेत इन्कार रही बयान गरेको देखिएको भए पनि अनुसन्धान अधिकारीसमक्षको आफ्नो बयान बेहोरालाई स्वेच्छा विरूद्धको हो भनी अन्यथा प्रमाणित गर्न सकेको देखिँदैन । प्रतिवादी लक्ष्मण वि.क.ले अदालतमा बयान गर्दा लागु औषध सेवन गर्ने गरेको कुरामा आफूले स्वीकार गर्दै यी प्रतिवादीले लागु औषध बिक्री गर्ने गरेको कुरालाई पुष्टि हुने गरी लेखाइदिएको अवस्थामा अदालतमा भएको सहप्रतिवादीको यो पोललाई प्रमाणमा नलिन मिल्ने देखिँदैन । प्रतिवादी लक्ष्मण वि.क.ले कुनै रिसइवीको कारण पोल गरेको भनी यी प्रतिवादीले प्रमाणित गर्न सकेको पनि देखिँदैन । यो स्थितिमा यी प्रतिवादीले अर्का प्रतिवादी लक्ष्मण वि.क.लाई लागु औषध बिक्री गर्ने गरेको तथ्य प्रमाणित भएको मान्नुपर्ने देखिन आयो । त्यसैले यी प्रतिवादीका हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम सजाय हुने ठहराएको उच्च अदालत, पाटनको फैसला नमिलेको

नदेखिने ।

तसर्थ, प्रतिवादी लक्ष्मण वि.क.लाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (ङ) बमोजिम १ वर्ष कैद हुने ठहऱ्याई भएको फैसला सदर हुने र प्रतिवादी सलिम इद्रिसीको हकमा सुरू जिल्ला अदालतबाट भएको फैसला उल्टी भई निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) र (च) को कसुरमा ऐ. ऐनको दफा १४ (१) को (छ) (१) बमोजिम ५ (पाँच) वर्ष कैद र रू.५,०००/- (पाँच हजार) जरिवाना हुने ठहराई उच्च अदालत, पाटनबाट मिति २०७६।२।९ मा भएको फैसाला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : भीमप्रसाद सुवेदी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल वैशाख ६ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

### ५३

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या. श्री सुष्मालता माथेमा,** *०८०-WH-००६५, बन्दीप्रत्यक्षीकरणसमेत, गोमा अधिकारी वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

कुनै पनि न्यायिक प्रकृतिको निर्णय गर्दा न्यायसम्पादन गर्ने निकाय सदा निष्पक्ष हुनुपर्छ र हरेक पक्षलाई पूर्ण र स्वच्छ रूपले सुनुवाइ गर्ने यथेष्ट मौका दिनुपर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्त हो । न्यायको सारभूत आवश्यकता प्राकृतिक न्यायको सिद्धान्त भएको हुँदा त्यसलाई उपेक्षा गर्न नहुने । यी निवेदकको नागरिकतामा उल्लेख भएको हाल परिवर्तित वतनमा समाह्वान जारी नभएको कारणबाट यी निवेदकले आफूउपरको उल्लिखित बैंकिङ्ग कसुरको मुद्दाको सम्बन्धमा सूचना नपाई प्रतिवाद गर्न नपाएको देखिँदा निवेदकले सुनुवाइको मौका पाउनुपर्ने हकबाट वञ्चित हुनपुगेको देखिन आयो । यसै सन्दर्भमा निवेदक रत्नकाजी महर्जनसमेत विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग भएको रिट नं.२०६८-WF-०००२ को उत्प्रेषण (ने.का.प. २०६९, अङ्क ८, नि.नं. ८८७१) मुद्दामा "कुनै पनि न्यायिक प्रकृतिको निर्णय गर्दा न्यायसम्पादन गर्ने निकाय सदा निष्पक्ष हुनुपर्छ र हरेक पक्षलाई पूर्ण र स्वच्छ रूपले सुनुवाइ गर्ने यथेष्ट मौका दिनुपर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्त हो । न्यायको सारभूत आवश्यकता प्राकृतिक न्यायको सिद्धान्त भएको हुँदा त्यसलाई उपेक्षा गर्न नहुने" भनी यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको पाइने ।

तसर्थ, निवेदकको म्याद गलत ठेगानामा तामेल भएकोमा पत्रिकामा समेत सोही ठेगानामा म्याद जारी भई मिति २०७८।०९।२६ र मिति २०७८।१०।१७ मा प्रकाशन भएको अवस्था देखिएबाट निजलाई आफू विरूद्ध चलेको मुद्दाको सुनुवाइको जानकारी नभई सुनुवाइको मौकाबाट वञ्चित भएको देखिएकोले मिति २०७७।०४।२० मा तामेल भएको निजको नामको उक्त म्यादहरू र सो म्यादसँग सम्बन्धित ०७६-CB-२८३३, ०७६-CB-२८३६ र ०७६-CB-३१६७ समेतको बैंकिङ्ग कसुर मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७८।१२।२८ मा भएको फैसला र उक्त फैसला कार्यान्वयनको सिलसिलामा चितवन जिल्ला अदालतबाट च.नं. १७१८ को मिति २०८०।०४।२५ को कैद म्याद ठेकिएको पत्र कानूनसम्मत मिलेको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदकलाई उच्च अदालत पाटनको फैसला कार्यान्वयनको सिलसिलामा चितवन जिल्ला अदालतको क़ैदी पुर्जीमार्फत थुनामा राखिएको देखिएकोले निजको थुना गैरकानूनी नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु नपर्ने । अब,

निज निवेदक प्रतिवादी मुना गुरूङलाई थुनामा रहेको कारागारबाट अदालतमा झिकाई बयान लिई मुद्दा पुर्पक्षको लागि थुनछेक आदेश गर्नेलगायतका प्रक्रिया अवलम्बन गरी कानूनबमोजिम जे जो गर्नुपर्छ गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : ज्ञानेन्द्र दाहाल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०८० साल भदौ १९ गते रोज ३ शुभम् ।

**५४**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-RB-००१०, आयकर (०६५।०६६), शंकरप्रसाद खरेल वि. शेखर गोल्छा*

Advertisement Expenses तथा Business Promotion अन्तर्गतको खर्च र अवकाश कोषबापतको खर्चसम्बन्धी सुरू पुनरावेदक कार्यालयको निर्णयलाई सदर गर्ने गरी राजस्व न्यायाधिकरणबाट निर्णय भएको हुँदा सो सम्बन्धमा पुनरावेदक कार्यालयको पुनरावेदन जिकिर रहेको नदेखिँदा त्यसतर्फ केही बोलिरहनु परेन । अब बोनस खर्चसम्बन्धी राजस्व न्यायाधिकरणको निर्णय कानूनसम्मत नभएको भन्ने पुनरावेदक कार्यालयको मुख्य पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, करदाताबाट आ.व. २०६४/६५ मा रू.१७,२८,०४६।५९ बोनस व्यवस्थाबापत खर्च लेखी यस आ.व. मा विभिन्न कर्मचारीहरूलाई रू.१०,६९,२९९।१९ वितरण गरेको र रू. ६,५८,७४७।– अवितरित बोनस रकमलाई अघिल्लो आ.व. मै आयकर प्रयोजनका लागि खर्च लेखिसकेको एवम् उक्त बाँकी अवितरित बोनस कुनै प्रकारका कोषहरूमा जम्मा नगरी दायित्वको रूपमा राखेको पाइएको हुँदा आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम आयमा समावेश गर्नुपर्ने भनी सुरु संशोधित कर निर्धारण आदेशलाई आन्तरिक राजस्व विभागले समेत सदर गर्ने गरी निर्णय गरेको पाइन्छ । उक्त निर्णयलाई उल्ट्याई राजस्व न्यायाधिकरणले आ.व. २०६४/६५ मा भुक्तानी गरिएको बोनसबापतको रकम वितरण भइसकेको देखिएको भनी उक्त बाँकी भनिएको विवादित रू.६,५८,७४७।- लाई आयमा समावेश गर्न नपर्ने गरी फैसला भएको देखिन्छ । अब, विवादित बोनस व्यवस्थाबापतको खर्च रू.१७,२८,०४६।५९ मध्ये अवितरित बोनस रू. ६,५८,७४७।– का सम्बन्धमा हेर्दा, बोनस खर्चबापत छुट्याएको रकम रू. १७,२८,०४६।५९ अन्तर्गत श्रम विवादको कारणले रू. ५,७३,०९२।८२ पेस्की भुक्तानी गरी बाँकी रकम रू.११,५४,९५३।७७ भुक्तानी गरी यस आ.व. मा पेस्की भुक्तानी रू.३१,५२९।४७ समेत बोनसबापतको खर्च भुक्तानीको लेजर प्रिन्ट, वासलातको फोटोकपी तथा बोनस वितरणको स्टेटमेन्टसमेत संलग्न राखी प्रत्यर्थी करदाताले सुरू ठूला करदाता कार्यालयमा मिति २०६८।०३।३१ मा लिखित जवाफसाथ पेस गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ । उक्त लिखित जवाफसाथ पेस गरिएका लेजर प्रिन्ट, वासलातको फोटोकपी तथा बोनस वितरण स्टेटमेन्टसमेतबाट आ.व. २०६४/६५ को बोनसबापतको खर्च रू. १७,२८,०४६।५९ र यस आ.व. को पेस्की बोनस भुक्तानी रू.३१,५२९।४७ समेत भुक्तानी गरेको देखिन्छ । बोनस ऐन, २०३० को दफा ९ को उपदफा (२) ले आर्थिक वर्ष समाप्त भएको ८ महिनाभित्र बोनस वितरण गरिसक्नुपर्ने भनी कानूनी व्यवस्था रहेकोमा सोहीबमोजिम प्रत्यर्थी करदाताले आ.व. २०६४/६५ को बोनसबापतको खर्च रू. १७,२८,०४६।५९ भुक्तानी गरिसकेको देखिने ।

तसर्थ, पुनरावेदक ठूला करदाता कार्यालयबाट मिति २०६८।०३।३१ मा संशोधित कर निर्धारण गर्ने आदेशलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागको मिति २०६८।०७।२० को निर्णयमा

बोनस खर्चसम्बन्धी निर्णय मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने र Advertisement Expenses तथा Business Promotion, अवकाश कोषसम्बन्धी निर्णय मिलेको देखिँदा सदर हुने ठहऱ्याई राजश्व न्यायाधिकरण काठमाडौंबाट मिति २०७०।१०।२९ मा भएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने। पुनरावेदक ठुला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : रेश्मा बुद्धाचार्य

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल पौष १७ गते रोज १ शुभम्।

**५५**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WH-०२२४, बन्दीप्रत्यक्षीकरण, नवलकिशोर साह वि. संखुवासभा जिल्ला अदालतसमेत*

निवेदकलाई गैरकानूनी थुनामा राखिएको हो, होइन ? भन्ने सम्बन्धमा विचार गर्दा, शिवराज कोइरालाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यी रिट निवेदक परिवर्तित नाम ०७७/०७८ (च१) भएको नकबजनी चोरी (बालबिज्याइँ) मुद्दामा बालसुधार गृहमार्फत सजाय भुक्तान गर्ने सर्तमा सजाय निर्धारण हुने ठहरी भएको फैसलाबमोजिम यी रिट निवेदकलाई कैद १।६।० (एक वर्ष छ महिना)को भुक्तानका लागि बालसुधार गृहमा राखिएको तथ्यमा कुनै विवाद देखिँदैन। मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ को उपदफा (५) मा "उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके रूपमा कसुर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन" भन्ने, बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (७) मा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके रूपमा कसुर गरेकोमा बाहेक कैदको सजाय गरिने छैन" भन्ने र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६ को उपदफा (२) मा "सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके रूपमा कसुर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत रिट निवेदनका निवेदक परिवर्तित नाम, थर ०७७/०७८(च१) उपर उक्त ०७८-C१-०००९ को नकबजनी चोरी(बालबिज्याइँ) मुद्दामा यी रिट निवेदकले पटकेरूपमा कसुर गरेको भनी अभियोग दाबी पेस नभएको, फैसलाबाट पटकेरूपमा कसुर गरेको भनी ठहर नभएको र लिखित जवाफमा सोतर्फ जिकिरसमेत लिएको नदेखिने।

रिट निवेदकलाई बालसुधार गृहमा राखिएको कार्य कानूनबमोजिमको नदेखिएको, निजउपरको कसुर "गम्भीर कसुर" नभई सामान्य कसुरअन्तर्गतको देखिएको स्थितिमा लिखित जवाफमा उल्लेख गरिएबमोजिम रिट निवेदकको निवेदन दोषपूर्ण रहेको भन्ने नदेखिएको र १६ वर्षमुनिका नाबालिग निवेदकलाई बालसुधार गृहमा राखिएको कार्यको सम्बन्धमा कानूनको व्याख्या र विवेचना गरी निष्कर्षमा पुग्नुपर्ने विषय रहेको देखिएकोले प्रस्तुत विषयमा रिट निवेदकले निवेदन गर्न पाउने नै देखिँदा सोही आधारमा रिट खारेज गरिपाउँ भन्ने लिखितजवाफ र विपक्षीको तर्फबाट प्रस्तुत भएको बहस जिकिरसँग सहमत हुन सकिएन। प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने नै देखिने।

तसर्थ, रिट निवेदक परिवर्तित नाम ०७७/०७८ (च१) लाई ०७८-C१-०००९ को नकबजनी चोरी (बालबिज्याइँ) मुद्दामा संखुवासभा जिल्ला अदालतबाट भएको मिति २०७८।८।८

को फैसलाअनुसार निवेदकलाई भएको कैद असुल गर्न मिति २०७८।९।२१ गतेको कैदी पुर्जीबमोजिम बालसुधार गृह, विराटनगरमा राख्न पठाइएको कार्य निवेदकउपरको कसुर जघन्य कसुर र गम्भीर कसुर नभई सामान्य कसुरअन्तर्गतको कसुर देखिएको, उक्त नकबजनी चोरी(बालबिज्याइँ) मुद्दामा निवेदकले पटकेरूपमा कसुर गरेको नदेखिएकोले निवेदकको थुना बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (७), मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ को उपदफा (५) तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६ को उपदफा (२) विपरीत भई बालसुधार गृहमा राखिएको हदसम्म गैरकानूनी रहेको देखिँदा निवेदक परिवर्तित नाम ०७७/०७८ (च१) लाई आजै थुनामुक्त गरी कानूनबमोजिम अभिभावक वा संरक्षकको जिम्मा लगाउनु भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर / टिकाबहादुर थापा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ जेठ २३ गते रोज २ शुभम्।

**५६**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WH-०२५७, बन्दीप्रत्यक्षीकरण, नवल किशोर साह वि. पर्सा जिल्ला अदालतसमेत*

निवेदकलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४२ को कसुरमा दफा २४२ को उपदफा (२) बमोजिमको सजाय हुन माग गरिएको देखिन्छ। प्रस्तुत कानूनी व्यवस्थाबमोजिम निज निवेदकलाई लगाइएको अभियोग पुष्टि भई सजाय हुने नै भयो भने पनि अधिकतम तीन वर्षसम्म कैद र तिस हजार रूपियाँसम्म जरिवाना हुने हो। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ मा भएको पुर्पक्षसम्बन्धी कानूनी व्यवस्थाले बालबालिकालाई मुद्दाको पर्पक्षको लागि थुनामा नराखिने र केही विशेष अवस्थामा मात्र त्यो पनि तीन वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नुपर्ने कसुरजन्य कार्यको अभियोग लागेकालाई तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिएमा बालसुधार गृहमा राख्न सकिने हो। यी निवेदकलाई यो अवस्थाले छुने देखिँदैन। यस दृष्टिकोणबाट बालबालिकासम्बन्धी ऐन, २०७५ मा भएको उल्लिखित कानूनी व्यवस्थाबमोजिम पुर्पक्षको लागि बालसुधार गृहमा राख्न मिल्ने अवस्था देखिँदैन । बालबालिका अभियुक्त भएको मुद्दामा बालबालिकासम्बन्धी ऐनले व्यवस्था गरेकै कार्यविधि अपनाउनुपर्ने हुन्छ।

तसर्थ, पर्सा जिल्ला अदालतबाट मिति २०७८।१०।३ मा भएको थुनछेक आदेश बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२) (ख) र मुलुकी अपराध संहिता, २०७४ को दफा २४२ को उपदफा (२) बमोजिम निजलाई कसुर ठहर हुँदाका बखतसमेत तीन वर्षसम्म कैद र तिस हजार रूपियाँसम्म जरिवाना हुने देखिँदा मुद्दा पुर्पक्षको लागि बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम बालसुधार गृहमा राख्न पठाएको आदेश कानूनबमोजिम मिलेको नदेखिई गैरकानूनी देखिँदा यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने। निज निवेदक प्रतिवादीलाई ऐजन ऐनको दफा २४ को उपदफा (३) बमोजिम चाहिएका बखत उपस्थित गराउने सर्तमा बाबु, आमा परिवारका अन्य सदस्य वा संरक्षकको जिम्मा लगाई मुद्दाको कारबाही अगाडि बढाउनू।

इजलास अधिकृत : निरज पोखरेल, कुमार खतिवडा

इति संवत् २०७९ साल भाद्र ६ गते रोज २ शुभम्।

**५७**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-१७१४, ०७२-CR-*

*१५४५, कर्तव्य ज्यान, नरबहादुर लामा (तामाङ) वि. नेपाल सरकार, नेपाल सरकार वि. कृष्णकाजी श्रेष्ठसमेत*

यसरी स्वतन्त्र र विश्वसनीय प्रमाणबाट अभियोग दाबी पुष्टि हुन नसकेकोमा प्रतिवादीको कोरा इन्कारी बयानलाई मात्र आधार मानी अन्य स्वतन्त्र र प्रत्यक्ष प्रमाणलाई बेवास्ता गरी प्रतिवादीको निर्दोषिता कायम गर्न नसकिने हुँदा यी प्रतिवादी नरबहादुर लामाले पूर्वरिसइवी राखी पूर्वयोजना र तयारीका साथ सुनियोजित ढंगबाट लुकीछिपी बसी लाठा, ढुङ्गाले कर्तव्य गरी मारी प्लाष्टिकको डोरीले बाँधी खोलामा फाली ज्यानसम्बन्धी महलको १ नं. बमोजिमको कसुर अपराध गरेको स-प्रमाण पुष्टि हुन आउने।

यी चारै जना प्रत्यर्थी प्रतिवादीहरूले विभिन्न मितिमा अदालतसमक्ष उपस्थित भई सहप्रतिवादी नरबहादुर लामाले गरेको पोलसमेतमा इन्कार रही बयान गरेको देखियो । निजहरूका साक्षीहरूले समेत बकपत्र गर्दा सोही बेहोरालाई समर्थन हुने गरी लेखाइदिएको मिसिल संलग्न कागजातबाट देखिन्छ। कागज गर्नेले पनि यी प्रतिवादीका सम्बन्धमा कुनै कुरा उल्लेख गरी पुष्टि गर्न सकेको अवस्था छैन । मृतक लासको दुवै खुट्टा प्लास्टिकको डोरीले बाँधिएको अवस्थामा रहेको भन्ने बेहोराको घटनास्थल लास जाँच मुचुल्का भए पनि निजहरूले नै कर्तव्य गरेका हुन् भन्ने कुनै प्रत्यक्ष तथा निश्चयात्मक प्रमाण मिसिल संलग्न रहेको देखिँदैन । यसरी यी प्रतिवादीहरूले कसुर गरेका हुन भन्ने अन्य स्वतन्त्र, प्रत्यक्ष तथा निश्चयात्मक प्रमाणबाट सहअभियुक्तको पोल समर्थित हुन नआएको र अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीमा रहने हुँदा यी प्रतिवादीहरूको सम्बन्धमा ठोस सबुद प्रमाणको अभाव रहेको साथै शंकाको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेतको आधारबाट यी प्रतिवादीहरू कृष्णकाजी श्रेष्ठ, डिलबहादुर श्रेष्ठ, प्रेमबहादुर श्रेष्ठ र राकेश राना मगरले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई गरेको फैसला मनासिब देखिनआएकाले वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रत्यर्थी प्रतिवादीहरू कृष्णकाजी श्रेष्ठ, डिलबहादुर श्रेष्ठ, प्रेमबहादुर श्रेष्ठ र राकेश राना मगरले सफाइ पाउने गरी र पुनरावेदक प्रतिवादी नरबहादुर लामा (तामाङ) लाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुरमा सोही ऐन महलको १३(३) नं. बमोजिम सजाय गरेको सुरू रामेछाप जिल्ला अदालतको मिति २०७०।९।२९ को फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत, जनकपुरको मिति २०७२।३।२३ को फैसला कानूनसम्मत मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादी नरबहादुर लामा (तामाङ) को पुनरावेदन जिकिर पुग्न नसक्ने । प्रतिवादी नरबहादुर लामा (तामाङ) लाई साबिकको मुलुकी ऐन, ज्यानसम्बन्धी महल अनुसार सर्वस्वसहित जन्मकैद हुने सजाय भए पनि मिति २०७५।५।१ गतेदेखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा, “कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था रहेको पाइन्छ। यसैगरी केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ। तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ" भन्ने

व्यवस्था रहेको पाइन्छ । यसरी प्रचलित कानूनी सोही व्यवस्थाबमोजिम कानूनमा आएको परिवर्तनका कारण यी प्रतिवादी नरबहादुर लामा (तमाङ) लाई सर्वस्वको सजाय नहुने भई जन्मकैद मात्र हुने ।

इजलास अधिकृत : चन्दा बेल्वासे

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल असोज २ गते रोज १ शुभम् ।

**५८**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७९-WH-०१६८, बन्दीप्रत्यक्षीकरण, निमा छिरिङ तामाङ वि. देवकी थापासमेत*

अधिकारको उल्लङ्घन, मौलिक अधिकारको अपहरण, अधिकार क्षेत्रात्मक त्रुटि गरी वा अधिकारक्षेत्रको दुरूपयोग गरी थुनामा राखेमा वा प्राकृतिक न्याय, प्राङन्याय, दोहोरो खतराको सिद्धान्तजस्ता आधारभूत मान्यताको प्रतिकूल थुनामा राखेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्तछ । प्रस्तुत विवादमा निवेदकको मौलिक हक र मानव अधिकार हनन हुने गरी विनाआधार र कारण कानूनविपरीत थुनामा राखिएको अवस्था देखिँदैन । जहाँसम्म निवेदकले लेनदेन कारोबारको विषय भएकोले चेक दिएको विषयमा लेनदेन वा चेक अनादरमा मुद्दा चलाए पनि हुने हो भन्ने जिकिर छ त्यसतर्फ हेर्दा बैंकिङ्ग कसुरमा अनुसन्धान भइरहेको विषयमा सो विषयमा मुद्दा चल्ने नचल्ने निर्णय हुन बाँकी नै रहेको अवस्थामा अहिले नै थुनाको औचित्य हेर्ने कुरा रहेन । मुख्य रूपमा निवेदकलाई कानूनअनुरूप थुनामा राखिएको छ, छैन भनी हेर्ने हो । प्रस्तुत विवादमा निवेदकलाई कानूनी प्रक्रिया पूरा गरेर कानूनबमोजिम हिरासतमा राखी बैंकिङ्ग कसुर मुद्दाको अनुसन्धान भइरहेको देखिँदा निवेदकलाई गैरकानूनी थुनामा राखिएको भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन । जहासम्म देवकी थापासमेतले आफू प्रहरीमा कार्यरत भएको कारण पदको दुरूपयोग गरी पक्राउ गरी थुनामा राखेको भन्ने निवेदन जिकिर छ, सो सम्बन्धमा देवकी थापाको प्रहरी परिसर, काठमाडौंमा जाहेरी दरखास्त परेपछि सो सम्बन्धमा अनुसन्धान गर्न उच्च अदालत, पाटनबाट पक्राउ अनुमति लिई तालुक कार्यालयले आदेश दिएपछि पदीय हैसियतमा यी देवकी थापासहितको प्रहरी टोलीले खटाएको कार्य सम्पादन गर्दा अर्थात् यी निवेदकलाई पक्राउ पुर्जीबमोजिम पक्राउ गरी ल्याएको आधारमा मात्र पदको दुरूपयोग गरेको भन्न मिल्दैन । असाधारण क्षेत्राधिकार साधारण क्षेत्राधिकारको विकल्प हुन सक्दैन । निवेदकले आफू रोगी अशक्त भएको कुरा उल्लेख गरी निवेदन दिएको देखिन्छ । सो सम्बन्धमा म्याद थप गर्ने अदालतमा अनुसन्धान भइरहेको मुद्दाको सन्दर्भमा आफ्ना भनाइहरू राख्न पाउने नै हुन्छ । सो सम्बन्धमा सुनुवाइ हुने हकसमेत निवेदकलाई सुरक्षित रहेको हुँदा आफूलाई मर्का परेको विषयमा उपचार पाउन सक्ने नै देखिँदा निवेदकको थुनाको औचित्य प्रस्तुत रिट निवेदनको माध्यमबाट हेर्न मिल्ने नदेखिने ।

तसर्थ, यी निवेदक निमा छिरिङका पिता कृष्णबहादुर तामाङलाई बैंकिङ्ग कसुर मुद्दाको अनुसन्धान गर्न कानूनबमोजिम कानूनी प्रक्रिया पूरा गरेर हिरासतमा राखी कारबाही भइरहेको देखिएकोले सो अवस्थाको थुनालाई गैरकानूनी थुना भन्न नमिल्ने देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : राजकुमार आचार्य / नीति उप्रेती

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल चैत ८ गते रोज ४ शुभम् ।

५९

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CR-०५९५, ०७३-CR-०८२६, कर्तव्य ज्यान, नेपाल सरकार वि. राजकुमार खवास, राज कुमार खवास वि. नेपाल सरकार*

प्रतिवादीहरूसमेत भई मेरो छोरा विनोद श्रेष्ठलाई फलामको तलवार, खुकुरी, रड, लाठीसमेतले संवेदनशील अंग टाउकोमा पटकपटक प्रहार गरी घटनास्थलमै मरणासन्न हुने गरी कुटपिट गरी बेहोस बनाएकोमा छोरालाई उपचारको लागि सिलगडी लगेकोमा उपचारको क्रममा सोही कुटपिटको पीडाले मृत्यु भएको हुँदा अपराधीहरूलाई पक्राउ गरी सजाय गरिपाउँ भन्नेसमेत बेहोराको मृतकका बाबुको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । वादी प्रतिवादीको तर्फबाट परेको पुनरावेदन पत्रको सन्दर्भमा विचार गर्दा प्रतिवादी निर्मल ढकालले अनुसन्धानको क्रममा बयान गर्दा मिति २०६८।०६।२२ गते दिउँसो २:३० बजेको समयमा विनोद श्रेष्ठसमेतले प्रतिवादी राजकुमार खवासलाई निजैको घरमा कुटपिट गरेको विषयमा छलफल हुँदा मलाई विनोद श्रेष्ठले कुटपिट गरेको छ निजलाई पनि कुटपिट गर्नुपर्छ भनी भनेकोमा मैले कुटपिट गर्नु हुँदैन । प्रहरीमा निवेदन दिनुपर्छ भनी भनेको र बेलुका ७:०० बजे विनोद श्रेष्ठले मलाई मनोहर जनता उच्च माध्यमिक विद्यालयको ग्राउन्डमा बोलाई विनोद श्रेष्ठसमेतका केटाहरूले मलाई कुटपिट गर्न थालेपछि मेरो साथीहरू प्रतिवादी राजकुमार खवाससमेतले मृतकलाई घेरा हाली लाठी, फलामको रडले टाउको तथा शरीरको विभिन्न भागमा कुटपिट गरी सख्त घाइते भए पछि हामी त्यहाँबाट भागी गएका हौँ भनी बयान गरेको पाइन्छ । घटनास्थल मुचुल्काका व्यक्तिहरू सन्तबहादुर खड्का, गोपाल बुढाथोकी, विचारी साह, मेघराज गौतम र वस्तुस्थिति मुचुल्काका व्यक्ति गोपी श्रेष्ठसमेतका व्यक्तिहरूले यी प्रतिवादी निर्मल ढकालसमेत भई विनोद श्रेष्ठको टाउकोमा लाठीले प्रहार गरी कुटपिट गरेको भनी लेखाइदिएको पाइन्छ । प्रतिवादी निर्मल ढकालले सुरू अदालतमा उपस्थित भई बयान गर्दा आरोपित कसुरमा इन्कार गरी बयान गरे पनि प्रतिवादी राजकुमार खवासलाई विनोद श्रेष्ठले कुटपिट गरेको कारणले निजहरूबिच विवाद रहेको र मृतक विनोद श्रेष्ठले प्रतिवादी निर्मल ढकाललाई फोन गरी गाली गलौज गरी जहाँ भेटे त्यही मारिदिन्छु भन्ने कुरा गरी सुरू अदालतमा बयान गरेको पाइन्छ । जाहेरवाला नन्द कुमार श्रेष्ठले अदालतमा उपस्थित भई जाहेरी बेहोरालाई समर्थन हुने गरी यी प्रतिवादीसमेतले छोरा विनोद श्रेष्ठलाई टाउकोमा कुटपिट गरी सख्त घाइते बनाएको भन्नेसमेत बेहोराको बकपत्र गरिदिएको पाइन्छ । मृतकको टाउकोमा व्यान्डेज दुवै नाकबाट रगत बगिरहेको भन्नेसमेत लास प्रकृति मुचुल्का, Post mortom Report मा मृतकको मृत्युको कारण Raised intracranial tension due to intracranial bleeding भएको भन्नेसमेतको उपर्युक्त उल्लिखित श्रृङ्खलाबद्ध तथ्यहरूबाट मृतक विनोद श्रेष्ठको मृत्यु कुटपिटबाटै भएको देखिने ।

तसर्थ, प्रतिवादी राजकुमार खवासलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. को कसुरमा ऐ.१७(२) नं. बमोजिम ५(पाँच) वर्ष कैद हुने र प्रतिवादी गोपाल साहले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७१।१०।२८ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरबाट मिति २०७३।०२।१६ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको प्रतिवादीहरू राजकुमार खवास र प्रतिवादी गोपाल साहलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर र पुनरावेदक प्रतिवादी

राजकुमार खवासको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : निरज पोखरेल / कुमार खतिवडा
कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७९ साल भदौ २१ गते रोज ३ शुभम् ।

६०

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार चुडाल,** *०७५-CI-०५८७, बकसपत्र लिखत बदर, दर्ता बदर, दर्ता कायम, गिरीशप्रसाद पोखरेल वि. सुशीला ओझा (पोखरेल) समेत*

विवादित वादी दाबीको जग्गा र.नं.५७२३(क) बाट मिति २०६४।१।२३ को बकसपत्रको लिखतबाट जिल्ला झापा सुरुङ्गा-१ को कि.नं. १८२, ७०५ र ७०७ समेतका जग्गाहरू यी प्रतिवादी सुशीला ओझाले आमा गंगादेवीलाई पालन पोषण, स्याहारसुसार गरेबापत बकसपत्रबाट प्राप्त गरेको र सोपछि उल्लिखित कित्ता जग्गाहरू कित्ताकाट गरी क्रमशः अन्य प्रतिवादीहरूलाई २०६५ सालदेखि नै बिक्री वितरण गरी अन्य प्रतिवादीहरूले घर निर्माण गरी बसोबास गरिआएको देखिन्छ । यी वादी गिरिशप्रसाद पोखरेल २०६३ सालमा जागिरबाट अवकास भएको देखिन्छ भने बकसपत्रको लिखत २०६४ सालमा भएको र कित्ताकाट गर्दै यी विवादित कित्ता जग्गाहरू २०६५ सालदेखि मात्र यी प्रतिवादी सुशीला पोखरेल ओझाले अन्य केशवप्रसाद न्यौपानेसमेतका प्रतिवादीहरूलाई बिक्री वितरण गरी हक हस्तान्तरण गरेको देखिन्छ । यसरी यी विवादित कित्ता जग्गाहरू वादीकोसमेत अंश हक लाग्ने भई वादी अंशविहीन र घरवासविहीन रहेको भए प्रतिवादी सुशीला ओझाबाट बिक्री वितरण भई अन्य केशव न्यौपानेसमेतका प्रतिवादीहरूले घर निर्माण गरिरहेको अवस्थामा निर्माण रोक्का गराउन यी पुनरावेदक वादीले कहीँकतै उजुरी वा निवेदन दिई निर्माण रोक्का गर्ने पहल गरेको अवस्थासमेत नदेखिने ।

पुनरावेदक वादी एवं प्रत्यर्थी प्रतिवादीहरू २०१९ सालको दशैंदेखि पारिवारिक सल्लाहबमोजिम छुट्टीभिन्न भई बसेको मोरङ राजघाट, विराटनगर तथा खोटाङको सम्पत्ति यी पुनरावेदक वादी गिरिशप्रसाद पोखरेल र निजकी आमा इन्दिरा मञ्जरी पोखरेलको हुने तथा झापा सुरुङ्गाको घर जग्गा प्रतिवादी सुशीलाकी आमा गंगादेवी पोखरेलको हुने भन्ने सहमति भएको देखिन्छ । यसरी यी वादी एवं प्रतिवादीहरूले वि.सं. २०१९ सालमा भएको पारिवारिक सहमतिबमोजिमको अंशबन्डाको मौखिक सहमति भई सोहीबमोजिम नापीको समयमा ७ नं. फाँटवारीसमेत भरेको र आ-आफ्नो घर व्यवहार छुट्टाछुट्टै गरेको कुरा व्यवहार प्रमाणबाट देखिने ।

तसर्थ, दिने गंगादेवी पोखरेल लिने सुशीला ओझा पोखरेल भई रजिस्ट्रेसन पारित भएको र.नं. ५७२३(क) मिति २०६४।१।२३ को बकसपत्र लिखतको ३ भागको २ भाग लिखत बदर दर्ता बदर गरी त्यस्तो लिखत र दर्ताका आधारमा अन्य विपक्षीहरूलाई हक हस्तान्तरण गरेको लिखत तथा दर्तासमेत बदर गरी फिरादीको हकजति वादीका नाममा दर्ता कायम गरी चलनसमेत चलाइपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ठहर्‍याई सुरु झापा जिल्ला अदालतबाट मिति २०७३।०६।१० मा भएको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७५।०१।११ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : हरिप्रसाद भट्टराई
कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७९ साल चैत्र ३० गते रोज ५ शुभम् ।

- यसै लगाउका ०७५-CI-१३१९, जालसाजी, गिरीशप्रसाद पोखरेल वि.

सुशीला ओझा (पोखरेल) समेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६१

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CR-०७१४, ०७५-CR-०७१५, ०७५-CR-०७१६, ०७५-CR-०७१७, ज्यान मार्ने उद्योग, सत्यनारायण यादव वि. नेपाल सरकार, रामबाबु यादव वि. नेपाल सरकार, हरेराम यादव वि. नेपाल सरकार, विसम्बर यादव वि. नेपाल सरकार*

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. मा ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नको लागि अरू जुनसुकै कुराको उद्योग गरी मार्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेन छ भने त्यस्तो कार्य गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गई वचन दिने वा मद्दत गर्ने कार्य ज्यान मार्ने उद्योगको कसुर हुने भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा प्रतिवादी प्रमोद यादवले गाउँकै रन्जित पासवानलाई अपहरण गरेको विषयमा जाहेरी दर्ता गर्न जाहेरवाला सम्झादेवी यादवको श्रीमान् हरिचरण यादवले पहल गरेको रिसइवीको कारणबाट झगडा भई यी प्रतिवादीहरूले जाहेरवालाहरूलाई मनसायपूर्वक ज्यान मार्ने उद्देश्यले घातक हतियार फर्सा, खुकुरीसमेत प्रहार गरी पीडितहरूको टाउकोलगायतका संवेदनशील अंगमा लागेको घा चोटपटकको अवस्थासमेतबाट ज्यान मार्ने उद्योगसम्मको वारदात भएको देखिन्छ। वारदातस्थलमा प्रहरीहरू तथा गाउँका अन्य व्यक्तिहरूको तत्काल उपस्थिति भएकोले तिनीहरूको उपस्थितिको कारणले गर्दा थप क्षति हुन नपाएको अवस्था मिसिल संलग्न कागजातहरूबाट देखिन्छ । ज्यानसम्बन्धी अपराधहरूमा कर्तव्य ज्यान र यसको उद्योगको बिचमा अपराध स्थापित गर्ने तत्त्वहरूको रूपमा रहेको कार्य (Actus reus), मनसाय (Mens rea) र वैध प्रतिरक्षाको अभाव (Absence of valid defense) को दृष्टिकोणबाट हेर्दा कुनै भिन्नता रहेको हुँदैन। केवल परिणामको दृष्टिले अपराधले पूर्णता पाउन मात्र बाँकी रहेको अवस्थालाई उद्योगको रूपमा लिइने गरिन्छ। यस्तो अपूर्ण कार्यलाई छुट्टै अपराधको रूपमा परिभाषित गरी कानूनले दण्डनीय बनाएको अवस्थामा सो कार्य गर्ने व्यक्तिले कानूनमा उल्लिखित आपराधिक दायित्व बहन गर्नुपर्ने नै हुन्छ । वारदातस्थलमा यी प्रतिवादीहरू खुकुरी, फर्सा, लाठी, भालासहितका हतियार लिएर समूह बनाई प्रवेश गरेको अवस्थालाई हेर्दा निजहरूले मार्ने मनसायले नै पीडितहरूमाथि खुकुरी, फर्सा, लाठी, भाला प्रहार गरेको तर गाउँका मानिसहरू र प्रहरीहरू आएको कारण पीडितहरूको ज्यान बच्न गएको अवस्था मिसिल प्रमाणबाट देखिन आएको छ। प्रतिवादीहरूले वारदात भएको दिन आफू अन्यत्र रहेको भनी Alibi को दाबी लिएतर्फ विचार गर्दा, आफू त्यसरी अन्यत्र रहेको दाबी गर्नेले सो कुरा वस्तुनिष्ठ प्रमाण पेस गरी पुष्टि गर्न सक्नुपर्ने।

तसर्थ, पुनरावेदक प्रतिवादीहरू सत्यनारायण यादव, रामबाबु यादव, विसम्बर यादव र हरेराम यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. को ज्यान मार्ने उद्योगको कसुरमा ऐ. को १५ नं. बमोजिम जनही पाँच (५) वर्ष कैद सजाय हुने ठहराई सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०७१।०९।२३ मा भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७४।०५।०६ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने ठहर्छ । उक्त फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ दिलाइपाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : राजकुमार आचार्य / नीति उप्रेती

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०८० साल वैशाख ६ गते रोज ४ शुभम्।

६२

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ**, *०७९-WH-०१४१, बन्दीप्रत्यक्षीकरण, शोभाकान्त ढकाल वि. विशेष अदालत, बबरमहल, काठमाडौं*

निवेदक शोभाकान्त ढकालउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको भनी ऐजन दफा ८(४) बमोजिमको सजाय हुन मागदाबी लिई अख्तियार दुरूपयोग अनुसन्धान आयोगका तर्फबाट विशेष अदालत काठमाडौंमा ०७६-CR-०२७० नं. को मुद्दा दायर भएको देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका तर्फबाट निज निवेदकउपर सजाय हुन दाबी लिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को व्यवस्था हेर्दा "राष्ट्रसेवकबाहेक अरू कुनै व्यक्तिले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकार वा सार्वजनिक संस्थासमक्ष गरेको सपथ, कबुलियत, सम्झौता, ठेक्का, लाइसेन्स, परमिट, प्रतिज्ञापत्र वा डिलरसिपको सर्त पालना नगरेमा वा नेपाल सरकार वा त्यस्तो संस्थाले निर्धारित गरेको नियम वा कार्यविधि वा स्वीकार गरेको सर्त उल्लङ्घन हुने गरी प्रचलित कानूनद्वारा निषेधित तवरबाट व्यवसाय गरेमा वा सरकारी वा त्यस्तो संस्थाको सुविधा वा अधिकारको दुरूपयोग गरेमा निजलाई कसुरको मात्रा अनुसार दुई वर्षसम्म कैद वा बिगोबमोजिम जरिबाना गरी बिगोसमेत जफत गरिने छ" भन्ने रहेको देखिन्छ । यसरी, उक्त दफा ८(४) बमोजिमको कसुरमा अधिकतम २(दुई) वर्षसम्म कैद हुनसक्ने अवस्था देखिन्छ । विशेष अदालत, काठमाडौंको मिति २०७७।१०।२८ को आदेशानुसार निज निवेदक मुद्दा पुर्पक्षको लागि थुनामा रहेकोमा सो मितिबाट आजसम्म हिसाब गर्दा निज निवेदक दुई वर्ष अठार दिन थुनामा बसिसकेको देखिने ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७८ मा रहेको कानूनी व्यवस्था हेर्दा उक्त दफा ७८ मा "थुनामा राख्न सकिने अधिकतम अवधि" भन्ने शीर्षक रही "यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्तलाई निजउपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राखिने छैन" भनी उल्लेख भएको पाइन्छ । दफा ७८ को यो कानूनी व्यवस्थालाई आधार मान्दा कुनै पनि व्यक्तिलाई लगाइएको अभियोग प्रमाणित भएमा हुनसक्ने अधिकतम कैदको सजायभन्दा बढी अवधि थुनामा राख्न नसकिने देखिन्छ । निवेदक शोभाकान्त ढकालउपर लगाइएको अभियोग मागदाबीबमोजिमकै कसुर प्रमाणित हुँदा पनि निजलाई दुई वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने देखिँदैन । निज निवेदक आजसम्म थुनामा रहेको दिन हिसाब गर्दा, २ (दुई) वर्षभन्दा १८ (अठार) दिन बढी थुनामा बसिसकेको अवस्था देखिन आउँछ । मिति २०७७।१०।२८ को विशेष अदालतको थुनछेक आदेशउपर यी प्रतिवादीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम दिएको निवेदनउपर यसै अदालतको संयुक्त इजलासबाट दुई जना न्यायाधीशबिच रायबाझी भई पूर्ण इजलासमा पेस हुने प्रक्रियामा रहेको देखिन्छ र दफा ७३ बमोजिमको निजले दिएको उक्त निवेदन प्रतिवेदनउपर निर्णय हुन अझै बाँकी रहेको देखिन्छ । निवेदकले दिएको निवेदन प्रतिवेदनउपर सुनुवाइ हुन बाँकी रहे पनि प्रस्तुत मुद्दाको विषयवस्तु हेर्दा निज निवेदकलाई हुन सक्ने अधिकतम् कैद अवधि २(दुई) वर्षभन्दा बढी अवधि थुनामा राखेको हदसम्मको कैद कानूनसम्मत देखिएन । यस दृष्टिकोणबाट दुई वर्षभन्दा बढी अवधि थुनामा राखिएको कार्य गैरकानूनी देखिने ।

तसर्थ, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७८ मा निवेदकलाई लगाइएको

अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अवधिभन्दा बढी अवधिसम्म थुनामा राख्नु गैरकानूनी हुने हुँदा निज निवेदकउपर विशेष अदालत, काठमाडौंमा विचाराधीन ०७६-CR-०२७० नं. को भ्रष्टाचार मुद्दामा पछि ठहरेबमोजिम हुने गरी हाललाई निज अन्य मुद्दामा थुनामा बस्नु नपर्ने भएमा निज निवेदक शोभाकान्त ढकाललाई प्रस्तुत ०७६-CR-०२७० को मुद्दाको रोहबाट तत्काल थुनामुक्त गरी मुद्दाको पुर्पक्षको लागि तारेखमा राख्नु भनी विशेष अदालत, काठमाडौंको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : राजकुमार आचार्य / नीति उप्रेती

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल फागुन १७ गते रोज ४ शुभम्।

## इजलास नं. १०

६३

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-WO-०९५३, उत्प्रेषण, पुरूषोत्तम रेग्मीसमेत वि. त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खु, काठमाडौं*

निवेदकहरू राधाकृष्ण गजुरेल, पुरुषोत्तम रेग्मी, विनोद अधिकारी, नवराज खतिवडा र नगेन्द्रप्रसाद रिमाल National Institute of Open Schooling नयाँदिल्ली भारतमा उच्च माध्यमिक तह अध्ययन गरेका र निजहरू सन् २००९ मा उत्तीर्ण भएको कुरा निवेदकहरूले निवेदनसाथ पेस गरेको लब्धाङ्कपत्र तथा सन् २५।०६।२००९ (वि.सं.२०६६।०३।१२) मा निज निवेदकहरूका नाममा National Institute of Open Schooling ले जारी गरेको Provisional Certificate हरूको प्रतिलिपिहरूबाट देखिएको छ। तत्पश्चात् निवेदकहरू राधाकृष्ण गजुरेलसमेतका पाँचै जना महेन्द्ररत्न क्याम्पस ताहाचलमा शिक्षा सङ्कायअन्तर्गत स्नातक तह (बि.एड.) भर्ना भई २०६६ सालमा प्रथम वर्षको परीक्षा दिएको कुरा निवेदकहरूले प्राप्त गरेको त्रिभुवन विश्वविद्यालयबाट जारी भएको लब्धाङ्कपत्रबाट देखिन आउँछ। निवेदकहरू त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस महेन्द्ररत्न क्याम्पस ताहाचलमा भर्ना भएको कुरामा विपक्षी त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, बल्खुले समेत अन्यथा भन्नसकेको पाइँदैन। निवेदकहरू सुरुमा भर्ना हुँदाका बखत स्नातक तहमा भर्ना हुन अयोग्य रहेको भनी र परीक्षा फाराम भर्दासमेत निजहरूलाई परीक्षामा समेल हुन नपाउने भनी तत्काल भन्नसकेको पनि देखिँदैन। यसरी निवेदकहरू त्रिभुवन विश्वविद्यालयअन्तर्गतको महेन्द्ररत्न क्याम्पस ताहाचलमा शिक्षा सङ्कायअन्तर्गत स्नातक तहमा भर्ना भई निवेदकहरू पाँचै जनाले स्नातक तहका सबै प्रथम, द्वितीय र तृतीय वर्षको परीक्षा उत्तीर्ण गरेको बेहोरा निवेदनसाथ पेस भएको निजहरूको लब्धाङ्क पत्रबाट देखिने।

विपक्षी परीक्षा नियन्त्रण कार्यालयको लिखितजवाफमा त्रि.वि.को नियमानुसार प्रक्रिया पूरा नगरी निवेदकहरू क्याम्पसमा भर्ना भएको हुँदा निजहरूलाई ट्रान्सक्रिप्ट प्रदान नगरिएको भन्ने देखिएकोमा त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम २९२ मा - "विश्वविद्यालयअन्तर्गत सम्बन्धित विद्यापरिषद्ले तहगत तोकेको सम्पूर्ण पाठ्यांशहरूको यस नियमको व्यवस्थाअनुरूप आवश्यक प्रक्रिया पूरा गरी परीक्षा उत्तीर्ण गरेका परीक्षार्थीबाट निर्धारित शुल्कसहित आवेदन आएमा परीक्षा नियन्त्रण कार्यालयले ट्रान्सक्रिप्ट दिने छ" भनी व्यवस्था भएको पाइन्छ। निवेदकहरूलाई महेन्द्ररत्न क्याम्पस, ताहाचलले शिक्षा सङ्कायको स्नातक तहमा भर्ना

लिई विभिन्न वर्षमा भरेको परीक्षा फाराम स्वीकार गरी निवेदकहरूलाई परीक्षामा सहभागी हुन अनुमति दिई स्नातक तहको प्रथम, द्वितीय र तृतीय वर्षमा अध्ययन हुने विषयहरूमा निर्धारित परीक्षा निवेदकहरूले उत्तीर्ण गरेपश्चात् लब्धाङ्क पत्रसमेत उपलब्ध गराइसकेको अवस्थामा मार्कसिटको एकीकृत रूप ट्रान्सक्रिप्ट दिन र आवश्यक रजिस्ट्रेसन नम्बर दिनु विपक्षी त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयको दायित्व रहेकोमा सो अनुरूपको दायित्व त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयले पूरा गरेको नदेखिने।

विश्वविद्यालयले आफ्ना आङ्गिक क्याम्पस वा सम्बन्धनप्राप्त क्याम्पसहरूमा विद्यार्थी भर्ना लिई परीक्षामा सामेल गराई निजहरूले निर्धारित परीक्षा उत्तीर्ण गरेपश्चात् लब्धाङ्कपत्र उपलब्ध गराइसकेपछि लब्धाङ्कपत्रको एकीकृत रूप ट्रान्सक्रिप्ट प्रदान गर्न इन्कार गर्ने हो भने नागरिकको संविधान प्रदत्त शिक्षाको हकको उल्लङ्घन हुनुका साथै उपल्लो तहको शिक्षा हासिल गर्ने तथा त्यसमा आधारित भई रोजगारी प्राप्त गर्ने नैसर्गिक अधिकार एवम् वृत्तिविकासको अवसरबाट समेत बिमुख हुने अवस्था रहने हुँदा निश्चित तहको परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूलाई ट्रान्सक्रिप्ट प्रमाणपत्र दिन मिल्दैन भनी आफ्नो अनिवार्य दायित्वबाट विश्वविद्यालय पन्छिन वा उम्कन पाउने अवस्था नरहने।

निवेदकहरू राधाकृष्ण गजुरेल, पुरूषोत्तम रेग्मी, विनोद अधिकारी, नवराज खतिवडा र नगेन्द्रप्रसाद रिमालले National Institute of Open Schooling नयाँदिल्ली भारतबाट उच्च माध्यमिक तह उत्तीर्ण भएपश्चात् त्रिभुवन विश्वविद्यालयअन्तर्गतको महेन्द्ररत्न क्याम्पस ताहाचलमा शिक्षा सङ्कायअन्तर्गत स्नातक तहमा भर्ना भई स्नातक तह उत्तीर्ण गरेको देखिएको, निजहरू स्नातक तहमा भर्ना हुन अयोग्य रहेको भनी निजहरूको भर्ना प्रक्रियामा रोक नलगाइएको र सबै परीक्षा उत्तीर्ण गरिसकेछि हाल आएर निजहरू तत्कालीन अवस्थामा स्नातक तहमा भर्ना हुन अयोग्य रहेको भनी भन्न पाउने अवस्था नरहेकाले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ तथा त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० मा भएको व्यवस्थाबमोजिम त्रिभुवन विश्वविद्यालयले आफ्नो जिम्मेवारी निर्वाह गरेको नदेखिने।

तसर्थ, त्रिभुवन विश्वविद्यालयले निर्धारण गरेको शिक्षा सङ्कायअन्तर्गतको स्नातक तह (बि.एड.) को परीक्षा उत्तीर्ण गरेपश्चात् निजहरूलाई प्रदान गरेको लब्धाङ्कपत्रअनुरूप निवेदकहरू राधाकृष्ण गजुरेल, पुरूषोत्तम रेग्मी, विनोद अधिकारी, नवराज खतिवडा र नगेन्द्रप्रसाद रिमाललाई आवश्यक पर्ने रजिस्ट्रेसन नम्बर तथा निजहरूले शिक्षा सङ्कायअन्तर्गतको स्नातक तह (बि.एड.) को परीक्षामा प्राप्त लब्धाङ्कपत्रको एकीकृत रूप ट्रान्सक्रिप्टसमेत प्रदान गर्नु भनी विपक्षी त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७९ साल जेठ ३१ गते रोज ३ शुभम्।

६४

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७०-WO-०७४९, उत्प्रेषण, सोनालाल सहनी वि. जिल्ला प्रहरी कार्यालय, बारासमेत*

रिट निवेदक मिति २०६९/०६/१६ मा सरूवा भएको अस्थायी प्रहरी पोष्ट बसपार्क, बारामा हाजिर हुनका लागि रमानापत्र बुझी हिँडेको समयमा निज स्वास्थ्य नै रहेको भन्ने देखिन्छ । सोपश्चात् प्रहरी जवान निवेदक सोनालाल सहनी खटाइएको कार्यालयमा उपस्थित नभई गैरहाजिर रहेकोले निजलाई मजकुर कार्यालयबाटै खोजतलास गरी आवश्यक कारबाही गरिपाउँ भनी अस्थायी प्रहरी

पोष्ट बसपार्क, बाराका प्रहरी हवल्दार जितेन्द्रबहादुर सिंहको प्रतिवेदन देखिन्छ । जिल्ला प्रहरी कार्यालय, पर्साकै प्रहरी कर्मचारी खटाई निज निवेदक सोनालाल सहनीलाई खोजतलास गरी २४ घण्टाभित्र सम्बन्धित कार्यालयमा हाजिर हुन जाने जानकारी गराउने भनी जिल्ला प्रहरी कार्यालय, बाराबाट मिति २०६०/०६/२३ मा सञ्चार माध्यमद्वारा पत्राचार गरिएको देखियो । निज सोनालाल सहनीको स्थायी ठेगानामा खोज तलास गर्दा फेला नपरेकोले मिति २०६९/०७/१३ मा निजकै घरदैलामा अ.वं. ११० नं. बमोजिमको रीत पुर्‍याई सूचना टाँस गरिएपश्चात् पनि निवेदक कार्यालयमा हाजिर हुन नआएकोले सूचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ७(सात) दिनभित्र आफू गैरहाजिर रहनुको उचित कारणसहित सूचना जारी गर्ने कार्यालयमा हाजिर हुन जानुहोला अन्यथा कार्यालयमा गैरहाजिर रहेको कसुरमा प्रहरी नियमावली, २०४९ को नियम ८४(छ)/(झ) बमोजिम नोकरीबाट हटाउने / बर्खास्त गर्नेतर्फ कारबाही भई जाने भनी मिति २०६९/०८/३० मा राष्ट्रिय दैनिक गोरखापत्रमा सूचनासमेत प्रकाशित गरिएको देखिने ।

अतः निवेदक सोनालाल सहनीलाई भविष्यमा सरकारी नोकरीको लागि सामान्यतया अयोग्य नठहरिने गरी निज गैरहाजिर रहेको मिति २०६९/०६/१८ बाटै प्रहरी जवान पदबाट हटाइएको विपक्षी जिल्ला प्रहरी कार्यालय, बाराको मिति २०६९/०९/१६ को निर्णयलाई सदर गरी मध्यक्षेत्रीय प्रहरी कार्यालय, हेटौंडाको मिति २०७०/०९/१४ को निर्णय कानूनसम्मत देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : ऋतु राई

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल फागुन १८ गते रोज ५ शुभम् ।

**६५**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७३-CR-०९४५, ०७४-CR-०४१६, लागु औषध (खैरो हेरोइन), मदनकुमार बोहरा वि. नेपाल सरकार, नेपाल सरकार वि. सलमान अन्सारी*

प्रतिवादी मदनकुमार बोहराको साथमा रहेको सुटकेशभित्र फल्स बटम बनाई, फल्स बटमको माथिल्लो भागमा कालो प्लाष्टिकको पोकाभित्र सेतो प्लाष्टिकमा ससानो ३५ पोकामा अवैध लागु औषध खैरो हेरोइन र डिजिटल तराजुसमेत लुकाइराखेको अवस्थामा प्रहरीले फेला पारी तौल गर्दा ३५ ग्राम तौल भएको खैरो हेरोइन र डिजिटल तराजुसमेत बरामद गरी प्रतिवादी मदनकुमार बोहरालाई काठमाडौंको कलंकी स्थित खसीबजार चोकनजिक रहेको प्रतिक्षालयअगाडि सडकछेउबाट पक्राउ गरेको मिसिल संलग्न खानतलासी तथा बरामदी मुचुल्का र प्रहरी प्रतिवेदनबाट देखिएको छ । प्रतिवादी मदनकुमार बोहराको साथबाट बरामद भई आएको लागु औषधको नमुना परीक्षण गर्दा "लागु औषध हेरोइन" पाइएको भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटारबाट प्राप्त परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । उक्त लागु औषधको नमुना परीक्षण गरी प्रतिवेदन दिने विशेषज्ञहरू विरेन्द्रराज शाक्य र पुस्पेन्द्र सुवेदीले सुरू अदालतमा उपस्थित भई सो बेहोरा पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिने ।

पुनरावेदक प्रतिवादी मदनकुमार बोहरालाई के कस्तो सजाय हुन सक्छ भन्ने सम्बन्धमा हेर्दा, प्रचलित लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को खण्ड (घ), (ङ) र (च) मा "लागु औषधको बिक्री वितरण गर्न, लागु औषधको निकासी वा पैठारी गर्न र लागु औषध खरिद गर्न, सञ्चय गर्न, राख्न वा ओसारपसार गर्न नहुने" भन्ने कानूनी व्यवस्था रहेको

छ । उक्त निषेधित कार्य गर्ने व्यक्तिलाई सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम "पच्चिस ग्रामदेखि एक सय ग्रामसम्मको कारोबार गर्नेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचहत्तर हजार रूपियाँदेखि दुइ लाख रूपियाँसम्म जरिवाना हुने" कानूनी व्यवस्था रहेको पाइन्छ । अतः पुनरावेदक प्रतिवादी मदनकुमार बोहरालाई उल्लिखित कानूनी व्यवस्थाबमोजिम सजाय हुने ठहऱ्याएको सुरू फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिने ।

तसर्थः पुनरावेदक प्रतिवादी मदनकुमार बोहराले खरिद गरी ल्याएको अवैध लागु औषध खैरो हेरोइन सुटकेशभित्र फल्स बटम बनाई ३५ वटा प्लाष्टिकको पोकामा लुकाई राखी बिक्री गर्नको लागि ग्राहकको प्रतिक्षामा बसिरहेको अवस्थामा काठमाडौंको कलंकीस्थित खसीबजार नजिकबाट निज पक्राउ परेको, तौल गर्दा बरामदित लागु औषध ३५ ग्राम रहेको बरामदी मुचुल्का र प्रहरी प्रतिवेदनबाट देखिएको, अदालतमा बयान गर्दा निज मदनकुमार कसुरमा इन्कार रहे तापनि मौकामा बयान गर्दा निजले आरोपित कसुर स्वीकार गरेको, प्रहरी प्रतिवेदकहरू र बरामदी मुचुल्काका मानिसले अदालतमा गरिदिएको बकपत्रबाट कसुर पुष्टि भएको, बरामदित ३५ ग्राम लागु औषधको नमुना परीक्षण गर्दा खैरो हेरोइन पाइएको भन्ने परीक्षण प्रतिवेदन र अदालतमा उक्त प्रतिवेदन दिने विशेषज्ञले गरेको बकपत्रसमेतबाट आरोपित कसुर थप पुष्टि भइरहेको अवस्थामा प्रतिवादी मदनकुमार बोहरालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ), (ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम १० (दश) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपियाँ) जरिवानाको सजाय हुने ठहऱ्याई अर्का प्रतिवादी सलमान अन्सारीको साथबाट कुनै लागु औषध बरामद हुन नसकेको, प्रतिवादी मदनकुमार बोहराको पोल बयानको आधारमा मात्र लागु औषधजस्तो गम्भीर कसुरमा निजलाई कसुरदार ठहर गर्न न्यायोचित हुने नदेखिएकाले निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।०७।१६ को फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७३।०५।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादी मदनकुमार बोहरा र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत
कम्प्युटर : देबिमाया खतिवडा (देबिना)
इति संवत् २०७९ साल भाद्र ६ गते रोज २ शुभम् ।

६६

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CI-००३०, जग्गा निखनाइपाऊँ, शिवकुमार यादव वि. दयावती यादव*

वादीले विवादित जग्गा आफूलाई सन्धिसर्पन पर्ने भन्ने कारण देखाई निखनाइपाउन मालपोत कार्यालयमा फिराद गरेको देखिएकोमा प्रतिवादीले प्रतिउत्तर फिराउँदा वादीको सन्धिसर्पन नपर्ने भन्ने कारणसहित निखनाइदिनु नपर्ने भन्ने जिकिर लिएको देखिन्छ । यसरी कारणसहित निखनाइदिनु नपर्ने बेहोराको प्रतिउत्तर परेपछि विवादित जग्गा वादीलाई सन्धिसर्पन पर्ने किसिमको छ वा छैन भन्ने सम्बन्धमा प्रमाण बुझेर मात्र निष्कर्षमा पुग्नुपर्ने अवस्था सिर्जना भएको पाइन्छ । यस्तो अवस्था सिर्जना भएपछि मुलुकी ऐन, रजिस्ट्रेसनको महलको ३५(२) मा भएको व्यवस्था अनुसार मालपोत कार्यालयले नालिस गर्न जानु भनी सुनाइदिनुपर्नेमा सोबमोजिम नगरी आफैँले

निर्णय गरी वादीले निखनाइपाउने ठहराई गरेको फैसलामा स्पष्टत: रजिस्ट्रेसनको महलको ३५(२) बमोजिमको अधिकारक्षेत्रात्मक त्रुटि रहेको देखिन आयो। उक्त निर्णयउपर पुनरावेदन परेकोमा पुनरावेदन अदालतबाट पनि रजिस्ट्रेसनको महलको ३५(२) नं बमोजिम नालिस गर्न जानु भनी सुनाइदिने प्रयोजनका लागि मिसिल मालपोत कार्यालयमा पठाइदिनुपर्नेमा सोबमोजिम सुनाइदिनेतर्फ केही नबोली मालपोत कार्यालयको निर्णय बदरसम्म मात्र गरेको देखिँदा सो हदसम्म पुनरावेदन अदालतको फैसला पनि मिलेको देखिन नआउने।

प्रत्यर्थी प्रतिवादीको प्रतिउत्तर लेखसमेतबाट विवादित जग्गाको सन्धिसर्पन पर्ने हकवाला यी पुनरावेदक वादी हुन् वा होइनन् ? भन्ने सम्बन्धमा सम्बद्ध प्रमाण बुझी इन्साफ गर्नुपर्ने प्रकृतिको देखिएकोमा मालपोत कार्यालय स्वयंले क्षेत्राधिकार ग्रहण गरी विवादित जग्गा वादीले निखनाइपाउने गरी मिति २०६८।९।२८ मा गरेको निर्णय कानूनसङ्गत रहेको नदेखिएकोले सो निर्णय बदर गरेको हदसम्म पुनरावेदन अदालतको मिति २०७०।५।२४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। तर सो सम्बन्धमा आवश्यक प्रमाण बुझी इन्साफ गर्ने प्रयोजनका लागि नालिस गर्न जानु भनी सुनाइदिने प्रयोजनका लागि मिसिल मालपोत कार्यालयमा पठाइदिनुपर्नेमा सोबमोजिम नगरेको हदसम्म पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँदा सो हदसम्म बदर हुने ठहर्छ। अब, यो मुद्दाका वादी विवादित जग्गाको सन्धिसर्पन पर्ने हकवाला हुन् वा होइनन् भन्ने सम्बन्धमा इन्साफका लागि ३५ दिनभित्र नालिस गर्न जानु भनी दुवै पक्षलाई सुनाइदिनु भनी मिसिल मालपोत कार्यालय सिराहामा पठाइदिनेसमेत ठहर्ने।

इजलास अधिकृत : गम्भीर घिमिरे / ऋतु राई

इति संवत् २०७९ साल फागुन १४ गते रोज १ शुभम्।

## ६७

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७२-CI-११३०, उत्प्रेषणमिश्रित परमादेश, सीता पोखरेल अधिकारी वि. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजनासमेत*

तत्काल प्रचलित न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) मा "पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने छ" भन्दै उक्त उपदफाको खण्ड (क) मा "पुनरावेदन अदालतले सुरू कारबाही र किनारा गरेको मुद्दा" भनी स्पष्ट गरेबाट पुनरावेदन अदालतले सुरू कारबाही र किनारा गरेको मुद्दामा भएको फैसला वा आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने नै देखिन्छ। विपक्षीहरूले हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ९ मा रहेको सर्वोच्च अदालतको पुनरावेदन सुन्ने अधिकार शीर्षकअन्तर्गत उपदफा (१) मा, "सर्वोच्च अदालतलाई देहायका मुद्दामा पुनरावेदन सुन्ने अधिकार हुने छ" भन्दै खण्ड (क) मा "दफा ८ को उपदफा (२) बमोजिम उच्च अदालतले सुरू कारबाही र किनारा गरेको मुद्दा" भनी उल्लेख भएको सन्दर्भमा यो प्रश्न उठाएको देखिन्छ। तर हाल प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(क) ले दफा ८(२) बमोजिमको विषय भनी उल्लेख गरेको र उक्त दफा ८(२) मा रिट निवेदनबाहेकका अन्य विषयमा भएका फैसला र आदेशलाई मात्र समेटेको देखिन्छ भने तत्काल प्रचलित न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)क) मा पुनरावेदन अदालतले सुरू कारबाही र किनारा गरेको जुनसुकै मुद्दामा भएका फैसला वा अन्तिम आदेशउपर पुनरावेदन लाग्न सक्ने गरी व्यवस्था भएको देखिन्छ। प्रचलित न्याय प्रशासन ऐन, २०७३ मिति २०७३।६।३ गतेदेखि लागु भएकोले सोभन्दा अघि दायर हुनआएको मुद्दामा यो ऐनको उक्त

व्यवस्था प्रयुक्त हुने नदेखिने।

मिसिल संलग्न नापी कार्यालय कास्कीको च.नं. ३७५ मिति २०७४।१२।२६ को पत्रसाथ रहेको नापी कार्यालय कास्कीको प्लट रजिस्ट्रारको प्रतिलिपि हेर्दा, यी पुनरावेदक नाम दर्ताको कि.नं. ७५३ को ज.रो. ४-१४-३-० जग्गा कित्ताकाट भई कि.नं. ७९१३, ७९१४ र ७९१५ कायम भएकोमा कि.नं. ७९१३ को ज.रो. ०-१४-१-२ जग्गा र कि.नं. ७५४ को ज.रो. ५-८-१-२ जग्गा कित्ताकाट भई कि.नं. ७७०१ र ७७०२ कायम भएकोमा कि.नं. ७७०१ को ज.रो. ०-४-१-२ जग्गा पोखरा नागरिक उड्डयन कार्यालयको नाममा गएको भन्ने रहेकोले कि.नं. ७५३ र ७५४ गरी दुवै कित्ताका केही जग्गा अधिग्रहणमा परेको भन्ने देखिन्छ । माथि प्रकरण १६ मा उल्लेख गरिएबमोजिम सर्वे नक्साको कि.नं. ७५१ को जग्गामध्ये उपत्यका नापीको कि.नं. ११ मा पर्ने १०-२-२-२ जग्गा अधिग्रहण गरिएको र सोको मुआब्जा बुझेको भन्ने लिखित जबाफ रहेकोमा कि.नं. ७५३ र कि.नं. ७५४ का जग्गासमेत अधिग्रहण हुन गएको अवस्था हुँदा उपत्यका नापीको कि.नं. ११ ले कुन कुन कित्ता नम्बरका जग्गालाई छुने हो ? कि.नं. ७५१, ७५३ र ७५४ का कित्ताहरू छुट्टाछुट्टै कित्ता हुन् वा कि.नं. ७५१ कित्ताकाट भई ७५३ र ७५४ कायम हुन आएको हो ? कि.नं. ७५३ र ७५४ का केही जग्गाहरू उपत्यका नापीको कि.नं. ११ मा पर्ने हो वा होइन र अधिग्रहणमा परेको हो, होइन ? भन्नेसमेतका विविध विषयको विवेचना र विश्लेषण गरी यकिन गरेर मात्र निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको थियो, थिएन ? भनी निष्कर्षमा पुग्नुपर्ने अवस्था मुद्दाको समग्र तथ्यको अध्ययनबाट स्पष्ट हुन आउँछ। तर पुनरावेदन अदालत पोखराको आदेशमा यी विषयहरूमा प्रवेश गरी सम्बोधन भएको नदेखिने।

उपत्यका नापीले तयार गरेको कि.नं. ११ को जग्गा सर्वे नापीको कुन कुन कित्तामा पर्ने हो ? कि.नं. ७५३ र ७५४ साबिक कुन कित्ताबाट कायम हुन आएको हो ? कि.नं. ७५१ बाट कुन कुन कित्ता कायम भएको छ ? कि. नं. ७५३ र ७५४ का केही क्षेत्रफल जग्गा कि.नं. ११ मा परे, नपरेको वा अधिग्रहणमा परेको छ, छैन ? आदि विषयमा यकिन नगरी रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट भएको मिति २०७२।८।१६ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब माथि उल्लिखित विषयमा आवश्यक परे सर्वे नापी र उपत्यका नापीको नक्सा ओभरल्याप गरी हेरी र स्थलगत नाप नक्सासमेत गरी वा जे जो बुझ्नुपर्छ बुझी पुनः इन्साफ गर्नु भनी मिसिल उच्च अदालत पोखरामा पठाई ठहर्ने।

इजलास अधिकृत : गम्भीर घिमिरे / ऋतु राई

इति संवत् २०७९ साल फागुन १४ गते रोज १ शुभम्।

६८

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७१-CR-१४५४, वैदेशिक रोजगार कसुर, कृष्ण गिरी वि. नेपाल सरकार*

पुनरावेदक कृष्ण गिरीले वैदेशिक रोजगार न्यायाधिकरणमा गरेको बयानमा जाहेरवालाहरूमध्येका रामऔतार लामाबाट रू.३,००,०००।-, लेखबहादुर तामाङबाट रू. १,६०,०००।– र अन्य व्यक्तिसँगसमेत वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी रकम लिएकोमा सो रकम निजहरूलाई दिइसकेको, रकम बुझाएको भरपाई मसँग छ भनी उल्लेख गरेको पाइन्छ । जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी प्रलोभन र आश्वासन दिई रकम उठाएको भनी पीडित व्यक्तिहरूबाट उजुरी निवेदन परेको र प्रतिवादीहरूले पनि रकम उठाएको भए पनि कतिपयलाई रकम फिर्ता गरेको र कतिपयलाई रकम दिन बाँकी रहेको छ भनी स्वीकार गरेकोले यी पुनरावेदक प्रतिवादी

कृष्ण गिरीसमेतले पीडित रामऔतार लामासमेतका व्यक्तिबाट वैदेशिक रोजगारमा पठाइदिन्छु भनी रकम उठाई लिई वैदेशिक रोजगारमा पठाएको देखिन नआएकोले निजले वैदेशिक रोजगार कसुर गरेको नै देखिन आयो। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ मा "कुनै इजाजत पत्रवालाले कसैलाई वैदेशिक रोजगारमा लगाइदिने छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई कुनै रकम लिई विदेश नपठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम भराई त्यस्तो इजाजत पत्रवालालाई तीन लाख रूपियाँदेखि पाँच लाख रूपियाँसम्म जरिबाना र तीन वर्षदेखि सात वर्षसम्म कैद र त्यस्तो इजाजत पत्रवालाको इजाजत पत्रसमेत रद्द हुने छ" भन्ने कानूनी व्यवस्था रहेको।

अतः पुनरावेदक प्रतिवादी कृष्ण गिरीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी विभिन्न दरमा रकम लिई उक्त अव्बा इन्टरनेसनल म्यानपावर सर्भिस प्रा.लि. को रसिद र लेटर प्याड प्रयोग गरी रकम बुझी लिई वैदेशिक रोजगारमा नपठाई आरोपित कसुर गरेको देखिएकोले निज कृष्ण गिरीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिम तीन वर्ष कैद र जाहेरवाला रामऔतार लामाको बिगो रू.३,००,०००।- (तीन लाख) र सोको ५० प्रतिशतले हुने क्षतिपूर्ति रू.१,५०,०००।- समेत गरी जम्मा रू.४,५०,०००।- तथा जाहेरवाला लेखबहादुर तामाङको बिगो रू.१,६०,०००।- र सोको क्षतिपूर्ति रू रू.८०,०००।- समेत गरी जम्मा रू.२,४०,०००।- भराइपाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७०।११।२५ को फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : लोकनाथ पराजुली/सुमेधा खनाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल जेठ ११ गते रोज ४ शुभम्।

## ६९

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CR-१९१०, वैदेशिक रोजगार कसुर, यामबहादुर गुरूङ वि. नेपाल सरकार*

पुनरावेदक / प्रतिवादी यामबहादुर गुरूङले जाहेरवालाहरूले सुपर स्टार ओभरसिज प्रा.लि.मा रकम बुझाएको र निजहरूले उक्त रकम वैदेशिक रोजगारीमा जान भनी बुझाएकोमा निजहरूलाई सुपर स्टार ओभरसिजले वैदेशिक रोजगारीमा नपठाई ठगी गरेको भन्ने कुरा निजले नै यस अदालतमा पेस गरेको पुनरावेदन पत्रमा समेत स्वीकार गरेको देखिन्छ । जाहेरवालामध्ये आङटेण्डी शेर्पाले मैले पटकपटक गरी छ लाख रूपियाँ यामबहादुरमार्फत दिएको हो भनी अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । जाहेरवाला राम लामा, सोनाम शेर्पा तथा छिरिङ शेर्पासमेतका जाहेरवालाहरूले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा आफूहरूलाई अमेरिकाको क्यालिफोर्निया स्थित गेल ग्रुप कम्पनीमा काम लगाइदिने भनी यी पुनरावेदक / प्रतिवादीसमेतले रकम उठाइलिएको भनी बकपत्र गरिदिएको अवस्था विद्यमान देखिने।

तसर्थ, यामबहादुर गुरूङको हकमा जाहेरवाला आङटेण्डी शेर्पा, राम लामा, सोनाम शेर्पा तथा गोम्बु छिरिङ शेर्पाबाट लिएको रकममा सोको ५० प्रतिशतले हुने हर्जानासमेत थप गरी भराई रू.५० हजार जरिवाना हुने र धरौटी जफतसमेत हुने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।७।८ मा भएको फैसला मिलेकै हुँदा सदर हुने र फैसलाको तपसिल खण्डमा प्रतिवादीमध्येका यामबहादुर गुरूङको हकमा धरौट जफत गर्ने गरेकोसम्म सुरू काठमाडौं जिल्ला अदालतको फैसला नमिलेकोले सो हदसम्म केही उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१/१२/२९ को फैसला

मिलेकै देखिँदा सदर हुने। फैसला बदर गरी सफाइ पाउँ भन्ने यी पुनरावेदक / प्रतिवादी यामबहादुर गुरूङको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : लोकनाथ पराजुली / निराजन पाण्डे

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ जेठ ११ गते रोज ४ शुभम्।

## ७०

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CR-००२२, सरकारी छाप दस्तखत किर्ते, आशिष कार्की वि. नेपाल सरकार*

वादी नेपाल सरकारले मूलत: मुलुकी ऐन, किर्ते कागजको १ नं. को कसुर प्रतिवादीउपर आरोपित गरेको पाइन्छ। सो कानूनमा "हस्ताक्षर वा औँलाको ल्याप्चे सही निशाना र छाप इत्यादि झुट्ठा बनाई गरी वा ऐनबमोजिम रीतपूर्वकको सहीछाप भइरहेको अर्कै विषयको सच्चा लिखतमा लेखिएको बेहोरा कुनै तरकिवसँग उडाई अर्कै मतलब निस्कने बेहोरा पारी मिलाई लेख्ने र एउटा कामलाई भनी सहीछाप गरेको लिफा कागज वा छाप लिए दिएकोमा सो काममा नलगाई अर्कै बेहोराको लिखतमा लगाई वा अर्कै बेहोराको लिखत लेख्ने इत्यादि काम गरेकोबाट अर्काको जिउ धन वा हक जाने नोक्सान हुने वा सो केही नभए पनि झुट्ठा काम गर्ने मानिस आफैलाई वा अरू कसैलाई फाइदा प्रमाण हुने गरी काम गरेको रहेछ भने त्यस्ता झुट्ठा कागजबाट काम गरी भइसकेको होस् वा नहोस् किर्ते गरेको ठहर्छ।... " भन्ने उल्लेख रहेको छ। किर्ते गरी बनाइएको सवारी चालक अनुमतिपत्र कसले कसरी कहिले किर्ते गरी बनाएको हो नखुलेको तर यी प्रतिवादीले उक्त लाइसेन्स फेला पारेपछि निजले कसको हो भनी सोधपुछ गरेपछि पक्राउ परेको प्रमाणित भएकोमा यी प्रतिवादीको उक्त कार्य भने उल्लिखित १ नम्बरबमोजिमको किर्ते कसुरअन्तर्गत पर्ने देखिँदैन। साथै प्रतिवादीको उक्त कार्यबाट निज प्रतिवादीलाई वा अरू कसैलाई फाइदा पुऱ्याएको वा पुगेको थियो भन्ने दाबीसमेत वादीको अभियोगपत्रमा रहेको पाइँदैन। पुनरावेदक प्रतिवादीबाट उक्त सवारी चालक अनुमति-पत्र मिति २०६६।१२।२९ मा बरामद भएको छ। सो अनुमित-पत्रमा जारी मिति २०६३।०२।१७ र समाप्त हुने मिति २०६८।०२।१६ उल्लेख भएको देखिन्छ। लगभग ४ वर्षअगाडिको मिति राखिएकोले १ वर्षपछि नै अवधि समाप्त हुने गरी नक्कली सवारी चालक अनुमति-पत्र बनाएको होला भनी कल्पना गर्न सकिने अवस्था छैन भने अर्कोतर्फ अगाडि नै बनाई आफूले प्रयोग गरी आएको भन्ने अभियोग दाबी पनि रहेको छैन। यसबाट समेत प्रतिवादी आशिष कार्कीलाई मुलुकी ऐन, किर्ते कागजको महलको १ नं. को कसुरमा ऐ. को ११ नं. को सजाय ऐ. को १७ नं. को आधारमा गरी ऐ. को १२ नं. बमोजिम थप सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी शंकारहित वस्तुनिष्ठ रूपमा पुष्टि भएको नदेखिने।

सुरू झापा जिल्ला अदालतले यी प्रतिवादी आशिष कार्कीलाई मुलुकी ऐन, किर्ते कागजको महलको १ नं. को कसुरमा ऐ. को ११ नं. को सजाय ऐ. को १७ नं. को आधारमा गरी ऐ. को १२ नं. बमोजिम थप सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी पुष्टि हुन नसकेको भनी निजलाई सफाइ दिएको सुरू फैसलालाई पुनरावेदन अदालत इलामले उल्टी गरी निज प्रतिवादीलाई मुलुकी ऐन, किर्ते कागजको महलको १ नं. को कसुरमा ऐ. को ९ नं. बमोजिम रू. ५०।– जरिवाना र ऐ. महलको १२ नं. बमोजिम थप १(एक) वर्ष कैद सजायसमेत हुने ठहऱ्याएको मिति २०७०।०२।२८ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी आशिष कार्कीले अभियोग मागदाबीबमोजिमको कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत : बिमल रेग्मी

इति संवत् २०७९ जेष्ठ ११ गते रोज ४ शुभम्।